# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

पिता मोहनलाल र माता मनोरमा अधिकारीका साहिँलो छोराको रूपमा २०१३ साल असार १३ गते मेची अञ्चल पाँचथर जिल्लाको मौवा गा.वि.स.मा जन्मिएका खोलाघरे साहिँलोको वास्तविक नाम गंगाप्रसाद अधिकारी हो । विद्यार्थी जीवनदेखि नै फुटकर रूपमा कविता लेख्न थालेका खोलाघरेको पहिलो कविता वि.सं. २०३० मा भारतको हरिद्वारबाट प्रकाशित नेपाली छात्र सङ्घको वार्षिक मुखपत्रमा प्रकाशित 'गरिबको विलाप' हो । उनका **आज एउटा जुलुस निस्कदैछ** कविता सङ्ग्रह (२०५७), **जिजीविषा रिक्तरिक्त** गजल सङ्ग्रह (२०६२), **स्थापित विस्थापित** कथा सङ्ग्रह (२०६३), **पाँचथरका नारी हस्ताक्षर- १** सम्पादन (२०६४), **मनचरीको मनपरी** गजल सङ्ग्रह (२०६५), **एक्लिएको साँझ** गजल सङ्ग्रह (२०६५), **सानो छन्दवाटिका** छन्द परिचय र कविता (२०६७), **ऐजेरु र आगो** कथा सङ्ग्रह (२०६७), फुटकर लेख, समालोचना, कविता, लघुकथा र गजलहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएका छन् ।

## १.२ समस्या कथन

नेपाली साहित्यका गजल, कविता, कथा आदि विधामा कलम चलाउन सफल खोलाघरेका विभिन्न साहित्यिक कृतिहरूको अध्ययन, विश्लेषण भएता पनि कविता कृतिहरू अध्ययन हुन सकेको छैन । अतः प्रस्तुत शोधकार्यमा खोलाघरे साहिँलोका कविता कृतिहरूको अध्ययन गरिएको छ । यिनै मूलभूत समस्यासँग सम्बद्ध निम्नानुसारका समस्याहरू बुँदागत रूपमा यस प्रकार रहेका छन् :

क. खोलाघरे साहिँलोको जीवनी व्यक्तित्व के कस्तो रहेको छ ?

ख. खोलाघरे साहिँलोका कविता कृतिहरू के कस्ता रहेका छन् ?

ग. खोलाघरे साहिँलोका कवितात्मक मूल प्रवृत्तिहरू के कस्ता रहेका छन् ?

## १.३ शोधकार्यको उद्देश्य

उपर्युक्त समस्याहरूमा केन्द्रित रही कवि खोलाघरे साहिँलोको कविता कृतिहरू अध्ययन गर्नु प्रस्तुत शोध कार्यको उद्देश्य रहेको छ । अतः समस्या कथनमा आएका प्रश्नसँग सम्बन्धित यस शोधकार्यका उद्देश्यहरूलाई निम्न लिखित बुँदामा समेटिएको छ :

क. खोलाघरे साहिँलोको व्यक्तित्व र कृतित्वको खोजी गर्नु,

ख. खोलाघरे साहिँलोका कविता कृतिहरूको अध्ययन गर्नु,

ग. खोलाघरे साहिँलोका कवितात्मक मूल प्रवृत्तिहरू पहिचान गर्नु ।

## १.४ पूर्वकार्यको समिक्षा

खोलाघरे साहिँलो नेपाली साहित्यका कथा, कविता, गजल विधाका सक्रिय सर्जक हुन् । २०५७ सालदेखि यता खोलाघरेका विभिन्न विधाका कृतिहरू प्रकाशित भएका छन् । यसरी हेर्दा उनलाई समसामयिक नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउन सफल सर्जक हुन् भन्न सकिन्छ । अतः उनका बारेमा विभिन्न पुस्तक, पत्र पत्रिका तथा शोधपत्रमा जे जति कार्य भएका छन् तिनलाई कालक्रमिक रूपमा तल प्रस्तुत गरिएको छ ।

रमेश शुभेच्छुकले 'गंगाप्रसादको उपहार खोज्दा' (**सामना साप्ताहिक**, असार ५,२०५८) शीर्षकको समिक्षात्मक लेखमा गद्य, पद्य र गीति तीन वटै लयमा कविता लेख्ने कवि पद्यमा बढि सफल रहेको टीप्पणी गरेका छन् ।

भवानी क्षेत्रीले **पाँचथरका नारी हस्ताक्षर - १** (२०६४) रचना सङ्ग्रहको 'मेरो शुभकामना पाँचथरे चेलीहरूलाई' भन्ने लेखमा पाँचथरका नारी साहित्यकारहरूका रचनाहरूलाई चर्चामा ल्याउन खोज्ने खोलाघरेजस्ता मान्छेहरू गार्गीकै पालादेखि सक्रिय हुन्थे भने आज ती नारीहरूको कथा पनि सबैलाई कण्ठ हुने थियो होला । यी नारीहरूको कथा पनि सँगै ल्याएको भए सबै नारीहरू अवला, रुञ्चे र परजीवी भनिदैन थिए होला भनेका छन् ।

यशोधा अधिकारीले 'कथाकार खोलाघरे साहिँलो' (**हिमालय टाइम्स पत्रिका**, वैशाख ६, २०६४) शीर्षकको लेखमा सामाजिक, यथार्थवादी, मनोवैज्ञानिक कथाकारका रूपमा खोलाघरेलाई चिनाएकी छिन् ।

वाणी प्रकाशन अध्यक्ष कृष्ण भूषण बलले **सानो छन्द वाटिका** (२०६७) कविता सङ्ग्रहको प्रकाशकीय लेखमा छन्दलाई सहि बाटोमा हिडाउन खोलाघरेले राम्रा राम्रा कविताहरू लेखेका छन् । उनका छन्दका कविता असाध्यै राम्रा, मिलेका, चिटिक्क परेका र बेहुलीझैं सिंगारिएका छन् भनी उल्लेख गरेका छन् ।

वसन्त बस्नेतले 'ऐजेरु र आगो सेरोफेरोमा' (**नागरिक दैनिक**, वैशाख ३, २०६८) भन्ने लेखमा कथा केही अपत्यारिलो झैं लाग्छ, जीवन वास्तवमा यस्तै पत्यारिला र अपत्यारिला घटनाको 'मोजाइक' हो । कथाले त्यसलाई बोक्नु पर्छ, स्वैरकल्पना कथा होइन, तर कथा समाचार पनि होइन, एउटा कुशल कथाकारले कल्पना र तथ्यको बीचमा केही खोज्छ भनेका छन् ।

नरेन्द्र पराशरले 'खोलाघरेका कथामा परिवेश' (**नयाँ पत्रिका** वैशाख १७, २०६८) शीर्षकको लेखमा साहिँलोले पूर्वी नेपालको परिवेशमा तयार पारेका कथाहरूले गाउँघरमा देखिने लोग्ने स्वास्नीका झगडा ग्रामीण जीवनको मनोवृत्ति, सामाजिक, राजनीतिक चेतनाको अवस्थालाई सम्बोधन गरेका छन् । यी कथाहरूभित्र पाइने प्रकृति प्रतिको सम्मान र रसमोह, पशुहरूप्रति दया र करुणा, वर्तमान र विगतका राजनीतिक परिवेश प्रतिको व्यङ्ग्यले पाठकलाई विशेष सन्देश सहित रमाइलो गराइरहन्छन् भनेका छन् ।

दुर्गा निरौलाले **ऐजेरु र आगो कथासङ्ग्रहको कृतिपरक अध्ययन** (२०६८) शीर्षकको शोधपत्रमा खोलाघरे साहिँलो मूलतः यथार्थवादी कथाकार हुन् । उनले नेपालको सामाजिक तथा राजनीतिक यथार्थलाई जस्ताको त्यस्तै कथामा उतारेका छन् । त्यसैले उनका कथाहरू वास्तविक जीवन झैं लाग्छ । नेपालमा व्याप्त गरिबी, अशिक्षा ग्रामीण जनताले भोग्नु परेको युद्धको त्रास जस्ता कुराहरूको उनका कथाको ज्वलन्त विषय हुन् । सामाजिक परम्पराको नाममा चलेको जातीय तिलक प्रथा र भेदभावले ल्याएको असमानतालाई मिलेर हटाउनु पर्ने सन्देश उनका कथामा पाइन्छ । प्रायः कथामा तत्कालीन देशकाल र समाजको वस्तुस्थिति पनि प्रतिबिम्बित गरेको भेटिन्छ भन्नेकुरा उल्लेख गरेका छन् ।

खोलाघरे साहिँलोको कविताकारिताको सम्बन्धमा वैज्ञानिक तथा तथ्यपूर्ण खोज अनुसन्धान नभएता पनि उनका कृतिका बारेमा विभिन्न पत्र पत्रिकाहरूमा भएका टिप्पणीका आधारमा उनका कृतिले राष्ट्रियता, संस्कृति, प्रकृतिका विभिन्न विषयवस्तुहरूको चित्रण गरेको कुरा प्राप्त हुन्छ ।

## १.५ अध्ययनको औचित्य

खोलाघरे साहिँलोको कविता कृतिहरूको अध्ययन शीर्षकमा हालसम्म कुनै पनि अध्ययन भएको छैन । उनका कविता कृतिहरूको अध्ययन हुन नसकेको परिप्रेक्ष्यमा खोलाघरे साहिँलोका कविता कृतिहरूको शोधमूलक ढङ्गले अध्ययन विश्लेषण गरी उनको साहित्यिक व्यक्तित्वको उजागर गरिएको हुँदा यो स्वतः औचित्यपूर्ण रहेको छ । प्रस्तुत शोध खोलाघरेको कविता कृतिहरूको

जानकारी लिन चाहाने पाठकहरूका निम्ति लाभदायक हुनका साथै भावि शोधकर्ताहरूका लागि समेत मार्गदर्शन हुनसक्ने देखिएको हुँदा यो शोधकार्य औचित्यपूर्ण रहको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्र साहित्यकार खोलाघरे साहिँलोको कविता कृतिहरूको अध्ययनमा सीमित रहेको छ । यस शोधकार्यमा उनका प्रकाशित कविता कृतिहरूको मात्र अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ । यो नै यस अध्ययन कार्यको सीमा रहेको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्न निम्न लिखित शोधविधि तथा सामग्री सङ्कलन विधिको प्रयोग गरिएको छ :

### १.७.१ सामग्री सङ्कलन विधि

खोलाघरे साहिँलोको कविता कृतिहरूको अध्ययनको क्रममा शोधनायक, शोधनायकसँग परिचित व्यक्ति, उनका परिवार तथा नातेदारसँग सम्पर्क गरी अन्तर्वार्ता विधिद्वारा सामग्री सङ्कलन गरिएको छ । साथै कृतिको अध्ययनका क्रममा पुस्तकालयीय पद्धति अपनाई सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत शोधपत्र तयार गर्दा आवश्यक सामग्री प्राथमिक तथा द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ । प्राथमिक सामग्रीका रूपमा उनका बारेमा भएका खोज अनुसन्धानलाई लिइएको छ । साथै सम्बद्ध क्षेत्रका लेखक, साहित्यकार तथा उनका बारेमा जानकार व्यक्तिहरूसँग पनि परामर्श लिई प्राप्त भएका सूचनाहरूको उपयोग गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषणको आधार

प्रस्तुत शोधकार्यका लागि कृतिपरक समालोचनालाई सैद्धान्तिक आधार मानी खोलाघरे साहिँलोका कविता कृतिको अध्ययन विश्लेषण गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तावित शोधपत्रलाई सुव्यवस्थित रूपले प्रस्तुत गर्नका लागि निम्न परिच्छेदहरूमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : खोलाघरे साहिँलोको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेद :		कविताको सैद्धान्तिक परिचय

चौथो परिच्छेद :		खोलाघरे साहिँलोको कविता कृतिहरूको अध्ययन

पाँचौ परिच्छेद :		उपसंहार तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# खोलाघरे साहिँलोको सङ्क्षिप्त परिचय

## २.१ जन्म र जन्मस्थान

वि.सं. २०१३ असार १३ गते बुधबार पिता मोहनलाल र माता मनोरमा अधिकारीको साहिँलो छोराको रूपमा पाँचथर जिल्लाको मौवा गा. वि. स. वडा नं. १ डाँडा गाउँमा खोलाघरे साहिँलोको जन्म भएको थियो । उनको वास्तविक नाम गंगाराम अधिकारी हो भने साहित्यिक क्षेत्रमा खोलाघरे साहिँलोको नामबाट परिचित छन् ।[१]

## २.२ बाल्यावस्था

खोलाघरे साहिँलोको बाल्यकाल पाँचथरको मौवा र मावली फुँएतप्पा इलाममा बितेको देखिन्छ । कक्षा दुईसम्मको अध्ययनपश्चात् उनी फुँएतप्पा मावलीमा बसेका थिए । बाल्यकालमा साथीहरूसँग विभिन्न खेल खेल्ने, पिताले दिएको चन्डीको पाठ घोक्ने, बुझाउने क्रियाकलापमा सक्रिय खोलाघरेका पिता कर्मकाण्डमा हिँडिरहने र बिहान बेलुका मात्रै घरमा बस्ने हुनाले उनको बाल्यकाल आमासँग बढी बितेको थियो । यसै समयमा उनले आमा र मावली हजुरबाबाट रामायण, महाभारतका विभिन्न कथाहरू, श्लोकहरू सुन्ने अवसर प्राप्त गरेका थिए ।[२]

## २.३ वैवाहिक जीवन र पारिवारिक स्थिति

२०३२ सालमा पाँचथर मेहेल्बोटेका चन्द्रप्रसाद र साबित्री रिजालकी साहिँली छोरीसँग विवाह गरी दाम्पत्य जीवन सुरु गरेका खोलाघरेका सन्तानका रूपमा दुई छोरा भुवन र योगेन्द्र तथा एक छोरी इन्दू रहेकी छन् ।[३]

जेठो छोरा भुवन त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा एम.ए. उत्तीर्ण गरी हाल अमेरिकामा कार्यरत  छन् । अर्का छोरा योगेन्द्र पनि त्रिभुवन विश्वविद्यालयबाटै व्यवस्थापन विषयमा एम.ए. उत्तीर्ण गरी काठमाडौंमा प्राध्यापन पेसामा संलग्न छन् भने छोरी इन्दू हाल भक्तपुर बस्छिन् ।[४]

---

१. खोलाघरे सहिँलाबाट प्राप्त जानकारी ।
२. ऐजन ।
३. ऐजन ।
४. ऐजन ।

## २.४ शिक्षा दीक्षा

खोलाघरे साहिँलोको शिक्षाको प्रारम्भ इन्द्राणी प्राथमिक विद्यालयबाट भएको थियो भने कक्षा दुईसम्मको अध्ययनपश्चात् उनले मावली घर फुँएतप्पा इलाममा बसेर आफ्नो अध्ययनलाई निरन्तरता दिएका थिए । दुर्गा माध्यमिक विद्यालयबाट कक्षा ६ उत्तीर्ण गरेर कक्षा सातमा पढ्दा पढ्दै उनी धरानको पिण्डेश्वर संस्कृत महाविद्यालयमा भर्ना भई संस्कृत शिक्षाको अध्ययन गर्न थाले । धरान वसाइकै क्रममा उनका पिताको देहवसान भयो । त्यसपछि भारतको वनारस हुँदै हरिद्वार पुगेका खोलाघरेले त्यहाँबाट उत्तरमध्यमा उत्तीर्ण गरी धरान फर्किए र केही समय धरान बसी घर आए । गाउँमा सवैले एस.एल.सी. पास गरेको थाहा पाएपछि उनी पनि कक्षा १० भर्ना भएर २०३२ सालमा एस.एल.सी. उत्तीर्ण गरे । त्यस पछि केही समय इलाम क्याम्पसमा अध्ययन गरी पुनः वनारसतर्फ लागे । वनारसबाट शास्त्री पास गरेका उनले २०५१ सालमा त्रि.विबाट नेपाली बिषयमा स्नातकोत्तर उत्तीर्ण गरे भने २०५२ सालमा एकबर्षे वि.एड पास गरे ।[५]

यसरी घरबाट सुरु भएको खोलाघरेको शिक्षा विभिन्न स्थान हुँदै स्नातकोत्तरसम्म पुगेको देखिन्छ । निरन्तर रूपमा विद्यालय तथा विश्वविद्यालय तहमा अध्ययन गर्न नपाए पनि उनको उच्च शिक्षासम्मको शैक्षिक यात्रा सफल भएको देखिन्छ । साथै उनले स्वाध्ययनबाट ज्योतिष शास्त्रको ज्ञान हाँसिल गरी सामान्य फलित हेर्ने र चिना वनाउने काम पनि गर्दछन् । [६]

## २.५ लेखन प्रेरणा र प्रभाव

विद्यार्थी जीवनदेखि नै सिर्जनामा लागेका खोलाघरेको लेखन प्रेरणाका रूपमा पारिवारिक धार्मिक तथा सांस्कृतिक वातावरणले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । आमाले मुखाग्र गरेका देवी स्तुति, वृहदस्तोत्ररत्नाकरका श्लोकहरू र मावली हजुरबाले पाठ गर्ने स्तोत्रहरू, नवग्रह स्तुति, चण्डी आदिको लयबद्ध गायन उनको प्रारम्भिक प्रेरणाको स्रोत रहेको देखिन्छ भने यसैबाट उनमा लयविधानको भाव प्रवाह भएको देखिन्छ ।[७]

अरुले कविता सुनाएको देख्दा कविता सिर्जनामा रूची देखाउने खोलाघरेले २०२६ सालमा रविमा भएको विद्यालय स्तरीय साहित्यिक गोष्ठिमा पहिलो पटक कविता सुनाएका थिए । यसै गरी

५. उर्मिला लिङ्देन, **खोलाघरे साहिँलोको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६५) पृ. १० ।
६. ऐजन, पृ. ११ ।
७. खोलाघरे साहिँलोबाट प्राप्त जानकारी ।
८. ऐजन ।

२०३२ सालमा दुर्गा माध्यमिक विद्यालयमा भएको कविता गोष्ठिमा प्रथम हुनु, इलाम बसाइको क्रममा सहभागी भएका साहित्यिक कार्यक्रमहरूमा प्रथम र दोस्रो हुनुले पनि उनमा थप प्रेरणा मिलेको देखिन्छ । उनी नेपाली साहित्यका मोदनाथ प्रश्रित, विश्वेश्वरप्रसाद कोइराला, गुरुप्रसाद मैनाली, लक्ष्मीप्रसाद देवकोटा, मोतीराम, हिन्दी साहित्यका प्रेमचन्द, संस्कृत साहित्यका कालिदास आदि सहित्यकारहरूका रचनाहरूको अध्ययनबाट आफ्नो साहित्यिक जीवनमा विषेश प्रभाव परेको बताउँछन् । गद्य लेखनमा भने इन्द्रबहादुर राई र कृष्ण धरावासीलाई प्रेरक व्यक्तित्वका रूपमा लिन्छन् । [८]

## २.६ लेखन थालनी र प्रकाशित कृतिहरू

विद्यालय स्तरबाटै विभिन्न छन्द र लयमा कविता रचना गर्न सिपालु खोलाघरेको पहिलो सिर्जनाका रूपमा २०२९ साल तिर नेपाली छात्रसङ्घ हरिद्वारको वार्षिक मुखपत्रमा प्रकाशित 'गरिबको विलाप' नामक शीर्षकको कविता रहेको छ भने उनको पहिलो पुस्तककार कृति **आज एउटा जुलुस निस्कदैछ** (२०५७) कविता सङ्ग्रह हो ।[९]

खोलाघरे साहिँलो नेपाली साहित्यका कविता, कथा, गजल आदि विधाका सक्रिय सर्जक हुन् । २०२९/३० सालदेखि नै साहित्यिक सिर्जनामा प्रवेश गरेका खोलाघरेको पहिलो कविता सङ्ग्रह **आज एउटा जुलुस निस्कदैछ** २०५७ सालमा प्रकाशित भयो । यसमा छन्दोबद्ध र मुक्त गरी जम्मा ३० वटा कविताहरू सङ्ग्रहीत छन् । यस पछि उनी गजल सिर्जनातर्फ लागेका देखिन्छन् । उनका ३ वटा गजल सङ्ग्रहरू **जिजीविषा रित्त रित्त** (२०६२), **मनचरीको मनपरी** (२०६५) र **एक्लिएको साँझ** (२०६५) प्रकाशित छन् भने २ वटा कथा सङ्ग्रह **स्थापित विस्थापित** (२०६३) र **ऐजेरु र आगो** (२०६७) प्रकाशित छन् । यसै गरी उनले पाँचथरका नारी स्रष्टाहरूका रचनाहरू सङ्कलन गरेर **पाँचथरका नारी हस्ताक्षर– १** (२०६४) प्रकाशन गरेका छन् । उनको  छन्द परिचय र केही कविताहरू समावेश **सानो छन्दबाटिका** (२०६७) प्रकाशित छ । यसका अतिरिक्त उनका विभिन्न पत्र पत्रिकाहरूमा कविता, गजल, कथा, लेख, समीक्षा, अन्तर्वार्ता आदि प्रकाशित छन् ।[१०]

---

९. ऐजन ।
१०. ऐजन ।

## २.७ पेसा

खोलाघरे साहिँलोको मुख्य पेसा भनेको शिक्षण हो । उनले २०३२ सालदेखि सिद्ध प्राथमिक विद्यालयबाट अस्थायी शिक्षकको रूपमा जागिरे जीवन सुरुवात गरेका हुन् । प्रा. वि. शिक्षकबाट जागिरको सुरुवात गरेका उनले नि.मा.वि, मा.वि. हुँदै २०५६ सालदेखि २०६३ सालसम्म उच्च मा.वि. को प्राचार्यको रूपमा पनि कार्य गरेका छन् । हाल दुर्गा मा.वि.रविमा नेपाली अस्थायी शिक्षकका रूपमा कार्यरत कवि खोलाघरे साहिँलोको चार दशक यही शिक्षण पेसामा नै व्यतित भएको पाइन्छ ।

## २.८ निष्कर्ष

मेची अञ्चल पाँचथर जिल्लाको मौवा १ डाँडा गाउँमा पिता मोहनलाल र माता मनोरमा अधिकारीका साहिँलो छोराको रूपमा २०१३ साल असार १३ गते खोलाघरेको जन्म भएको हो । उनको वास्तविक नाम गंगाप्रसाद हो भने नेपाली साहित्यका क्षेत्रमा खोलाघरे साहिँलोको उपनामले परिचित छन् । २०३२ सालमा सरस्वती रिजालसँग विवाह बन्धनमा बाँधिएका उनका दुई छोरा भुवन र योगेन्द्र तथा एक छोरी इन्दू गरी तीन सन्तान रहेका छन् । जेठा छोरा बुहारी हाल अमेरिकामा कार्यरत छन् भने कान्छो छोरा बुहारी काठमाडौंमा रही विभिन्न पेशामा संलग्न छन् ।[११]

सिद्ध प्रा. वि. महिम्वाबाट २०३२ सालमा जागिरे जीवन सुरु गरेका उनी नि. मा. वि., मा. वि., उ. मा. वि. सस्थापक र प्राचार्यसमेत हुँदै हाल दुर्गा मा. वि. रविमा नेपाली अस्थायी शिक्षकका रूपमा कार्यरत छन् । साहित्य लेखनमा आमा बुवा, मावलका हजुरबा, हजुरआमा आदिबाट प्रेरणा प्राप्त गरेका उनी विभिन्न साहित्यिक पत्र पत्रिका अध्ययन र साहित्यकारहरूका प्रभावबाट साहित्य लेखनमा लागेका हुन् । पढाइका क्रममा हरिद्वारबाट प्रकाशित हुने एक पत्रिकामा 'गरिबको विलाप' शीर्षकको कविता प्रकाशित गरी २०३० सालबाट साहित्यिक लेखनको औपचारिक रूपमा सुरुवात गरे । उनका हालसम्म दुईवटा कथा सङ्ग्रह **स्थापित विस्थापित** (२०६३), **ऐजेरु र आगो** (२०६७), दुईवटा कविता सङ्ग्रह **आज एउटा जुलुस निस्किदैछ** (२०५७), **सानो छन्द वाटिका** (२०६७), तीन बटा गजल सङ्ग्रह **जिजीविषा रित्त/रित्त** (२०६२), **मनचरिको मनपरी** (२०६५), **एक्लिएको साँझ** ( २०६५) र एउटा सम्पादित कृति **पाँचथरका नारी हस्तक्षार- १** (२०६४) प्रकाशित छन् भने विभिन्न पत्र पत्रिकामा फुटकर रूपमा पनि रचनाहरू प्रकाशित छन् ।

११. ऐजन ।

सादा जीवन उच्च विचारका खोलाघरे साहित्यिक गतिविधिमा बढि रूचि राख्छन् । मनपर्ने कृतिहरूमा कालिदाशको **मेघदूत**, **शाकुन्तलम्**, माधवप्रसाद घिमिरेको **गौरी**, **राजेश्वरी**, देवकोटाको **मुनामदन**, **कुञ्जिनी**, कृष्ण धरावासीको **शरणार्थी** आदि पर्छन् । उनी फुटवल खेल हेर्न र गीत सङ्गीत सुन्न मन पराउँछन् ।[१२]

१२. उर्मिला लिङ्देन, पूर्ववत् पृ. १२ ।

## तेस्रो परिच्छेद

# कविताको सैद्धान्तिक परिचय

### ३.१ कविताको चिनारी

साहित्यका विभिन्न विधाहरूमध्ये कविता एक प्राचीन विधा हो । यसको अस्तित्वका बारेमा खासगरी इसवीय बिसौं शताब्दीको मध्य र उत्तरार्द्ध बेला बखत आशङ्का गनुपर्ने अवस्था आएपनि यो साहित्यिक विधा अद्यावधि गतिशिल नै रहेको छ ।[१३] संसारका जुनसुकै भाषाका साहित्यमा पनि अन्य विधाका तुलनामा कवितालाई नै सबैभन्दा समृद्ध र विकसित विधा मानिन्छ । नेपाली साहित्यमा पनि यो विधा समृद्ध र सम्पन्न छ ।[१४]

काव्य सिर्जना गर्ने व्यक्तिलाई कवि भनिन्छ । कवि शब्दको निर्माण कव् धातुमा इ (इन्) प्रत्यय अथवा कु धातुमा अ (अच्) र इ प्रत्यय लागेर भएको हो । कव् धातुले सर्वज्ञाता वा वर्णन कौशलको अर्थबोध गराउने हुँदा कविको तात्पर्य वर्णनकलामा निपूर्ण व्यक्ति भन्ने हुन्छ । पूर्वीय साहित्यमा काव्यको समानार्थीको रूपमा त (तल) र आ (टाप) अर्थात् कवि + ता बाट भएको हो । कविले रचनाकारलाई तथा ताले कविको रचनालाई बुझाउँछ । यस व्युत्पत्ति अनुसार कविताको तात्पर्य कविद्वारा सिर्जित रचना विशेष वा कविको कर्म भन्ने हुन्छ ।[१५]

पश्चिमी साहित्यमा कवितालाई पोएट्री भनिन्छ । ल्याटिनमा पोएटिकस, ग्रिकमा पोएटिकोस भनिने पोएट्री शब्दको व्युत्पत्ति पोएट शब्दबाट भएको हो । ल्यटिनमा पोएटा, ग्रिकमा पोएटिस भनिने पोएट शब्दले कवि अर्थात कविताको रचना गर्ने व्यक्ति भन्ने अर्थ दिन्छ । पोएट बाट निर्मित पोएट्री शब्दको अर्थ कविद्वारा सिर्जित पद्यात्मक रचना वा कविको कर्म भन्ने हुन्छ ।[१६]

पूर्वीय साहित्यको कवि र तथा पश्चिमी साहित्यको पोएट तथा पूर्वीय साहित्यको कविता /काव्य र पश्चिमी साहित्यको पोएट्री र पोएम शब्द समानार्थीका रूपमा देखिन्छन् । कवि वा पोएट ले रचनाकार तथा कविता काव्य वा पोएट्री र पोएम ले रचना लाई बुझाउँछ ।[१७] यसरी हेर्दा पूर्वीय र पाश्चात्य दुवै साहित्यमा कवितालाई हेर्ने दृष्टिकोण समान रहेको देखिन्छ ।

---

१३. वासुदेव त्रिपाठी र अन्य, **नेपाली कविता भाग ४,** (साझा प्रकाशन, काठमाडौं) पृ. ६ ।
१४. लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको प्रवृत्ति,** (पैरवी प्रकाशन, काठमाडौं) पृ. १ ।
१५. खगेन्द्रप्रसाद लुइटेल **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** (नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं) पृ. १ ।
१६. ऐजन, पृ. १-२ ।
१७. ऐजन, पृ. २ ।

### ३.२ कविताको परिभाषा

साहित्यको कुनै पनि विधालाई स्पष्ट परिभाषा गरी चिनाउन निकै कठिन हुन्छ । समय क्रममा भइरहने विधागत विकास एवं स्वरुपगत परिवर्तनका कारण हरेक विधाका परिभाषामा प्रायः परिवर्तन आउँछ । यसैकारण कविताको परिभाषामा पनि परिवर्तन आउने हुँदा यसको पनि स्थायी परिभाषा गर्न सम्भव छैन । पूर्वीय तथा पश्चिमी साहित्यका विभिन्न विद्वानहरूले प्राचीन कालदेखि नै कवितालाई चिनाउने क्रममा यस सम्बन्धी अवधारणाहरू अघि सार्दै आएको पाइन्छ ।[१८]

भरतमुनि (इ. पू ४०० तिर)ले नाटकका सन्दर्भबाट काव्य सम्बन्धी धारणा यसरी अभिव्यक्त गरेका छन्:

कोमल तथा मनोहर पदयुक्त, गुढ शब्दार्थ रहित सुवोध, युक्तिसङ्गत, नृत्यमा उपयोग गर्न सकिने विविध रस, मार्ग तथा सन्धियुक्त कृति सबैका योग्य हुन्छ ।[१९]

आचार्य भामह (इसाको पाँचौं शताब्दी)ले शब्द र अर्थयुक्त रचनालाई कविता भनेका छन् । भामहको परिभाषा पनि काव्यको कला पक्षमा मात्र सीमित भएको छ । शब्द र अर्थयुक्त हुँदैमा मात्र कविता हुदैन । कुनै पनि विज्ञापन वा प्रचार पत्रमा शब्द र अर्थ हुन्छ, तर त्यो कविता होइन । यसैले भामहको कथन एकाङ्कीका रूपमा प्रस्तुत भएको छ ।[२०]

आचार्य वामनले कविताको लक्षणको सन्दर्भमा अलङ्कारलाई जोड दिएका छन् । उनको भनाइ अनुसार अलङ्कारको कारणले मात्र काव्य ग्राह्य हुन्छ । सौन्दर्य नै अलङ्कार हो । दोषको त्याग, त्यस्तै गुण र अलङ्कारको प्रयोगद्वारा सौन्दर्यको प्राप्ति हुन्छ ।[२१]

विश्वनाथले रसात्मक वाक्य नै काव्य हो भनेका छन् । यसरी यिनले रसलाई मात्र सर्वाधिक महत्त्व दिएका छन् ।[२२]

पाश्चात्य साहित्यका वर्डस्वथले कविताको भावपक्षमा जोड दिएका छन् । उनको कथनमा कविता प्रवल मनोवेगको स्वच्छन्द प्रवाह हो । यसको उत्पत्ति शान्तावस्थामा सञ्चित अनुभूतिहरूबाट हुन्छ ।[२३]

१८. खगेन्द्रप्रसाद लुइटेल, **नेपाली काव्य समालोचना,** (पैरवी प्रकाशन, काठमाडौं) पृ. २ ।
१९. खगेन्द्रप्रसाद लुईटेल, पूर्ववत् पृ. ३ ।
२०. मोहन हिमांशु थापा, **साहित्य परिचय** , (साझा प्रकाशन ) पृ. ३४ ।
२१. ऐजन, पृ. ३५ ।
२२. ऐजन, पृ. ३५ ।
२३. ऐजन, पृ. ३९ ।

पाश्चात्य साहित्यका हड्सनले कवितामा कल्पना र भावना तत्त्वको आवश्यकतामा स्पष्ट शब्दमा उल्लेख गरेका छन् । उनी भन्छन् - "कल्पना र संवेगद्वारा गरिएको जीवनको व्याख्या नै कविता हो ।[२४]

लक्ष्मीप्रसाद देवकोटाले नेपाली **शाकुन्तल** (२००२) मा कवितालाई यसरी चिनाएका छन् :

कविता कोमलवनिता

रसयति रसिकं रसेन सम्मिलिता ।[२५]

कवि केदारमान व्यथितको भनाइ छ - "तीब्रगामी कल्पनाको घोडामाथी अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चढेको नै कविता हो ।"[२६]

बाबुराम आचार्यले **पुराना कवि र कविता**मा कविताको परिभाषा यसरी गरेका छन् :

"प्रकृतिका अद्‌भूत रचनादेखि त्यसमा छक्क परेर तन्मयलाई कविहरू जो बोल्दछन् त्यो कविता कहलिन्छ ।"

यदुनाथ खनालको **समालोचनाको सिद्धान्त**मा प्रस्तुत कविताबारेको दृष्टिकोण यस्तो छ :

"कविता उत्तेजित मनोभावको प्रकाशन हो ।"

मोहनराज शर्माले **समकालीन समालोचना सिद्धान्त र प्रयोग**मा कविताको परिभाषा यसरी प्रस्तुत गरेका छन् : "विचार भाव वा घटनाको लयात्मक संरचनालाई कविता भनिन्छ ।"[२७]

कविता भनेको जीवनको भोगाइको क्रममा प्राप्त अनुभूतिको अभिव्यक्ति हो । यसै अभिव्यक्तिका क्रममा कल्पना, भावना र बुद्धि वा विचार कविताका लागि आवश्वयक तत्त्व वा अङ्गका रूपमा लिन सकिन्छ ।

समग्रमा विशिष्ट भाव, विचार र अनुभूति विशेषको कलात्मक प्रभावात्मक अभिव्यक्ति कविता हो ।[२८]

२४. ऐजन, पृ. ४० ।
२५. खगेन्द्रप्रसाद लुईटेल, पूर्ववत् पृ. १५ ।
२६. मोहन हिमांशु थापा, पूर्ववत्, पृ. ४१ ।
२७. खगेन्द्रप्रसाद लुईटेल, पूर्ववत् पृ.१५-१७ ।
२८. मोहन हिमांशु थापा, पूर्ववत्, पृ. ४२ ।

### ३.३ कविताका तत्त्वहरू

कुनै पनि साहित्यिक विधा (कविता, नाटक, आख्यान, निवन्ध) का कृतिको निर्माणका लागि निश्चित घटक वा अवयवहरूको मेल हुनु आवश्यक छ । बनोट र बुनोटको योगबाट साहित्यिक संरचनाको निर्माण हुन्छ । साहित्यका विभिन्न विधाहरूमध्ये कविता पनि अनेक अवयव वा अङ्गहरूको मेलबाट निर्मित एउटा संरचना हो । हरेक विधाका साहित्यिक कृतिलाई एउटा सिद्ध वस्तुको स्पष्ट आकृति प्रदान गर्ने काम त्यसमा अन्तर्निहित विभिन्न अवयवहरूले गर्दछन् । कवितालाई आकृति प्रदान गर्ने वा कविताको निर्माण गर्ने विभिन्न अवयवहरूलाई नै यसका संरचक घटकहरू (तत्त्वहरू, अङ्गहरू, उपकरणहरू) भनिन्छ ।[२९]

कविताका विधागत भेदमध्ये मुक्तक र फुटकर रचनादेखि खण्डकाव्य महाकाव्यसम्मको स्वरूपलाई ध्यानमा राख्दा कविताका घटक वा तत्त्वहरू निम्नलिखित पर्दछन् ।

#### ३.३.१ शीर्षक

शीर्षक कविता कृतिको नामाकरण मात्र नभई कृतिको सारभूत भाव विचारको सङ्केत वा उद्घटक पनि हुनुपर्ने हो । शीर्षक विशेषीकृत भएमा यसले कृतिका अन्तर्वाह्य संरचना र भाषा शैलीले वहन गरेको समग्र विषय वस्तुको केन्द्रीय कथ्यलाई जाहेर गर्छ नै ।[३०] कविताको सवैभन्दा शीर्षस्थ स्थानमा उल्लेख गरिने शीर्षकले कृतिलाई पठनीय बनाउँछ ।

#### ३.३.२ संरचना

संरचना भन्नाले रचनाको सङ्गठन ढाँचा, भाषाको स्वरूप, आख्यान, अनुभूतिको प्रस्तुति, सम्बाद आयतन वा लम्बाई, विषयवस्तु योजनाको रेखीय वा वृत्ताकार ढाँचा, परिवेश योजना, शीर्षक निर्धारण आदि विविध पक्षसँग सम्बन्धित हुन्छ । रचनाको अनिवार्य संरचक वा घटकको संयोजनबाट निर्मित आकृति नै संरचना हो । साहित्यका विधा (कविता, आख्यान, निवन्ध, नाटक) का आ-आफ्नो संरचना हुन्छन् । ती संरचना आफैंमा पूर्ण हुन्छन् । तिनको आदि मध्य र अन्त्य पनि निश्चित तर आफ्नै प्रकारको हुन्छ । साहित्यिक विधाको संरचनाको भाषिक स्वरूप एकातिर आख्यानात्मक, संवादात्मक, मनोवादात्मक आत्मालापात्मक वा अनुभूति प्रक्षेपणात्मक, लयात्मक आदि हुन सक्छ भने पद, पदावली, वाक्याशं वाक्य प्रकरण जस्ता एकाइको सहायताले बनोटमा परिवर्तन भई सिङ्गो सङ्कथन रचनाको आवृति लिएको हुन्छ । स्रष्टाले आफ्ना कृतिका निम्ति

२९. खगेन्द्रप्रसाद लुईटेल, पूर्ववत् पृ. ७५ ।
३०. वाशुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ. १७ ।

उपयोग हुने भाषिक एकाइको चयन गरी आवश्यकता अनुसार तिनको विचलन, सामानान्तरता, अभिधात्मकता व्यञ्जनात्मकता आदिको प्रयोग गर्दछ ।[३१]

### ३.३.३ भाव वा विचार

कविताको महत्त्वपूर्ण संरचक घटक मानिने भाव वा विचार कविताको मूलवस्तु वा मूल कथ्य हो र यो कार्यव्यापारमा अन्तर्निहित हुन्छ । कविता सिर्जनाका लागि प्रयुक्त मूल विषय वस्तु र अवधारणालाई भाव वा विचार भनिन्छ । विषयवस्तुको चयनमा कवि पूरै स्वतन्त्र हुन्छ र ऊ निर्बाध रूपमा स्वेच्छापूर्वक अनेक विषयवस्तुको चयन गरी त्यसमा आफ्नो विचारलाई समेत मिसाएर काव्य सिर्जना गर्छ । काव्य सिर्जनाका लागि जीवन जगत्का यावत् विषयवस्तु अर्थात् संसारका जुनसुकै वस्तु, प्रकृति, संस्कृति, प्रेम, भूगोल, इतिहास, राजनीति, धर्म, मानवीय स्वभाव, अनुभूति, तात्कालिक यथार्थ वस्तुस्थिति आदि ग्रहण गर्न सकिन्छ । यही विषयवस्तुको चयनगत स्वतन्त्रता र असीमताका कारण कवितामा पनि अनेकरूपता पाइन्छ र विविधता पाइन्छ । आफ्नो जीवन भोगाइका सुख दुःख, हर्ष विस्मात, उज्याला अँध्यारा आदि विविध पाटाहरूमध्येबाट आफूलाई प्रभावित र आकर्षित तुल्याउने जुनसुकै विषयमा कविता सिर्जना गर्न सकिने हुँदा कविताको विषयवस्तु अनन्त हुन्छ र कविता सिर्जनाको मूलआधार पनि यही नै हो ।[३२]

### ३.३.४ भाषाशैली

कृतिको विधागत आकार तथा प्रकारबाट नै कृतिको भाषागत स्वरूप निर्माण हुन्छ ।[३३] कविताको भाषाशैली भन्नु जुन अर्थको कथन कुनै कविता कृतिले गर्नु छ त्यसका निम्ति उपलब्ध भाषिक विकल्प मध्येबाट सबभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुन सक्ने गरी वर्ण, शब्द / पद, पदावली, वाक्य खण्ड, वाक्य र अनुच्छेद विधागत समेत सिर्जित हुने कुरा हो । यस क्रममा भाषा अभिधार्थ (वाच्यार्थ) भन्दा पर लाक्षणिक व्यञ्जक समेत बन्न पुग्दछ । मानक आधारभूत भाषिक व्याकरणको प्रतिपालन गरेरै पनि पद - पदावलीगत, वाक्यगत र अनुच्छेदगत अनेकौ व्यतिक्रम र अतिक्रमण (विचलन) समेतबाट भाषाशैलीले बढी व्यञ्जकता, लालित्य र लयात्मकता कवितामा प्राप्त गर्दछ ।[३४]

---

३१. **अनिवार्य नेपाली शिक्षण निर्देशिका**, (त्रि. वि. साझा प्रकाशन काठमाडौं), पृ. १३५ ।
३२. खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. ७७ ।
३३. **अनिवार्य नेपाली शिक्षण निर्देशिका**, पूर्ववत्, पृ. १३६ ।
३४. वाशुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ. १९ ।

### ३.३.५ लयविधान

लय शब्दले गहन एकाग्रता, तल्लीनता, तन्मयता, विलयन, सङ्गीतमा स्वरको आरोह अवरोहको विशेषक्रम, प्रवाह आदि अर्थबोध गराउँछ । सङ्गीत र काव्यको प्राणतत्त्वका रूपमा रहेको लयलाई मानिसको आन्तरिक भावावेगका रूपमा पनि लिइएको पाइन्छ । लयले कविता र गद्यमा शब्द वा ध्वनि प्रवाहको ढाँचालाई पनि बुझाउँछ । लयको उत्पत्ति प्रवाह, गति यति, विराम, आघात आदिको परस्पर क्रमिक मेलबाट हुन्छ । विशेषतः आवृत्तिमूलक हुन्छ भन्ने मानिन्छ ।[३५] भाषा शैलीको पङ्क्तिगत र पङ्क्ति पुञ्जगत (श्लोकात्मक वा अनुच्छेदात्मक) उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनिगत नै लयको लक्ष्यविधान हो । कविता कृतिको भाषाशैलीले वाह्य संरचना हुँदै आन्तरिक संरचनाका क्रममा भाव बिम्ब (अर्थतत्त्व रूपतत्त्व) सँगै लयविधानलाई वहन गर्नुपर्ने कुरा लयतत्त्वका निम्ति उपलब्ध भाषिक विकल्पका एक सीमा भित्रबाटै लयात्मक श्रुतिरम्य चयन गर्न खासगरी छन्दोबद्ध कवितामा चुनौतिपूर्ण नै रहन्छ ।[३६]

### ३.३.६ बिम्ब अलङ्कार विधान

कुनै कृतिमा मुख्य कथ्य (कथन गरिएको प्रस्तुत अर्थको सहचर प्रतिच्छाँयाका रूपमा आउने अर्को सह प्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो । जीवन जगत्का विविध सन्दर्भहरू र सामग्रीबाट बिम्ब विधान हुन सक्छ र अर्थालङ्कारहरू बिम्ब विधान कै उपक्रमहरू हुन् ।[३७] सीमित अर्थमा बिम्ब भनेको कुनै दृश्य चित्र वा वस्तुको वर्णन गरिएको शब्द चित्र हो । व्यापक अर्थमा यसले साहित्यका कुनै अंशको आलङ्कारिक भाषा र गुणलाई सङ्केत गर्ने सम्पूर्ण शब्दहरूलाई जनाउँछ । बिम्ब इन्द्रीयजन्य अनुभूतिसँग सम्बद्ध भाषिक स्वरूप हो । सामान्यतया बिम्बले कुनै चिजको भौतिक प्रतिनिधित्व गर्ने दृष्टि गोचर वा कुनै दृश्य वस्तुको मानसिक चित्रलाई जनाउँछ ।[३८] भने अलङ्कार शाब्दिक अर्थ गहना वा आभूषण हो । सुन चाँदी गहनाले मानव शरीरको शोभा बढाउँछ भने भाषाको गहना मानिने अलङ्कारले साहित्य (कविता) को सौन्दर्य बढाउँछ । कवितामा अलङ्कारको विशिष्ट भूमिका रहन्छ । यसले कवितालाई लयात्मक तुल्याउन भाव सौन्दर्यको अभिवृद्धि गर्न मद्दत पुऱ्याउँछ । यसका साथै अलङ्कारले कवितालाई चमत्कृत, सौन्दर्यपूर्ण, आकर्षक र प्रभावशाली

---

३५. खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. १३६ ।
३६. वाशुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ. १८ ।
३७. ऐजन, पृ. २०-२१ ।
३८. खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. २८ ।

तुल्याउने काम गर्छ । काव्यको शोभा बढाउने धर्मलाई अलङ्कार भनिन्छ ।[३९] यिनै विभिन्न अवयवहरूको समुचित मेलबाट कविताको निर्माण हुन्छ ।

३९. ऐजन, पृ. ३६ ।

# चौथो परिच्छेद

# खोलाघरे साहिँलोका कविता कृतिको अध्ययन

## ४.१ खोलाघरे साहिँलोको कवितात्मक मूल प्रवृत्ति

कवि खोलाघरे साहिँलो नेपाली साहित्यमा पाँचथर जिल्लालाई जन्मथलो र इलामलाई कर्मथलो बनाइ सक्रिय रहेका सर्जक हुन् । विद्यार्थी जीवनदेखि नै कविता लेखेर गुनगुनाउने गरेका उनका **आज एउटा जुलुस निस्किदै** (२०५७), **सानो छन्दवाटिका** (२०६७) गरी २ वटा कविता सङ्ग्रह प्रकाशित भएका छन् । उनले **पाँचथरका नारी हस्ताक्षर - १** रचना सङ्ग्रह सम्पादन गरी प्रकाशित गरेका छन् । नेपाली समाजमा हुने गरेका विभिन्न घटनाहरूलाई कविताको विषयवस्तु बनाउने खोलाघरेले देशका राजनीतिक, आर्थिक, सांस्कृतिक, सामाजिक सबै पक्षलाई आफ्ना रचनामा समेटेका छन् ।

देशमा भएका विविध घटनाक्रमलाई रचनामार्फत् प्रस्तुत गरेका कविले द्वन्द्वकालीन समाजका विभिन्न घटनाहरू, ग्रामीण समाजका विकृति विसङ्गति आदि विभिन्न विषयवस्तुलाई कवितामा अटाएका छन् । ग्रामीण भेगका समस्याहरूदेखि लिएर समाज देशका विविध क्रियाकलापहरू वर्णन गरेका यिनै कविताका आधारमा देखिएका कवि खोलाघरेका कवितात्मक मूल प्रवृत्तिहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.१.१ राष्ट्रियता र देश भक्ति

राष्ट्रवादी स्वर प्रस्तुत गर्दै देश प्रेमको भावना फैलाउनु कवि खोलाघरे साहिँलाको महत्त्वपूर्ण प्रवृत्तिको रूपमा रहेको छ । उनले आफ्ना कवितामार्फत् राष्ट्रप्रतिको प्रेम, राष्ट्रियता, राष्ट्रभक्ति आदि विभिन्न भावहरू प्रस्तुत गरेका छन् । देशमा भएका राष्ट्र विरोधी घटनाहरूको वर्णन गरेका खोलाघरे हत्या, हिंसा, विभेद, कुसंस्कार आदि गतिविधिप्रति दुःखी देखिन्छन् । विदेशी शक्तिहरूले हाम्रो देशप्रति स्वामित्व जमाउन खोजेको दुष्प्रयासप्रति कविले चिन्ता प्रकट गरेका छन् । हत्या, हिंसा र युद्धले देशको एकता भङ्ग गरेको, राष्ट्रियता खतरमा परेको कुरा व्यक्त गरेका उनले भाइ भाइको झगडाले पराइलाई सजिलो हुने कुराको सङ्केत गर्दै त्यसप्रति सचेत हुन पनि आग्रह गरेका छन् । आफ्नो स्वाधिनता रक्षा गर्न र राष्ट्रियता बचाउँनका लागि जस्तो सुकै मूल्य चुकाउन पनि पछि नपर्ने भाव व्यक्त गरेका कविले देशको सिमा मिचिएको सन्दर्भलाई उठाउँदै तिनीहरूप्रति आक्रोस पोखेका छन् । हाम्रा प्राकृतिक, सांस्कृतिक सम्पदाहरू माथि कुदृष्टि लगाउनेहरूलाई धुर्त

स्याल र खरिजुकाको संज्ञा दिदै कविले नेपाल आमा रोएको देख्दा आफू पनि भावुक हुन पुगेको भाव व्यक्त गरेका छन् । जस्तैः

म व्यग्र भएर वरिपरि हेर्छु
तिनै स्यालका हुइयाँहरू अब हतियारमा फेरिएछन्
मेरा प्रश्नका उत्तर राइफलका नाल भएछन्
खरीजुकाहरू मेरो मुठीको वरिपरि तन्किदैछन्
मुठीको माटो रुँदैछ तरतरी आँसु खसालेर
मलाई पनि माटोसँगै रुन मन लाग्छ
एक चिम्टी झिकेर टिको लगाउन मन लाग्छ
श्रद्धाले म निधारभरि माटो लगाउँछु

(**आज एउटा जुलुस निस्किदैछ**, पृ. ४३)

देशको उन्नति र प्रगतिको सपना देख्ने कविले आफू नेपाली भएकोमा गर्व गर्दै दौरा, दोचा र कमिज लगाउने पहाड, हिमाल र तराइमा वस्ने सबै दाजुभाइहरूको एकता र मेलमिलापको कुरा गरेका छन् । तराइका थारु, मूसहर पहाडका खस, लिम्बु, ब्राह्मण, दलित र हिमालका शेर्पाहरू थरले मात्र फरक भएको कुरा प्रस्तुत गर्दै हामी सबै नेपाली हौं भन्ने सन्देश कवितामार्फत् दिएका छन् । नाम विभिन्न भए पनि पहिचान, भेषभुषा, भाषा, संस्कृति, स्वरुप फरक फरक भए पनि हिमाल, पहाड, तराइमा वस्ने हामी सबै नेपाली हो भन्ने भाव कविले यसरी व्यक्त गरेका छन्:

सखा दौरा, दोचा, कमिज हुनुले गर्वित छु म
सखा अग्ला, होचा प्रिय बनिनुले हर्षित छु म
यिनै फूर्वा, दावा अनि बुधन हर्केसँग छु म
यिनै राधा, मैयाँ, मदन सरिताकै सँग छु म ।
तराइका थारु, मुसहर अरु जात जगत
म झैं नेपाली हुन् चलन विधिले मात्र फरक
पहाडेमा लिम्बु, खस, दलित वा बह्मण थर

सबै नेपाली हौं यति छ दृढतासाथ ठहर ।

(**सानो छन्द वाटिका**, पृ. ४८)

नेपाली माटोमा रमाएका कविले वीर योद्धाहरूको रगत, पसिना र परिश्रमले सिञ्चिएको हाम्रो देशको गौरवको चर्चा गर्दै यो देशको माटो समाउँदा वीरताको भाव जागृत भई नाचुँ नाचुँ झैं लागेको भावलाई कवितामार्फत् प्रस्तुत गरेका छन् ।

नेपालको माटो हातमा लिँदा पनि पृथ्वीनारायण शाहको पराक्रम सुवासित हुने भाव यसरी प्रस्तुत गरेका छन् :

जव एकमुठी माटो हातमा लिन्छु

मलाई नाचूँ नाचूँ लाग्छ रमाएर

वास्ना लिन्छु श्रद्धाले भरिएर

पृथ्वीनारायण शाहको पराक्रम सुवासित हुन्छ ।

(**आज एउटा जुलुस निस्किदैछ**, पृ. ४०)

देशमा हत्या, हिंसा मौलाएकोले नेपालीहरूको शान्तिपूर्ण वातावरणमा रम्न खोज्ने चाहनाहरूमाथि कुठाराघात भएको कुरालाई पनि खोलाघरेका कविताले देखाएका छन् । दण्डहीनता र अस्थिरताले गुज्रिरहेको देशको अवस्थालाई मध्यनजर गर्दै नेपालको उन्नति र प्रगति हुन्छ भन्ने आशामा रहेका जनताहरू त्रासदीपूर्ण अवस्थामा बाँच्नु परेको वाध्यात्मक परिस्थितिको चर्चा गर्दै खराव राजनीति र त्यसका कार्यकर्ताहरूको स्वार्थीपनाले गर्दा देशको स्थिति दिनानु दिन बिग्रदै गइरहेको भाव उनले कवितामा प्रस्तुत गरेका छन् । जस्तैः

खराव राजनीतिले सधैं डुवेछ मेरो देश यो

जिएर वस्नु कष्ट भो विकास त के कुरो

भएन शान्ति क्यै गरे सधैं छ उग्र ताण्डव

भएर दण्डहीनता अराजकै अराजक ।

(**सानो छन्द वाटिका**, पृ. ४३)

कवि खोलाघरे साहिँलोले आफ्ना रचनामार्फत् देशमा घटेका विभिन्न घटनाक्रमहरूले देशको स्वाभिमान खतरामा परेको, दण्डहीनता र अस्थिरता वढेको विकास निमार्णका सवै कामहरू ठप्प झैं

भएको, जसले जसो गरे पनि हुने वातावरण पैदा भएको कुरा देखाएका छन् । मूल रूपमा देशको राजनीतिक गतिविधिले निम्त्याएको सङ्कटपूर्ण अवस्थाप्रति कवि चिन्तित देखिएका छन् । राष्ट्रियता र स्वाभिमान रक्षार्थ आफू जस्तो सुकै अवस्थामा पनि अग्रसर रहने भाव व्यक्त गरेका खोलाघरेले सवै सचेत नेपाली नागरिकलाई देशको अस्तित्व र अस्मिता जोगाउनका लागि सबै एकजुट भएर लाग्नु पर्छ भन्ने आग्रह पनि कवितामार्फत् गरेका छन् ।

### ४.१.२ यथार्थवादी चिन्तन

कवि खोलाघरे साहिँलाका कविताहरूले देशको तत्कालीन समाजको झल्को दिन्छन् भने देशमा भएका विभिन्न गतिविधिहरूलाई छर्लङ्ग पारेका छन् । उनले समाजमा जे देखे त्यसैलाई आफ्ना रचनामा समेटेका छन् । देशको गतिविधिलाई कवितामार्फत् बोल्ने कविले हाम्रो देशको वेरोजगारी समस्यालाई कवितामार्फत् प्रष्ट पारेका छन् । आज हाम्रा देशका सवल युवा जनशक्तिहरू आफ्नो देश घर परिवार सबैलाई भुलेर पराइ भूमिको हितको निमित्त लडिरहेको कुरा उनका कविताले उजागर गरेका छन् । ग्रामीण भेग युवा रहित बन्न पुगेका यथार्थ खोतल्दै आफ्ना कलिला हातहरूलाई अरुकै सेवा र श्रुषुसामा लगाउनु पर्दा नेपाल आमा रोहिरहेको कुरा कविले प्रस्तुत गरेका छन् । धन कमाउने तीव्र इच्छा र वाध्यताले जस्तोसुकै जोखिम र कठोर काम गर्न तत्पर रहेका हाम्रा दाजुभाइले विश्वका थुप्रै देशहरूमा श्रम र पसिना बगाएर विकासको गतिमा पुऱ्याएको कुरा उल्लेख गर्दै कामको सिलसिलामा आफ्नु ज्यान अकालमै गुमाउनु परेको कुरा कवितामार्फत् उल्लेख गरेका छन् । कविले धनको आसमा विदेशिएका जनशक्तिहरू लास भएर काठको वाकसमा आउँदा उनीहरूको घर परिवारमा पर्ने पीडाको बोध गर्दै अहिले पनि भइरहने यस्तै प्रवृत्तिका घटनाहरूको कारुणिक यथार्थलाई कवितामार्फत् प्रस्तुत गरेका छन् । जस्तैः

शान्ति सेनामा गएका छन् ए, बी, सीहरू
खाडि देश र अन्य देश तिर गएका छन् क, ख, गहरू
बेलैमा आइपुग्ने खबरले रमाएका छन् बावुहरू/आफन्तहरू
तर, क, ख, ग । ए, बी, सी हरू एयरपोर्टमा आइपुग्छन्
लाश भएर
भर्खरै वर्षी पुगेका सन्तान काखी च्यापेर
रमा देवी, सुन्तली, मैयाँ, सुनाहाङ्मा आदि

आर्यघाटमा पतिको चितामा आगो लगाउँछन्

अनि हृदय फुटाएर रुन्छन् क्वाँ... क्वाँ... ।

(**आज एउटा जुलुस निस्किदैछ**, पृ. ४९)

देशमा भएका विभिन्न आन्दोलनहरूले देशको शासन सत्ता परिवर्तन गरे पनि राजनीतिक गतिविधिहरू धमिलिदै गएको भाव व्यक्त गर्दै कविले समावेशीताको नाममा विभिन्न जात जाति बिच द्वन्द्व बढेको कुरा व्यक्त गरेका छन् । समावेशी शब्दको विभिन्न अर्थ लगाएका हाम्रा राजनीतिज्ञहरूले विभिन्न जातीय राज्यहरूको परिकल्पना गरेका कारण राष्ट्रिय अखण्डता झनै खण्ड खण्ड हुने हो की भनि कवि चिन्तित देखिएका छन् । राष्ट्रिय एकतालाई मजवुत बनाउँदै जानुपर्ने स्थितिमा देशलाई टुक्राउने कुराले विदेशीहरूलाई आफ्नो स्वामित्व नेपालमाथि राख्न सजिलो हुने कुरा उल्लेख गर्दै त्यसतर्फ सचेत हुन आग्रह गरेका छन् ।

सुन्दर शान्त यो देशलाई बचाउनु राष्ट्रिय अखण्डतालाई जोगााइराख्नु पर्ने भाव कविले यसरी व्यक्त गरेका छन् :

बनाइदा जाति विशेष राज्य

हुनेछ सिङ्गोपन झन् विभाज्य

साना तिना गाउँ समेत उठ्लान्

छुट्टै बनोस् राज्य भनेर जुट्लान् ।

खुचिङ् गर्लान् कति जोरी पारी

सन्तान हाम्रा नवनुन् भिखारी

छिमेक साढैं सरि डुक्रियेला

अखण्डता यो जव टुक्रियेला ।

(**सानो छन्द वाटिका**, पृ.१८)

समाजमा देखिएका विभिन्न खालका क्रियाकलापहरूको जस्ताको तस्तै कवितामा अटाएका कविले देशको राजनीतिक, आर्थिक विविध समस्याले गर्दा नेपालीहरूले भोग्नु परेका यथार्थ

घटनाहरूको वर्णन आफ्ना रचनामार्फत् गरेका छन् । उनले समाजमा जे देखे त्यसैलाई टिपेर रचनामा समेटी समाजमा हुने विविध घटनाक्रमहरूलाई यथार्थ रूपमा छर्लङ्ग देखाएका छन् ।

### ४.१.३ प्रगतिवादी क्रान्तिकारी चिन्तन

कवि खोलाघरे साहिँलाका रचनाहरूमा कतै प्रगतिवादी चिन्तन गुञ्जिएको देखिन्छ भने कतै क्रान्तिकारी भाव पनि झल्किएको देखिन्छ । उनका कविताले हाम्रो समाजमा धनी र गरिब बिच ठूलो फरक देखिएको र यस्तो असमान व्यवस्था अन्त्य गर्दै दुई बीचको पर्खाल तोडेर समान व्यवस्था कायम गर्नु पर्ने भाव बोकेका छन् । हत्या हिंसालाई त्यागेर सेवाको भावना जागृत गराउँदै सबैलाई समान रूपमा हेर्ने व्यवस्था कायम गरी सर्वाहारा वर्गको जीवन स्तर उकास्नु पर्छ भन्ने भाव कवितामा पाइन्छ । हाम्रो समाजमा हुने विभिन्न विभेद हटाउँदै अन्धविश्वास र रुढीवादी परम्परालाई पन्छाउदै देश निर्माणमा जुट्नुपर्छ भन्ने कुरा कविले यसरी व्यक्त गरेका छन् :

पाखा पखेराले उन्नति चाहेका छन्
गोठ कटेराले उन्नति चाहेका छन्
हाम्रो पौरख अघि बढ्न चाहन्छ
मानवता उन्नत हुन हिमाल चढ्न चाहन्छ
उन्मुक्त ठानिएको यो वर्तमानमा
विश्वले मङ्गल विजय गरिसकेको अवस्थामा
हामी झुलो र चकमक नै घोट्दैछौं
परम्परा र अन्धविश्वास नै ओड्दैछौं
कल्पनाको इश्वरलाई हात जोड्दैछौं
जागृतिका भालेका आवाजहरू जतिसुकै निमोठिउन्
हामी अन्यमनस्क भै दिन्छौं
हृदयहीनता फिँजाएर ।

(**आज एउटा जुलुस निस्किदैछ,** पृ. ५८)

कवि खोलाघरेले किसान र मजदुरलाई चेतना दिँदै शासन सत्ता र शासकको पछि लाग्नुको सट्टा उनीहरूले गरेको भ्रष्टचार अत्याचारको विरोध गर्नु भन्ने कुरा व्यक्त गरेका छन् । हामीलाई सयौं वर्षदेखि आफ्नो घेराबन्दीमा पारी शासकहरूले हाम्रा हक र अधिकारहरू कुण्ठित गर्दै हामीलाई दासता लादिरहेका छन् । अब हामी सवै एक जुट हुँदै यस्ता विभेदकारी कुठाराघात गर्नेहरूलाई निरन्तर खवरदारी गर्नुपर्छ । देश समाजको विकास र उन्नति गर्न पहिला गरिब र निम्न वर्गीय जनताको हितमा कार्य, गर्नुपर्ने उनीहरूको जीवनयापन सहज बनाउनु पर्ने भाव कवितामा व्यक्त छ । गरिब, भोका नाङ्गा, सोझा साझाहरूमाथि हुने गरेका विभिन्न प्रकारका विभेदहरूप्रति कवि रुष्ट देखिएका छन् । कविले शोषण र दमनको विरोध गर्दै अन्याय, अत्याचार हटाउँदै आफ्नो हक र अधिकार प्राप्तिमा सबै लाग्नु पर्ने भाव व्यक्त गरेका छन् । जस्तैः

स्वार्थी विधेयक ल्याइदै छन् रे

जन विरोधी कानुन बन्दैछन् रे

आतङ्कवादको नाममा आतङ्क बढ्दै छ रे

हाम्रा बाँच्ने हक लुटिदै छन् रे

हाम्रा बोल्ने हक लुटिदै छन्

हाम्रा अघि बढ्ने हक खोसिदै छन्

खवरदार/ जनविरोधी विधेयक ल्याइनु हुन्न

जनताको आवाज लत्याउनु हुन्न

आतङ्कको नाममा मान्छे मार्न पाइदैन

सिर्जनाहरू/ भविष्यहरू मास्न पाइन्न

नत्र........................................... ।

(**आज एउटा जुलुस निस्किदैछ,** पृ. ५९)

उनका कविताहरूमा अन्याय र अत्याचारको विरोध गर्दै समाजमा भइरहेका सवै प्रकारको विभेदको अन्त्य गर्ने चाहनाहरू भेटिन्छन् । हाम्रा हक अधिकारलाई कुल्चिएर आफ्नो स्वार्थ परिपूर्ति गर्ने खालका नीति नियमहरूको कडा विरोध गर्दै जनताका हितमा नियम कानुन बनाउनुपर्ने, पुराना

व्यवस्थामा भएका विभेदकारी नीति नियमको समयानुकूल परिवर्तन गरी मुलुकको सम्मुनत विकास, उन्नति र प्रगतिको चाहना कविको छ ।

### ४.१.४ राजनीतिक चिन्तन

कवि खोलाघरे साहिँलोले आफ्ना कवितामा राजनीतिक गतिविधिहरूलाई पनि विषयवस्तुका रूपमा लिएका छन् । आफू राजनीतिप्रति संलग्न नभए पनि त्यसभित्रका धेरै गहन कुराहरूलाई अध्ययन गर्न सफल भएका छन् । देशमा तत्कालीन अवस्थामा चलिरहेको राजनीतिक परिस्थिति, द्वन्द्वात्मक स्थिति आदिको चित्रण कवितामा सरल ढङ्गले गरेका छन् । जनताको भोट र समर्थनले देशको उच्चपदमा बसेर देश र जनताको हितमा कुनै कार्य नगर्ने प्रति कवि रुष्ट छन् । राष्ट्रलाई माया नगर्ने आफ्नो मात्र स्वार्थ हेर्ने, जनताको हक, हित र अधिकारप्रति चासो नदेखाउने, विकास र उन्नतिको सोच नभएका राजनीतिकज्ञहरूको उनले विरोध गरेका छन् । जनतालाई सत्ताको सिँढि बनाई कुर्सीमा पुगेपछि भ्रष्टचारमा रुमल्लिने, महङ्गा घर, गाडी आदि विलासीपनमा भुलिने, आफ्नो स्वार्थ सिद्धिका निमित्त मात्र देश र जनतालाई प्रयोग गर्नेहरूप्रति कविले रोष प्रकट गरेका छन् । नेपालको राजनीतिक गतिविधिलाई कविले यसरी छर्लङ्ग पारेका छन् :

पार्लिया मेन्टमा नेता पैसा पेमेन्ट गर्दछ
कैयौ सांसद बिक्री मै सत्ता साबित गर्दछ
पजेरो चढ्दछन्, नेता पँधेरो छैन गाउँमा
अग्लाघर उज्याला छन् अँध्यारो अन्य ठाउँमा ।

(**आज एउटा जुलुस निस्किदैछ**, पृ. ६१)

कवितामा नयाँ नेपालको सिर्जना गर्छौं भनी सोझा जनतालाई आशाको द्वीप जगाई विभिन्न आन्दोलनमा सहभागि गराउन सिपालु हाम्रा नेताहरूले जनतालाई दिएका आश्वासन भुलेर त्यस विपरित कार्य गरेकोप्रति कविले आक्रोश पोखेका छन् । जनहित विपरितका कार्य गरी हत्या, हिंसा र गुण्डागर्दीलाई प्रश्रय दिएर नेपालीहरूको चाहनामा लात मार्दै कुर्सीको लोभमा देशको अवस्था भुल्नेहरूप्रति कविले धेरै गुनासो गरेका छन् । देशलाई विकास र उन्नतिको पथमा लैजाने, सबैखाले विभेद हटाई जनताको संविधान बनाउँछौं भन्ने सफथ खाएका विधायकहरूको चरित्र ल्याई कविले यसरी प्रष्ट पारेका छन्:

अघि गफ दिन्थ्यौ नियम निकाल्छौं

मुलुक उज्यालो झलमल पार्छौं
छनक समेत अवत हरायौ
सदन बिगाऱ्यौ विपत बढायौ ।

(**सानो छन्द वाटिका**, पृ. ३४)

सत्ताको मोहमा लुप्त भएकाहरू जनताका पीर मर्काको बारेमा अन्धाझैं भएका छन् । व्यक्तिवाद, नातावाद, कृपावाद, उनीहरूको धन्दा भएको, भ्रष्टाचारले सीमा नाघेको, चुनाव केवल खेलजस्तो मात्र भएको कुरा कवितामा प्रस्तुत छ । आफ्नै मातृभूमिमा हामी जनताहरू विभिन्न जालमा जेलिएर बस्नुपरेको भाव कवितामा पाइन्छ । खेलाघरेका कविताले देशको स्थितिबाट चिन्तित भएका जनताको बोली बोकेको छ । जस्तैः

हाम्रा जनप्रतिनिधिहरू कतिपय अन्धा भएका छन्
व्यक्तिवादिता स्वार्थान्धता उनीहरूका धन्दा भएका छन्
चुनाव खेल जस्तो भएको छ
मातृभूमि हाम्रै लागि जेल जस्तो भएको छ ।

(**आज एउटा जुलुस निस्किदैछ**, पृ. ५९)

देशमा व्याप्त भ्रष्टचारले नेपालीलाई झन् गरिब बनाइरहेको, प्रशासनिक कार्यमा घुस तन्त्र मौलाएको, सामान्य काम गर्न पनि पैसा तिर्नुपर्ने बाध्यतालाई देखाउँदै नेपाली जनताको करबाट आफ्नो तलब भत्ता खानेहरू उनीहरूको काममा उत्तरदायी नहुने प्रशासनिक व्यवस्थाको चर्चा पनि कवितामा छ । नेपाली जनताले प्राप्त गर्ने भनेको नेताहरूका चिप्ला मिठा भाषणहरू मात्र भएको कुरा व्यक्त गरेका कविले नेपालको राजनीतिक गतिविधि विदेशीहरूको इसारामा चल्ने कुरा व्यक्त गर्दै हाम्रा अपरिपक्व नेताहरूले कसरी देशको भविष्य निर्माण गर्छन् भन्ने भाव पनि व्यक्त गरेका छन् । जस्तैः

भ्रष्टचार बढेको छ नेता छन् बिक्री कक्षमा
प्रशासन तुह्यो निष्टा टाँसियो धन पक्षमा
विदेशकै इशारामा चल्छ राशन / शासन

रैतिले सुविधा भन्नु पाउँछन् शुद्ध भाषण ।

(**आज एउटा जुलुस निस्किदैछ**, पृ. ६३)

राजनीतिको खोल ओडेर त्यसैको आडमा विभिन्न राजनीतिक दल र त्यसका नेताहरूले अमानवीय व्यवहार गरिरहेका हुन्छन् । आफ्नो स्वार्थ पुरा गर्न जनताका हक अधिकारको हनन् गर्छन् । हत्या हिंसालाई प्रश्रय दिदै दोषीहरूलाई राजनीतिक संरक्षण दिने प्रवृति मौलाएको प्रति कविले चिन्ता प्रकट गरेका छन् । राजनीतिक दलहरूले आफ्ना कार्यकर्ताले जसो गरे पनि छुट दिने प्रवृत्तिले देशमा अराजकता बढेको कुरा गर्दै कविले यस्ता गलत प्रवृत्ति बोकेकाहरूप्रति निरन्तर खबरदारी गर्नुपर्ने धारणा राखेका छन् ।

### ५.१.५ प्रकृति चित्रण

प्राकृतिक रूपमा सुन्दर रहेको पूर्वी नेपालको पाँचथर र इलाम जिल्लामा हुर्किएका कवि खोलाघरे साहिँलोले आफ्ना कविताहरूमा प्रकृतिका सुन्दर दृश्यहरूको वयान गरेका छन् । प्रकृतिका मनमोहक दृश्यहरू हिमाल, पहाड, तराइका फाँटहरू, वन जङ्गल र यसमा रमाएका डाँफे मुनाल, मृग आदि वन्य जन्तुहरूको वर्णन गरेका कविले शरद् ऋतुको आगमनलाई हिमालले मसक्क मस्किएर स्वागत गरिरहेको कुरा प्रस्तुत गर्दै वर्षे झरी, हिलो मैलो सबै सुकेर डाँडा काँडाहरू उघ्रिएको सुन्दर दृश्यको वर्णन गरेका छन् । जस्तैः

हिमाल उघ्रेर मसक्क मस्कियो

हिलो र वर्षा पर भो लघारियो

अहो ! शरद् सुन्दर चाँदनी छरी

आएछ माया मुटुमा भरी भरी ।

(**सानो छन्द वाटिका**, पृ. ३९)

प्राकृतिक सुन्दरताको वयान गर्ने क्रममा नेपाल जस्तो सुन्दर भूमिमा जन्म लिन पाउँदा कविले आफूलाई भाग्यमानी ठानेका छन् । नेपाली हिमाल, पहाड, पाखा पखेराहरूको वयान गर्दै प्राकृतिक रमणीयतामा भुलेका कवि खोलाघरेले नेपालीहरूको महान् चाड विजया दशमीको आगमनसँगै प्रकृतिले मुहार फेरेको कुरा उल्लेख गरेका छन् । बिहानको झुल्के घाम हिमालको टाकुरा पर्दा दुलही सिँगारिएझैं देखिएको सुन्दर दृश्यलाई कवितामार्फत् व्यक्त गर्दै कविले कञ्चनजङ्घालाई बेहुली र अरु हिमश्रृङ्खलाहरू जन्तीको रूपमा लामबद्ध भएर पूर्वतिर लम्किरहेको

आभास गरेका छन् । लहरै उभिएका हिमश्रृङ्खलाहरूलाई कविले पल्टनका सैनीकहरू कवाज खेल्न लामबद्ध उभिएको झैँ भनी यसरी उपमा दिएका छन् :

कञ्चनजङ्घालाई बिहानीका झुल्काले बेहुली झैँ सिगारे

सुनौला वस्त्रधारी जन्तीहरूले आफ्नु अघि लगाए

पल्टनका सैनीकहरूले कवाज खेल्दा अघि बढे झैँ

हाम्रा हिमाली लहरहरू मानूँ पूर्वतिर बढिरहेछन् ।

(**आज एउटा जुलुस निस्किदैछ**, पृ.४७)

बादलको घुम्टो हटेर सुन्दर देखिएको आकाशलाई छाताको रूपमा वर्णन गरेका कविले हरियाली वन पाखा छेउमा तोरी झैँ लहरै फूलेका बुकी फूलहरू देख्दा प्रकृतिले आफ्नो आगमनमा खुसी भई पटुकी फुकाएर बिछ्याएकी पो हुन् की भन्ने भाव कवितामार्फत् व्यक्त गरेका छन् । जस्तै:

उँभो नीलो छाता गगन, वनको छेउ चहुर

जहाँ तोरी फूल्दासरी कती बुकीफूल लहर

मलाई नै देखि झटपट फुकाएर पटुकी

बिछ्याएकी लाग्यो प्रकृति रमणीले खुश भई

(**सानो छन्द वाटिका**, पृ. ४८)

प्रकृतिका सुन्दर काखमा हुर्किएका कवि खोलाघरेले पहाडको हरियाली वन जङ्गलसँगै तराइका फाँटमा झुलेका धानका बालाहरू र हिमालमा फुलेका गुँरासका लहरहरूको सुन्दर वयानका साथै नेपाललाई प्राकृतिक सम्पदाको खानीको रूपमा चिनाएका छन् । उनले प्रकृतिलाई मानवीय सत्ता प्रदान गरी त्यसको सौन्दर्यताको वर्णन सरल ढङ्गले गरेका छन् ।

### ४.१.६ प्रणयमूलकता

कवि खोलाघरे साहिँलोका कविताहरूमा प्रणय भाव पनि विषयवस्तुका रूपमा आएको देखिन्छ । देशको तत्कालीन अवस्था, प्राकृतिक सुन्दरता आदिको वयानका साथ साथै उनका कवितामा माया प्रेमका सौन्दर्यात्मक अभिव्यक्ति पनि पाइन्छ । कतै मिलनका मिठा पलहरूलाई सम्झिएका उनका कविताले विछोडका दुःखपूर्ण आवाजहरूलाई पनि उठान गरेका छन् । प्रेमलाई

संसारको बहुमूल्य चिजको रूपमा वर्णन गरेका कविले प्रेमिल वातावरणमा धन सम्पत्ति, जात भात, ठूलो सानो आदि केही पनि भेदभाव नहुने कुरा व्यक्त गरेका छन् । कविले प्रणय भावमा ओत प्रोत भएपछि संसारिक, भौतिक सुख सयल केही पनि नचाहिने भाव प्रस्तुत गरेका छन् । माया प्रेमलाई सबैभन्दा महत्त्वपूर्ण र प्रिय मानेका कविले नायक नायिकाको मिलनमा चौरासी व्यञ्जन, करोडौंका दरबार र आलीशान महलहरू पनि फिका हुने कुरा व्यक्त गरेका छन् । प्रेममय वातावरण भएपछि ढिडो र गुन्द्रुक अमृत झैँ मिठो र स्वादिष्ट हुने झुपडि नै महल भन्दा सुन्दर हुने, बोराकै ओछ्यान भएपनि महङ्गा पलङ् र बिछौनाभन्दा आनन्द प्रदायक हुने कुरा व्यक्त गर्दै माया प्रेममा भौतिक वस्तुको कुनै मूल्य नहुने कुरा कवितामा प्रस्तुत गरेका छन् । जस्तैः

ढिडो र गुन्द्रुक खाइयोस्
चाहे बोराकै ओछ्यान लाइयोस्
अलिकति मुटु मिसाउन पाए
हाँसो र रोदन मझेरीमा विसाउन पाए
ढिडो नै अमृत हुन्थ्यो व्यञ्जन चाहिन्थ्यो र ?
कटेरो नै दरबार हुन्थ्यो महल चाहिन्थ्यो र ?
घरै छैन भनेर भन्न पाइन्थ्यो र ?

(**आज एउटा जुलुस निस्किदैछ**, पृ. ३१)

संयोगान्त र वियोगान्त दुवै खालका प्रेमभाव प्रस्तुत गरेका कविले आफूभित्रका निजी प्रणय भाव पनि कवितामा प्रस्तुत गरेका छन् । कविले आफ्नी जीवन सङ्गिनीको विभिन्न क्रियाकलापको वर्णन गर्दै उनको मिठो बोली, बानी व्यवहार, हँसिलो मुहार आदि कुराको वर्णन गरी आफ्नो निजात्मक धारणा व्यक्त गरेका छन् । जस्तैः

मेरी भार्या छ खास्सा, हरदम हँसिली, झर्किने होइन बन्दै
यो झ्वाँकी छैन सत्ते ! मप्रति प्रतिपला, स्नेह दिन्छे विछट्टै
दुष्टा भै प्रातसन्ध्या, करकर घरमा, गर्न जान्ने भए पो
मुस्काइ बोल्न थाल्छे, श्रवणप्रीय कुरा, थाक्न जान्ने भए पो ।

(**सानो छन्द वाटिका**, पृ. ५१)

प्रेममा हुने धोका, विश्वास, घात, हर्ष, उन्माद, मिलन, विछोड आदि विविध विषयवस्तुलाई कवि खोलाघरे साहिँलाले आफ्ना कविता कृतिमा काव्यात्मक रूपमा प्रस्तुत गरेका छन् ।

यसरी कवि खोलाघरेले आफ्नो जीवन भोगाइको क्रममा आफू बाँचेको गाउँ समाजमा जे देखे, जे भोगे तिनै कुरालाई कविताको विषयवस्तु बनाएका छन् । उनका कवितामा जीवन भोगाईको स्पष्ट छाप भेट्न सकिन्छ । तिनै विषयवस्तुभित्र सिर्जित भावहरूका आधारमा नै कवि खोलाघरे साहिँलोका कवितात्मक मूल प्रवृतिहरू छुट्याइएको छ ।

## ४.२ आज एउटा जुलुस निस्किदैछ कविता सङ्ग्रहको अध्ययन

### ४.२.१ परिचय

**आज एउटा जुलुस निस्किदैछ** (२०५७) कविता सङ्ग्रह कवि खोलाघरे साहिँलोको पहिलो साहित्यिक कृति हो । यस कृतिमा उनले २०४६ देखि २०५५ सालसम्म रचना गरेका जम्मा ३० वटा कविताहरू सङ्ग्रहित छन् । कवि आफैले २०५६ सालमा प्रकाशन गरेको यो कृतिको पहिलो संस्करण मात्र प्रकाशित छ । ज्ञानेन्द्र वाग्लेको आवरण सजावट रहेको प्रस्तुत कृतिको मूल्य रू. २२ रहेको छ ।

गद्यात्मक र पद्यात्मक दुवै शैलीका कविताहरू रहेको **आज एउटा जुलुस निस्किदैछ** कविता सङ्ग्रहमा कवि खोलाघरेका प्रारम्भिक चरणका कविताहरू समेटिएका छन् । जीवन भोगाईका क्रममा आएका विभिन्न परिस्थिति, संवेदना, सुख दुःखका क्षणका साथै देशको राजनीतिक, आर्थिक, सामाजिक घटनाक्रम, विकृति विसङ्गति र त्यसले समाजमा पारेको असर आदि विभिन्न विषयवस्तुहरू प्रस्तुत कृतिमा पाइन्छ । प्रजातन्त्र प्राप्तिका लागि भएका आन्दोलन, फेरिएका शासन सत्ता र जनतामा देखिएका हर्ष विस्मातका क्षणहरूलाई यथार्थ ढङ्गले प्रस्तुत गरेका खोलाघरेले कविताका माध्यमबाट देशका सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक विकृति विसङ्गतिलाई उजागर गर्दै सुधारको पक्षमा आवाज उठाउँदै आफ्नो प्रगतिवादी विचारधारा प्रस्तुत गरेका छन् ।

प्रस्तुत **आज एउटा जुलुस निस्किदैछ** कविता सङ्ग्रहमा जम्मा ३० वटा कविताहरू रहेका छन् । जसका शीर्षक 'देवकोटप्रति', 'मोतिस्मृति', 'सम्झेकी छ अरे', 'एउटा तप्तप्रसाद', 'परिचय', 'चालिस टेकेछु नी', 'म शिक्षक', 'हिमाल', 'अत्यन्त खाँचो थियो', 'इलाम', 'बालकप्रति', 'मेरो गाँउ', 'विद्यालय', 'टोपी', 'भैगो अब कुरै सकियो', 'सानी ! आफ्नो त घरै छैन', 'आज एका बिहानी मै', 'छैठीका दिन', 'जीन्दगी कस्तो ?', 'यस्तै छ मेरो घर', 'कसरी भनूँ', 'मेरो माटो', 'धेरै दिन पछि

आज कविता कोर्दै छु', 'कविता नलेखिएको दशैं', 'आज एउटा जुलुस निस्किदै छ', 'मान्छे, सावधान फेरी वान्तवाहरू मारिदैछन्', 'चिठी मोतीराम भट्टलाई', 'जोर चलेन' रहेका छन् ।

विभिन्न शास्त्रीय छन्द र वेछन्दका कविताहरू रहेको यस सङ्ग्रहलाई संरचना, भाषाशैली मूलभाव वा विचार, विषयवस्तु, लयविधान, आदि कविता तत्त्वका आधारमा अध्ययन गरिएको छ ।

### ४.२.२ विषयवस्तु

विषयवस्तु कविताको एक महत्वपूर्ण तत्त्व हो । यसैका आधारमा साहित्यले आफ्नो स्वरूप ग्रहण गर्दछ । कुनै पनि साहित्यक रचनाको विषयवस्तु जति राम्रो हुन्छ त्यतिनै कृति गहकिलो हुन्छ । कवि खोलाघरे साहिँलोको **आज एउटा जुलुस निस्किदैछ** कविता सङ्ग्रहमा विभिन्न विषयवस्तु र भावहरू समेटिएका छन् । जीवन जगतमा भोगेका, देखेका यथार्थ घटनाहरूको सजीव चित्रण गरिएका उनका कविताहरूमा देशको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक गतिविधिका साथै देशमा भएका विभिन्न आन्दोलन, त्यसले ल्याएका परिर्वतन र समाजमा पारेको प्रभाव जस्ता विषयवस्तुहरू पाउन सकिन्छ । त्यसै गरी माया प्रेम सम्बन्धी शृङ्गारिक भावहरूलाई समेत कवितामा अटाएका कवि खोलाघरेले आफ्ना रचनामार्फत् प्रकृतिको सुन्दर र मनमोहक चित्रण पनि गरेका छन् ।

जीवन र जगत्लाई भिन्ना भिन्नै कोणबाट अध्ययन गरेका कविले जीवनलाई कतै निरस कतै विसङ्गत कतै दुःख, पीडा त कतै सङ्घर्षका रूपमा परिभाषित गरेका छन् । प्रस्तुत कविता सङ्ग्रहभित्र समावेश भएका विषयवस्तुहरूलाई निम्न लिखित बुँदामा समेटेर अध्ययन गर्न सकिन्छ ।

#### क. देशप्रेम

देशको सामजिक, आर्थिक, सांकृतिक, राजनीतिक आदि विभिन्न विषयमा चिन्तित रहेका खोलाघरेका कवितामा राष्ट्रवादी स्वर प्रखर रूपमा आएको देखिन्छ । आफ्नो देशको माटोप्रति प्रेमभाव दर्शाएका कविले नेपालको जल, जङ्गल आदि विभिन्न प्राकृतिक सम्पदाहरूमा कुदृष्टि लगाई हाम्रो देशको सीमा अतिक्रमण गर्न खोज्नेहरूलाई धुर्त स्याल र खरिजुकाको उपमा दिएका छन् । आफ्ना भनाउँदाहरू नै राष्ट्रघाती भएर देश अस्तव्यस्त बनाउन लागि परेको यथार्थलाई उजागर गर्दै आफ्नो सास रहेसम्म एक मुठी माटो कसैलाई पनि नदिने प्रण गरेका कविले देश रक्षार्थ आईलाग्नेहरू माथि जाइलाग्ने भाव यसरी व्यक्त गरेका छन् :

धुर्त स्यालहरू राइफल भएर मेरो माटो खोस्न झम्टिन्छन्

खरिजुकाहरू माटो चुस्न झम्टिन्छन्

स्यालहरूको जमात भित्र म छक्क पर्छु

मेरा केही आफन्तहरू

स्यालको अगुवाई गर्दैछन्

खवरदार !

म चिच्याउँछु अनायास

'म ज्यान दिन्छु माटो दिन्न'

म अनियन्त्रित भएर जाईलाग्छु ती सबैमाथि

आक्रामक भएर

उग्रभएर

काँचै निलुलाझैं भएर ।

(मेरो माटो, पृ. ४३)

आफ्नो संस्कार र संस्कृतिलाई भुलेर विदेशी संस्कृतिको अनुसरण बढिरहेको परिप्रेक्ष्यमा कविले नेपाली राष्ट्रियताको भाव झल्काएका छन् । उनले आफ्नो संस्कार बिर्सने, राष्ट्रियता बिर्सने, दौरा सुरुवाल, टोपी आदि नेपाली पोशाकलाई हीन भावले हेर्ने, घृणा गर्ने र क्याप, सुटको गुणगान गाउनेहरूलाई असभ्य, कुपुत्र र देशघातीको संज्ञा दिएका छन् । जस्तैः

आफ्नो राष्ट्रियतालााई पाखे भन्ने कुपूत्र हो

दौरालाई हियाएर सूट खोज्ने असभ्य हो

टोपी छाडेर अर्काको फेटा खोज्ने असभ्य हो

आफ्नो हेपेर अर्काको अङ्गाल्ने देशघाती हो ।

(टोपी, पृ. २७)

कविले हामी नेपाली स्वतन्त्र छौ र सधै स्वतन्त्र भएर जीउन चाहन्छौ भन्दै स्वाभिमानी हामी कसैको पनि उपनिवेश स्वीकार नगर्ने कुरा व्यक्त गरेका छन् । कुनै पनि सुगौली सन्धि कोशी,

गण्डकी सन्धि, वाणिज्य सन्धि आदिका नामबाट हाम्रा सीमा मिच्न खोजिएको प्रति विरोध गर्दै देश रक्षार्थ डटेर लाग्ने कुरा यसरी व्यक्त गरेका छन् ।

म मुठीभित्र कस्छु मेरो माटो
स्नेहले द्रविभूत भएर
झुकेर ठोकरहरू / ठेसहरू हेर्छु
कुनै वाणिज्य सन्धि
कुनै कोशी /गण्डकीका पानीहरू
माने भञ्ज्याङ् / टिङ्कर र सुस्ताहरू
इतिहासहरू पो रहेछन्
विस्तारवाद उपनिवेशहरू पो रहेछन्
मलाई ठेस लाग्ने गौडाहरू ।

(मेरो माटो पृ. ४०)

यसरी कवि खोलाघरेले नेपालको राष्ट्रियता कमजोर हुँदै गइरहेको प्रति सङ्केत गर्दै आफ्नो अस्तित्व र स्वाभिमान रक्षार्थ सबै एक जुट भएर लाग्नुपर्छ भन्ने राष्ट्रवादी भाव कवितामार्फत् प्रस्तुत गरेका छन् ।

**ख. राजनीतिक चेत**

कवि खोलाघरेले आफ्ना कविताहरूमा देशमा भएका राजनीतिक गतिविधिका सकारात्मक र नकारात्मक दुवै पक्षलाई विषयवस्तुका रूपमा समेट्दै राजनीतिक सचेतता देखाएका छन् ।

नेपालमा चलेका विभिन्न शासन सत्ताको चर्चा गर्दै ३० वर्षे पञ्चायती व्यवस्थामा नेपालीहरू राजनीतिक, आर्थिक, सामाजिक आदि विभिन्न रूपमा पीडित हुनु परेको नेपाली जनताहरूको स्वच्छन्द रम्ने चाहना माथि अङ्कुश लागेको, स्वतन्त्रता हनन भएको कुरा कविले व्यक्त गरेका छन् । वि. सं २०४६ को आन्दोलनपश्चात् जनताले आफ्ना गुमेका अधिकारहरू फिर्ता पाएको खुसियालीमा स्वतस्फूर्त रूपमा विजयोत्सव मनाउन सबै नेपालीहरू कुना कुनाबाट सडकमा निक्लिएको र जुलुसमा सहभागी भएको कुरा कविले यसरी व्यक्त गरेका छन् ।

अनायस चुँडिएका छन् वन्धनका साङ्लाहरू चट्चट् चट्

हिजोका असम्भाव्य चिन्तन तरेलीहरू

आज आँगनमा नाच्दै छन् विपना व्युँझाएर

आमा ! ए हाम्री आमा ॥

कुनै भित्रि कुनाबाट

आमा आँखाका कोश ओभाना पार्दै आउँछिन्

आमा लस्करमा सहभागी हुन्छिन्

आज एउटा जुलुस निस्किदै छ ।

(आज एउटा जुलुस निस्किदै छ पृ. ५१)

कवितामा बिग्रदो देशको अवस्थाप्रति कवि चिन्तित र सचेत रहेका छन् । देश निर्माण गर्ने भनी जति दलहरू आए पनि सबै एउटै भएको र आफ्नो हितमा मात्रै काम गरेकोप्रति चित्रित गर्दै देश बनाउन जनता एकजुट भएर लाग्न आह्वान समेत गरेको पाइन्छ ।

**ग. प्रकृति चित्रण**

प्रकृतिकै सान्निध्यमा हुर्केका कवि खोलाघरेले आफ्ना कविताहरूमा हिमाल, पहाड, तराइका विभिन्न ठाँउको हावापानी खोला, झर्ना, ताल आदि प्राकृतिक छटाको सुन्दर चित्रण गरेका छन् । कविले हिमाललाई सेतो पगरी गुथेर अझै अग्लो हुँदै गएको आकाश छुन लम्किएको हो वा स्वर्ग पुग्न हो भन्ने प्रश्न गरेका छन् । हिमाललाई मानवीकरण गर्दै हिम श्रृङ्खलाको सुन्दर दृश्यलाई सुकिला वस्त्रधारण गरी बेहुली लिन हिँडेका जन्तीको लस्करसँग तुलना गरेका छन् । जस्तैः

टलक्क सेता पगरी गुथेर अग्ला चुली उन्नतमै उठेर

जान्छौ कहाँ ए ! सब शून्यतर्फ, आकाश नीलो हुन हो कि स्वर्ग

दोलाइ ओढी सुकिला हिउँका, ताँती चलेका हर एक ढीस्का

ए जन्ती ! जान्छौ किन पूर्वतर्फ ? को आउँछे बेहुली भोलि भित्र ।

(हिमाल पृ. १३)

नेपालीहरूको महान चाड विजया दशमीलाई स्वागत गरिरहेको शरद ॠतुमा देखिने सुन्दर प्रकृतिको वर्णन गर्दै कविले बिहानीको झुल्के घामको पहिलो किरण हिमालमा पर्दा कञ्चनजङ्घा

नवबधू झैं सिँगारिएको र अरु हिमालहरू जन्ती झैं लामवद्ध भएर पूर्वतिर लम्किरहेको आभाष यसरी गरेका छन् :

कञ्चनजङ्घालाई बिहानीको झुल्काले वेहुलीझैं सिँगारे
सुनौला वस्त्रधारी जन्तीहरूले आफ्नो अघि लगाएर
पल्टनका सैनिकहरूले कवाज खेल्दा अघि बढेझैं
हाम्रा हिमालहरू पूर्वतिर बढिरहेका छन् ।
मधेश, वेंशी र झरनाहरू धानमा लहबरी खेल्दैछन्
पहाडी खोला र झरनाहरू मीठो सङ्गीत सुसेल्दै छन्
शरदको मनोरम दृश्यमा हाम्रो देश नाचिरहेको छ
निम्तो दिदै छ दशैलाई चिटिक्क पारेर सिंगारिएर ।

(कविता नलेखिएको दशैं, पृ. ४७)

प्रस्तुत कवितांशमा हिमाली मनोरम दृश्यहरूको वर्णन गर्दै हिमालबाट वहने नदीहरूले सिञ्चित भई तराइका फाँटहरूका झुलिरहेका धानका बालाहरूले दशैंको स्वागत गरिरहेको भाव व्यक्त भएको छ ।

**घ. स्थानीयताको चित्रण**

पूर्वको सुन्दर नगरी इलामलाई आफ्न

ो कर्मथलो वनाएका कवि खोलाघरेले आफ्ना रचनामार्फत् आफू हुर्केको स्थानीय परिवेश, धार्मिक तथा पर्यटकीय स्थलहरूको परिचय दिदै स्थानीयताको चित्रण गरेका छन् । प्राकृतिक रूपमै मनमोहक रहेको सुन्दर र शान्त जिल्ला इलामलाई विभिन्न प्रकारले चिनाउने क्रममा त्यहाँ भएका नदीनाला, झर्ना, ताल आदिको वर्णन गरेका कविले पूवाञ्चलका अरु स्थानको पनि चर्चा गरेका छन् । यसै गरी इलाम जिल्लाको विकास निर्माणका पक्षलाई कवितामा समेट्ने प्रयास गरेका छन् ।

आलु, अलैंची, अदुवा, ओलन, अम्रिसो, अकबरे खोर्सानी, अर्थोडक्स चिया जस्ता सात अका नामले प्रसिद्धि कमाएको इलाममा भएका जलविद्युत आयोजनाहरूले देश नै झलमल्ल पारेको कुरा व्यक्त गर्दै कविले हरिया डाँडा, पाखा, साल, सल्ला, धुपिका बोट र चियावारीको सुन्दर दृश्यले कसको यो मन लोभ्याउदैन र भन्ने भाव व्यक्त गरेका छन् । जस्तैः

पहाड छेकेर सुरुङ् वनाई, छेकी पुवा माइ त्यतै वगाई
वल्दो छ राति विजुली झलल्ल, हाँस्तै छ झैं वैभव हल्ल हल्ल
कर्मण्ययता हाँस्छ इलाम भित्र, उब्जाई नाना फल शीघ्र शीघ्र
अलैची, अद्वा अनि अम्लिसाको निर्यातले तान्दछ दाम पोको ।

(इलाम, पृ. १५)

यस्तो सुन्दर इलामलाई अझै सुन्दर बनाउन सबै एकजुट भएर लाग्न कवितामार्फत् यसरी आह्वान गरेका छन् :

जिल्ला भरिकै सब उठ्नु पर्छ विर्सेर कुण्ठाहरू जुट्नु पर्छ

जुटाउदै कर्मठ हात लाखौ युगै उछिन्ने गरी कीर्ति राखौ ।

(इलाम, पृ. १६)

### ङ. युगीन यथार्थ

आफ्ना रचनामार्फत् समाजका यथार्थ घटनाहरू चित्रण गर्न सफल खोलाघरेले समाजमा हुने गरेका सत्य, तथ्य गतिविधिहरूलाई कवितामा उतार्ने प्रयास गरेका छन् ।

निम्न वर्गीय ग्रामीण परिवारमा जन्मिएका कविले आफूँ बाँचेको समयको गाँउले जीवन दुःख, पीडा, अभाव आदिलाई जस्ताको तस्तै वर्णन गरेको पाइन्छ । उनले गरिबीका कारण कामको खोजीमा विदेशिन बाध्य नेपाली युवायुवतीहरूको दयनीय अवस्थाको चित्रण गरेका छन् । देशको राजनीतिक दुरावस्थाले निम्त्याएको आर्थिक सङ्कट र बेरोजगारी समस्याका कारण हरेक दिन नेपालीहरू कामको खोजीमा मलेसिया, कतार लगायत विभिन्न खाडी तथा अन्य मुलुकमा गएका र अकालमा आफ्नो ज्यान गुमाएको दयनीय अवस्थालाई कविले यसरी व्यक्त गरेका छन् :

शान्ति सेनमा गएका छन् ए, वी, सीहरू

खाडी देश र अन्य देशतिर गएका छन् क, ख, गहरू

बेलैमा आइपुग्ने खवरले रमाएका छन्  बाबुहरू / आफन्तहरू

तर क, ख, ग र ए, वी, सीहरू एयरपोर्टमा आइपुग्छन् लास भएर

भर्खरै वर्षी पुगेका सन्तान काखी च्यापेर

रमादेवी, सुन्तली, मैंया, सुनाहाङ्मा आदि

आर्यघाटमा पतिको चितामा आगो लगाउँछन्

अनि हृदय फुटाएर रुन्छन् क्वाँ ऽऽ क्वाँ ऽऽ ।

(कविता नलेखिएको दशैं, पृ. ४८-४९)

देशको अवस्था दिनप्रति दिन बिग्रदै गएको, क्षमता योग्यता भन्दा नातावाद, कृपावाद हावी भएको, अपराधीहरूलाई राजनीतिक संरक्षण दिएर समाजलाई आतङ्कित बनाएको कुराप्रति कवि चिन्तित देखिन्छन् । धनी र गरिव बीचको दुरी बढिरहेको हाम्रो नेपाली समाजमा धनीहरू अझै धनी बनिदै जाने र गरिवहरू तलै रहने गरेको आर्थिक असमान अवस्थाको चर्चा गर्दै कविले वर्तमान नेपालको असमान्य अवस्थालाई पनि देखाएका छन् । जस्तैः

धनी झन् चुलिदै जान्छन् दुःखि झर्छन् अझै तल

सत्यवादीहरू घट्छन् पापी नै हुन्छ उन्नत

अस्तव्यस्त भयो राज्य त्राही छन् निमुखा जन

'माथि'को करुणा भेट्ने कसैले पाउछन् चना

(चिठी मोतीराम भट्टलाई, पृ. ६१)

देशमा विभिन्न कालखण्डमा भएका आन्दोलनहरूले शासन सत्ता परिवर्तन गरेको शासनको बागडोर समाउनेहरू फेरिएका तर नेपाली जनताका समस्याहरू समाधान गर्ने कोही नभएको कुरा कवि व्यक्त गर्छन् । जनता र देशको उन्नति, प्रगति भन्दा आफ्नो प्रगति ठूलो ठान्नेहरू नेपालीका दुःख, पीडका विषयमा अन्धा झैं भएकाले आफ्ना हक र अधिकार कतै हनन हुने त होइन भन्दै चिन्ता व्यक्त गरिएका भावहरूलाई पनि यस कविता सङ्ग्रहले समेटेको छ । धेरै त्याग र बलिदानले आएको प्रजातन्त्र गुम्न नदिन सबै सचेत हुनुपर्ने कुरा व्यक्त गर्दै कविले नेपाली राजनीतिको नाङ्गो यथार्थलाई आफ्ना सिर्जनामार्फत् यसरी प्रष्ट पारेका छन् :

हाम्रा जनप्रतिनिधिहरू कतिपय अन्धा भएका छन्

व्यक्तिवादीता, स्वार्थान्धता उनीहरूका धन्दा भएका छन्

चुनाव खेल जस्तो भएको छ

मातृभूमि हाम्रै लागि जेल जस्तो भएको छ ।

स्वार्थी विधेयक ल्याइदै छन् रे

जन विरोधी कानुन बन्दै छन् रे

सावधान हाम्रा बाँच्ने अधिकार लुटिदै छ रे ।

(सावधान फेरी वान्तवाहरू मारिदै छन्, पृ. ५९)

नेपालका कर्मचारीहरूको तलव सुविधाको असमानतालाई कविले प्रष्ट पार्ने प्रयास गरेका छन् । कवि आफैं पनि एक सरकारी कर्मचारी भएकाले आफूले भोगेका यथार्थ घटनाहरूलाई आफ्ना भावनामार्फत् प्रस्तुत गरेका छन् । योग्यता भन्दा चाकडीको महत्त्व बढी भएको हाम्रो देशमा ठूला भनाउँदाहरूलाई खुसी बनाउन सकेमा जस्तो काम पनि पाइने यथार्थता कवितामा पाइन्छ । दिनभरि खट्ने कर्मचारीको भन्दा हाजिर मात्र गर्ने कर्मचारीहरूको तलव सुविधा बढी भएको कुरा व्यक्त गर्दै सार्क राष्ट्रमध्ये कम जागिर भएको देश नेपालमा सरकारी जागिरेले परिवारको गुजारा चलाउनै गाह्रो पर्ने यथार्थता र आफ्नो अनुभव पनि कवितामार्फत् पोखेका छन् । जस्तैः

सार्क राष्ट्रहरूमध्ये कम जागिर मान छ

योग्यको भाउ थोरै छ गफीको बढी शान छ

चुक्ली चाकडी जान्दा त योग्यता किन चाहियो

आफ्नो चाकडी चल्दैन त्यसैले सास्ती खाइयो ।

(चिठी मोतीराम भट्टलाई, पृ. ६२)

नेपालको तत्कालीन अवस्थालाई सरलताका साथ आफ्ना रचनामा अटाउन सफल कवि खोलाघरेले देशका सामाजिक, राजनीतिक आदि विभिन्न क्षेत्रमा देखिएका विकृति विसङ्गतिलाई केलाउँदै पाठकमाझ सत्य तथ्य घटनाहरू प्रस्तुत गरेका छन् । बढ्दो बेरोजगारी समस्याले निम्त्याएको बाध्यात्मक परिस्थिति, राजनीतिक अस्थिरताले निम्त्याएको गतिविधि जनताका आशा र भरोसालाई तोड्ने नेताहरूका कियाकलाप आदिको यथार्थ चित्रण खोलाघरेको **आज एउटा जुलुस निस्किदै छ** कविता सङ्ग्रहमा पाइन्छ ।

### च. साहित्यकारप्रति सम्मान भाव

कवि खोलाघरले आफ्ना रचनाहरूमा नेपाली साहित्यका विभिन्न साहित्यकारहरूप्रति सम्मान भाव प्रकट गरेका छन् । सानैदेखि साहित्यिक क्षेत्रमा सङ्लग्न कविले कविताहरूमा नेपाली कविहरूलाई प्रेरणा श्रोतका रूपमा लिएर सम्मान भाव व्यक्त गरेका छन् । जस्तै :

लक्ष्मी इन्दू गगन भरिका काव्यका सिर्जनाका

लक्ष्मी शिल्पी सपूत गुणवान ब्राह्मीका शारदाका

यो सम्झौटो अतिकम छ हे ! शुद्ध आस्था लिएर

गर्छौ श्रद्धाञ्जलि  सवफुचा भावमा निस्किएर ।

(देवकोटाप्रति, पृ. १)

झीना शब्दभरी अटाउँ कसरी अच्युत तिम्रा कृति

हामी झल्झली देख्दछौ कृतिभरी उत्फूल्ल त्यो आकृति

श्रद्धा छन् मुटुमा अनन्त खुशीका तिम्रा ठूला कीर्तिले

पर्दैनन् कविता शरण तर सवै चल्छन् वडा प्रीतले ।

(मोती-स्मृति, पृ. ४)

माथि प्रस्तुत पहिलो कवितांशमा कविले महाकवि लक्ष्मीप्रसाद देवकोटाप्रति श्रद्धाञ्जली भाव व्यक्त गरेका छन् । दोस्रो कवितांशमा मोतीराम भट्टले गरेका साहित्यिक सिर्जनाको प्रशंसा गर्दै उनीप्रति सम्मान दर्शाएका छन् ।

**छ. प्रेमभाव प्रकट**

कतै देशको राजनीतिक अवस्था कतै तत्कालिक अराजक र अस्तव्यस्त गतिविधि, विकृति विसङ्गति त कतै राष्ट्रियताका प्रखर स्वरहरू कवितामार्फत् गुञ्जाएका कवि खोलाघरेले रचनामा मायाँ पिरतीका सौन्दर्यात्मक भावलाई पनि अटाएका छन् । विविध विषयवस्तुहरूलाई कवितामा समावेश गरी साहित्यिक सिर्जनलाई उत्कृष्ट बनाउने प्रयास गरेका कविको **आज एउटा जुलुस निस्किदै छ** कविता सङ्ग्रहभित्रका 'सम्झेकी छ अरे', 'अत्यन्त खाँचो थियो', 'भैगो अब कुरै सकियो', 'सानी आफ्नो त घरै छैन' आदि कविताहरूमा मायाँ प्रेम सम्बन्धी धारणा पाइन्छ ।

प्रेमलाई संसारको सबैभन्दा महत्त्वपूर्ण र बहुमूल्य मानेका कविले प्रणय भाव यसरी पोखेका छन्:

ढिंडो र गुन्द्रुक खाइयोस्

चाहे बोराकै ओछ्यान लाइयोस्

अलिकति मुटु मिसाउन पाए

हाँसो र रोदन मझेरीमा विसाउन पाए

ढिंडो नै हुन्थ्यो, व्यञ्जन चाहिन्थ्यो र ?

कटेरो नै दरबार हुन्थ्यो महल चाहिन्थ्यो र ?

घरै छैन भनेर भन्न पाइन्थ्यो र ?

गुनासो पोख्ने इच्छा छैन, साँच्चै त्यस्तो रहरै !

तर सानी ! आफ्नो त घरै छैन ।

(सानी ! आफ्नो त घरै छैन, पृ. ३१)

प्रस्तुत कवितांशमा माया प्रेमलाई सबैभन्दा प्रिय र महत्त्वपूर्ण रूपमा हेरिएको छ । प्रेममय वातावरण भएपछि चौरासी व्यञ्जन, करोडौका महल र दरवारहरू केही चाहिँदैन । गुन्द्रुक ढिंडो नै अमृत झैं मिठो र स्वादिष्ट हुने, कटेरो नै दरबार र महल भन्दा सुन्दर हुने बोराकै ओछ्यान भएपनि महङ्गा पलङ् र ओछ्यानभन्दा आरामदायी हुने कुरा व्यक्त भएको छ । दुई आत्माको मिलन भए धन सम्पति भन्दा बहुमूल्य हुने कुरा व्यक्त गर्दै कविले सबै दुःख पीडा भुलाएर संसारको सबैभन्दा खुशी दिने एकमात्र चीज प्रेम नै हो भन्ने कुरा प्रस्तुत गरेका छन् ।

कविले प्रेममा स्वार्थीपनका कारणले विछोड भएको प्रसङ्गलाई यसरी सुन्दर ढङ्गले व्यक्त गरेका छन् :

आँखा नओराली एकै टकले हेरियो
मनमा मन बेरियो भावमा भाव बेरियो
आफैंलाई एउटा बलियो पर्खालमा घेरियो
परार्थी भावनाको उचाइको चुली पनि चाढियो
स्वार्थी भावनाको होचाइको फेदै पनि झरियो
भैगो अब कुरै सकियो ।

(भैगो अव कुरै सकियो, पृ. २९)

प्रियतमका आँखाहरूमा अनवरत आँखा जुधाएको मनका पिर मर्का, दुःख सुखका भावहरू साटेको, विभिन्न रमाइला पलहरू विताएको क्षण सम्झदै प्रेमभन्दा स्वार्थीपन बढी भएकाले सफलता पाउन नसकिएको कुरालाई कविले सुन्दर ढङ्गले प्रस्तुत गरेका छन् ।

जति नै धन भए पनि प्रेमिल वातावरण भएन भने सुखको अनुभूति हुन नसक्ने भाव खोलाघरेका कवितामा पाइन्छ । उनले माया प्रेमको सौन्दर्यात्मक भावलाई उच्च स्थानमा राखेर कविता सिर्जना गरेका छन् ।

### ४.२.३ संरचना

कवि खोलाघरे साहिँलाको **आज एउटा जुलुस निस्किदै छ** कविता कृतिका कविताहरू ६४ पृष्ठमा विस्तारित छन् भने यसमा जम्मा ३० वटा कविताहरू रहेका छन् ।

नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाप्रति सम्मान भाव प्रकट गर्दै लेखिएको 'देवकोटाप्रति' कविताबाट थालनी भएको प्रस्तुत सङ्ग्रहको अन्त्य 'जोर चलेन' शीर्षकको कविताबाट भएको छ । गद्य, पद्य दुवै शैलीलाई समावेश गरी रचिएका यस सङ्ग्रहका कविताहरूमा पद्यका तुलनामा गद्य कविताहरू केही लामा देखिन्छन् । छन्दका कविताहरूमा सबैभन्दा छोटो ३ श्लोकको 'अत्यन्त खाँचो' थियो र सबैभन्दा लामो १९ श्लोकको 'इलाम' शीर्षकको कविता रहेको छ । गद्यात्मक कविताहरू कुनैमा श्लोक सङ्ख्या राखिएको छ भने कुनैमा श्लोक सङ्ख्यालाई त्यति महत्त्व दिइएको पाँइदैन । गद्य कविता विस्तारित हुने क्रममा १६७ हरफसम्म फैलिएको पाइन्छ ।

अधिकांश कविताहरूमा आदि, मध्य र अन्त्यानुप्रासको संयोजन गर्ने प्रयास गरिएको प्रस्तुत कृतिमा प्रश्नवाचक, पूर्णविराम, अल्पविराम, योजक आदि चिह्नहरूको समुचित प्रयोग गरिएको छ । जस्तैः

आखिर प्रकाश त प्रकाशै हो नि !

कोही छ ? अब जुनकिरी भनेर हेप्ने ?

कसैको हिम्मत छ ? हत्केलामै किच्याउछु भन्ने ?

हेर, ऊ.................... पारि पारिसम्म उज्यालो !

(आज एउटा जुलुस निस्किदैछ, पृ. ५४)

'म तप्तप्रसाद पो हुँ त ! "

साच्चै तातो छ 'तप्तप्रसाद' ।

भावनात्मकता होइन, कल्पनाशीलता छैन

गरिने हो त घर गृहस्थी ?

पूर्वका पाटा – पाटा मन पर्छन्

पूर्वका बाटा – घाटा मन पर्छन्

पूर्वका डाँडा – काँडाले अठ्याउँछन्

मन्त्रमुग्ध पारेर ।

(एउटा तप्तप्रसाद, पृ. ८, ९)

मझौला आकारमा रहेको यस सङ्ग्रहका कविता घटिमा एक पृष्ठदेखि बढिमा पाँच पृष्ठसम्मका छन् । २६औं कविता **आज एउटा जुलुस निस्किदैछ** शीर्षकबाट समग्र कृतिको नामाकरण गरिएको छ ।

### ४.२.४ भाषाशैली

कुनै पनि साहित्यिक कृति उत्कृष्ट हुनका लागि भाषाका साथै शैली पनि सुन्दर हुनुपर्दछ । भाषिक छनौटका दृष्टिले कवि खोलाघरे साहिँलाको **आज एउटा जुलुस निस्किदैछ** कविता सङ्ग्रहलाई हेर्दा पद्यात्मक भन्दा गद्यात्मक कविता तुलनात्मक रूपमा केहि जटिल देखिन्छन् । प्रस्तुत कविता कृति भित्र नेपाली जनजीवनमा प्रचलित भाषाहरूका साथै हिन्दी, संकृत, अंग्रेजी र कतै कतै नेवारी भाषाको प्रयोग पाइन्छ भने पूर्वेली भाषिकाको प्रयोग पनि प्रसस्तै भेटिन्छ ।

सानैदेखि भारतमा बसी संस्कृत शिक्षा आर्जन गरेका कवि खोलाघरेका कविताहरूमा संस्कृत र हिन्दी भाषाको प्रयोग स्वभाविक मान्न सकिन्छ भने पूर्वकै बासिन्दा भएकाले पूर्वेली भाषिकाले कवितामा स्थान पाउनु पनि उचित मान्न सकिन्छ ।

भाषिक प्रयोगका दृष्टिले खोलाघरेका केही कवितांशहरू यसप्रकार छन् :

क. “बहादुरो जाओ !

देशका गौरब तुम्हारा इन्तजार कररहा है ।

दुश्मनको हर हालतमे परास्त करके आओ ।”

(कविता नलेखिएको दशैं, पृ. ४९)

ख. अर्काको हातबाट तन्किने अर्काकै हातबाट खुम्चिने

“पराधीन सपने हुँ सुख नाही”

(जीन्दगी जीन्दगी जस्तो छैन, पृ. ३४)

ग. लक्ष्मी शिल्पी सपूत गुणवान ब्राह्मीका शारदाका

लक्ष्मी इन्दू गगन भरिका, काव्यका सिर्जनाका ।

(देवकोटाप्रति, पृ. १)

घ. कस्तो निष्ठूर कालरात्रि सवका आत्मा दुखेका थिए

'भो त्वम भो शरणम्' कुशासन सँगै सारा झुकेका थिए ।

(मोती स्मृति, पृ. ३)

ङ. सूटमा टोपीको जोडा पाखे गैवार बन्छ रे

बूट टाई नलाएमा सूटको शान घट्छ रे ।

(टोपी, पृ. २७)

च. बुख्याँचा बनाएर बुख्याँचा पनि होइन जस्तो ।

(जीन्दगी जीन्दगी जस्तो छैन, पृ.३२)

माथि प्रस्तुत कवितांशका उदाहरण क र ख मा हिन्दी भाषाको प्रयोग भएको छ भने ग र घ मा संस्कृत भाषाका शब्दहरूको बाहुल्यता रहेको देखिन्छ । यसैगरी उदाहरण ङ र च मा क्रमश अंग्रेजी र नेवारी भाषाको प्रयोग गरिएको छ । यसरी कवि खोलाघरे साहिँलाको **आज एउटा जुलुस निस्किदैछ** कविता सङ्ग्रहभित्र नेपाली जनजीवनमा प्रचलित शब्दहरूका साथै संस्कृत, हिन्दी, अंग्रेजी जस्ता भाषाहरूको प्रयोग भएको देखिन्छ ।

### ४.२.५ छन्द विधान

गद्य पद्य दुवै शैलीमा कविता रचना गर्न सफल कवि खोलाघरेको **आज एउटा जुलुस निस्किदैछ** कविता सङ्ग्रह भित्र गद्य र पद्य दुवै लयका कविताहरू रहेका छन् । शास्त्रीय छन्दका ह्रस्व, दीर्घ, गण आदि नियमहरूलनई कुशलताका साथ प्रयोग गर्ने प्रयास गरेका उनका कविता लयात्मकताका दृष्टिले सरल र सरस छन् । धेरै जसो कविताहरू शार्दूलविकीडित छन्दमा रचिएका प्रस्तुत कृतिमा जम्मा ३० रचना मध्ये १० वटा शार्दूलविकीडित र केही मन्दाकान्ता, अनुष्टुप, उपजाति र अन्य गद्यात्मक कविताहरू रहेका छन् ।

कवि खोलाघरे साहिँलोको **आज एउटा जुलुस निस्किदै छ** कविता सङ्ग्रहका शास्त्रीय छन्दमा रचित केही कविताहरू यस प्रकार छन् :

**शार्दूलविक्रीडित**

के लेखु कविता भनेर दिनहुँ घोरिन्छु आउन्न त

जस्तै शीर्षकमा भए पनि अरे क्यै भाव फुर्दैन त

धेरै लेखकका पढें कृतिहरू खै शैली घुर्दैन त

ए गाठे ! कसरी वनुँ म कवि लौ साइत जुर्दैन त ।

(जोर चलेन, पृ. ६४)

**मन्दाक्रान्ता**

पैसा छैनन् तिमीसँग सधै हातको मैल त्यो रे
हामी कस्तो युगतिर पुग्यौ नोट नै देवता रे
खै के भन्नु कविवर यहाँ नोट नै चल्छ होड
गाँठी थोरै यदी भैदिए के हो चल्दैन जोड ।

(मोतीरामलाई चिठी, पृ. २)

**अनुष्टुप**

बीचमा तीस क्वै आयो पञ्चायती व्यथा
जनता धुरुरु रोए पीडाका भरिए कथा
चुसे शोषकले स्रोत देशको ढुटी माटी भो
धनी मानी उभो लागे दुःखीकै दुर्दशा भयो ।

(चिठी मोतीराम भट्टलाई, पृ. ६१)

**उपजाती**

चिया लगाएर समग्र छाती उचालिए झैं छ सगर्व माथि
सधै सधै नै हरियालीलाई सँगाली राख्ने मृदुशान्ती छाइ
धुँवा धुलो छ विकारयुक्त कयौ कुरा छन् व्यभिचारयुक्त
तथापि सिङ्गो परिवेश भित्र इलाम मस्किन्छ बनि विचित्र ।

(इलाम, पृ. १६)

यसरी छन्दका विभिन्न शास्त्रीय नियमहरूको प्रयोगमा सफल देखिएका खोलाघरेका कतिपय कविताहरू अन्त्यानुप्रासको समुचित सन्तुलनले गर्दा गायन योग्य पनि देखिएका छन् । जस्तैः

मूर्दा आकृति भित्र जीवन त्यसै खोज्ने र पहिल्याउने
आफैंमा गहिरो नियाल्न नसकि सद्भाव मैल्याउने
नाथे जीवन हो विताउछु त्यसै रोज्ने र फैलाउने
त्यही हुँ नश्वर फूल जो नझरी नै सुक्ने र वैलाउने

(परिचय, पृ. १०)

शास्त्रीय छन्द बाहेक कविले **आज एउटा जुलुस निस्किदै छ** कविता सङ्ग्रहमा लोकलयलाई पनि समावेश गरेका छन् । जस्तैः

चेतना रहेसम्म नै बाबु ! नमिठो नबोलेस्
मनका घाउ र भित्रि पीडा पटक्कै नखोलेस्
आरोप खप्ने चुपचाप बस्दै हाँसि नै रहनु
बुझिस् के लाटा ! जति नै दुखोस् हाँसेरै रहनु ।

(छैठीका दिन, पृ.३६)

शास्त्रीय नियमका शार्दूलविक्रीडित, उपजाति, अनुष्टुप, मन्दाकान्ता जस्ता विभिन्न छन्दहरूलाई केलाएर आफ्ना रचनामार्फत् प्रस्तुत गरेका कविले **आज एउटा जुलुस निस्किदै छ** कृतिका कविताहरूमा लयात्मकता थपेका छन् । लोकलयमा आधारित झ्याउरे छन्दलाई पनि कवितामा स्थान दिएका उनका छन्दका कविताहरूमा कविको स्वच्छन्दभावलाई छन्दका सिमानाले छेकेको होकि भन्ने भान पर्दछ । समग्र कृतिलाई अध्ययन गर्दा गद्यात्मक कविताहरू स्वच्छन्द प्रवाहमा वहेका देखिन्छन् । संस्कृत, हिन्दी, अङ्ग्रेजी भाषाका विभिन्न भाषिक शव्दावलीलाई लयात्मक ढङ्गमा ढालेर रोचकता प्रदान गरेका कवि खोलाघरेका प्रारम्भिक चरणका कविताहरू भएपनि निकै चोटिला देखिन्छ । यसैबाट कवि खोलाघरेको साहित्यिक यात्रा सबल रहने कुरा पनि प्रष्ट भएको छ ।

**४.२.६ निष्कर्ष**

विभिन्न विषयवस्तुलाई केलाएर सरल भाषा शैलीमा रचिएको कवि खोलाघरे साहिँलाको **आज एउटा जुलुस निस्किदैछ** कविता सङ्ग्रह पहिलो पुस्तककार कृति हो । विद्यार्थी जीवनदेखि नै साहित्य रचनामा लागेका उनका २०४६ सालदेखि २०५५ सालसम्म रचित ३० वटा कविता प्रस्तुत सङ्ग्रहमा सङ्ग्रहित छन् ।

साहित्य भनेको समय र परिस्थितिले मान्छेका मनभित्र उमारेको भावनाहरूको व्यक्त रूप हो जस्तो लाग्छ । भन्ने भनाई भूमिकामा व्यक्त गरेका कविले आफ्ना मनका भावनाहरूलाई नै यस कृतिमा राखेका छन् । समय परिस्थितिले कवि हृदयमा पलाएका जीवन जगत्का यथार्थ घटनाक्रमहरू यस सङ्ग्रहमा छन् । देशको तत्कालिक अवस्था, सामाजिक विकृति विसङ्गति राजनीतिक गतिविधि आदिलाई गद्य र पद्य दुवै शैलीमा कवितामा प्रस्तुत गरिएको छ । यसका साथै कविका मनका श्रृङ्गारिक भावहरू पनि अटाएका छन् ।

विविध विषयवस्तुलाई विविध शैलीमा समेट्ने क्रममा कतै राष्ट्रवादी स्वर घन्काएर देशको माटोको रक्षार्थ जीउ ज्यान दिने बलिदानी भाव व्यक्त गर्ने कवि कतै प्राकृतिक सुन्दरताको वयान गर्दै नेपाललाई स्वर्गसँग तुलना गर्न पुग्छन् । जीवन जगत्का विभिन्न पक्षलाई केलाउने कविले कतै आदर्श शिक्षक भएर देशमा शिक्षाको ज्योति फैल्याउने असल नागरिकको भूमिका निर्वाह गरेका छन् भने कतै जीवनलाई विसङ्गत रूपमा चित्रण गरेका छन् ।

समाजमा भएका सबै प्रकारका असमानता हटाई धनी गरिब, ठूला साना आदि नाममा हुने भेदभावको अन्त्यगरी सम्पूर्ण मानवलाई समान भावले हेर्ने कवि हत्या हिंसा हटाई विश्ववन्धुत्वको भावनालाई फैलाउन अग्रसर देखिन्छन् । विदेशिको हस्तक्षेप र हेपाहा प्रवृतिको कडारूपले आलोचना गर्ने कवि खोलाघरेले भारतीय विस्तारवाद र अमेरिकी सामराज्यवादको चर्को विरोध गरेका छन् ।

शार्दूलविक्रीडित, उपजाति, मन्दाक्रान्ता, अनुष्टुप आदि शास्त्रीय छन्दको प्रयोग गरी रचना गरिएका उनका कविताहरूमा कतै कतै छन्दका नियमहरू मिचिएको भेटिए पनि कविताको भावलाई असर पुऱ्याएको देखिदैन । कवि स्वयंले “वेछन्दका कविताका बारेमा केही भन्नु छैन तर छन्दमा लेख्ने प्रयासमा कतिपय त्रुटि हुन पुगेको छ” भन्ने कुरालाई स्वीकार गर्दै छन्दका रचनाहरूमा केही त्रुटि रहेको कुरा व्यक्त गरेका छन् ।

पद्य कविताका तुलनामा गद्य कविताहरूमा कविहृदय स्वच्छन्द रूपमा वहेको देखिन्छ । उनका गद्य कविताहरू बढी शसक्त देखिन्छन् । कवितामा विविध विषयवस्तु र भावलाई जसरी प्रस्तुत गरेता पनि कविको उद्देश्य देश निर्माण र सम्मुनत नेपालको चाहना नै रहेको देखिन्छ । उनका हरेक कविताहरूले विकासको गतिमा एकजुट भइ लाग्नु पर्ने सन्देश दिएका छन् । जस्तैः

जिल्ला भरिकै सब उठ्नुपर्छ
विर्सेर कुण्ठाहरू जुट्नुपर्छ
जुटाउँदै कर्मठ हात लाखौं
युगै उछिन्ने गरी कीर्ति राखौं

## ४.३ सानो छन्द वाटिका कविता सङ्ग्रहको अध्ययन

### ४.३.१ परिचय

कवि खोलाघरे साहिँलोको दोस्रो कविताका रूपमा रहेको **सानो छन्द वाटिका** कविता सङ्ग्रह २०६७ सालमा वाणी प्रकाशन विराटनगरबाट प्रकाशित भएको हो । यस कविता सङ्ग्रहमा कवि खोलाघरेका विभिन्न समयमा रचना गरेका २७ वटा छन्दोबद्ध कविताहरू सङ्ग्रहित छन् । विनोद

घिमिरेको आवरण सज्जा रहेको यस कविता सङ्ग्रहको प्रथम संस्करण मात्रै बजारमा आएको छ भने यसको मूल्य रु. ५० राखिएको छ ।

प्रस्तुत **सानो छन्द वाटिका** कविता सङ्ग्रह छन्दका बारेमा ज्ञान दिने कविता कृति हो । यसमा विभिन्न २७ वटा छन्दको परिचय सँगै उदाहरणका रूपमा प्रत्येक छन्दमा कविता रचिएका छन् । छन्दको नियमहरूको ज्ञान हाँसिल गर्न चाहनेहरूका लागि उपयोगी रहेको यस कविताका माध्यमबाट कविले मानवतावादी दृष्टिकोण, मानवीय संवेदना, एवं विश्ववन्धुत्वको भावनालाई अभिव्यक्त गरेका छन् । कवितामा आफू बाँचेको समय, युग, समय र जीवन जगत्बाट भोगेका अनुभूति प्रकृति प्रेम देश प्रेम, माया प्रेम, राजनीतिक विकृति विसङ्गति, विद्रोह चेतका भावहरूलाई कविले समावेश गरेका छन् ।

यस सङ्ग्रहमा २७ कविताहरू रहेका छन् । जसका शीर्षक 'वाङ्गो', 'वर्षारानी', 'बाँच्ने खेल', 'कविको गुनासो', 'सहिद र वर्तमान', 'गार्हस्थ जीवन', 'साझा मनन', 'अन्धकारमय', 'कर्कशाहरू', 'लेक', 'हुस्सु र वर्षा', 'क्रमशः / कमशः', 'के भयो ?', 'असारे झरी', 'अव लेख्नुपर्यो कविता', 'अराजकता कता ?', 'सम्झिएको प्रसङ्ग', 'विधायकहरूप्रति', 'गृहिणी', 'त्यो दिन', 'दशैं', 'हामी एक', 'नवपरिवेश / नवकांक्षा', 'गर्मीको ताडना', 'छन्दको तरङ्', 'परिचय', 'प्रजातन्त्रले', 'भार्याभागवत्' रहेका छन् ।

विभिन्न छन्दका सुललित लयमा आधारित प्रस्तुत सङ्ग्रहलाई विषयवस्तु, संरचना, भाषाशैली, भाव वा विचार, लय विधान आदिका आधारमा अध्ययन गरिएको छ ।

### ४.३.२ विषयवस्तु

विषयवस्तु कविताको एक महत्त्वपूर्ण तत्त्व हो । यसैको आधारमा कविताले आफ्नो स्वरूप ग्रहण गर्दछ । विषयवस्तु जति गहकिलो भयो उति नै कविता कृतिले उच्च स्थान प्राप्त गर्दछ । **सानो छन्द वाटिका** कविता सङ्ग्रहभित्र कविले आफू बाँचेको युगीन पृष्टभूमिका विभिन्न विषयवस्तुहरूलाई समेटेका छन् । प्रस्तुत कविता सङ्ग्रहमा देशप्रेम, प्रकृति प्रेम, मायाप्रेम, सामाजिक यथार्थ, राजनीतिक विकृति विसङ्गति आदि विभिन्न कुराहरू विषयवस्तुका रूपमा समेटिएका छन् ।

यस कृतिभित्र कविले प्रस्तुत गरेका विषय वस्तुहरूलाई निम्नलिखित बुँदामा समेटेर अध्ययन गर्न सकिन्छ ।

**क. देशप्रेम**

कवि खोलाघरेका कविताहरूमा आफ्नो देशप्रतिको प्रेम भाव स्पष्ट देख्न सकिन्छ । कुनै कवितामा हत्या हिंसा आदि विभिन्न कारणले देशको विकास, उन्नति र प्रगति हुन नसकेको, राजनीतिक अस्थिरताले मौलाएको दण्डहिनता अराजकताप्रति चिन्ता प्रकट गरेका खोलाघरेले कुनै कवितामा देशको इज्जत, शान र मान बढाउने सहिदहरूको बलिदानी भावलाई प्रस्तुत गरेका छन् ।

खराब राजनीतिले सधैँ डुबेछ देश यो
जिएर वस्नु कष्ट भो विकासको त के कुरो
भएन शान्ति क्यै गरे सधैँ छ उग्र ताण्डव
भएर दण्डहीनता अराजकै अराजक ।

(पञ्चचामर छन्दको उदाहरण, पृ. ३४)

गंगा न्हुच्छेमान र धर्म भक्त
स्वतन्त्रयोग्य अनि शुक्रराज
यी चार हुन प्राण दिने सपूत
कीर्तिकमाए जगमा अकुत ।

(सहिद र वर्तमान, पृ. १३)

माथि प्रस्तुत पहिलो उदाहरणमा कविले खराब राजनीतिले भएको देशको अवस्थाको चित्रण गरेका छन् भने दोस्रो उदाहरणमा देशभक्त सहिदहरूको वलिदानी भावको गुनगान गाएका छन् । यसैगरी विदेशीहरूबाट हेपिएको, प्राकृतिक श्रोत सम्पदाहरूमा अरुले नै कब्जा जमाउन खोजेको प्रति कवि यसरी चिन्ता प्रकट गर्दछन् :

हाम्रो बारी साँधमा बाँध बन्छ
हाम्रो बाटो अन्य क्वै आइ खन्छ
हामीलाई हेपिदै हेरिदैछ
घेरा पारी दासता बेरिदैछ ।

(अन्धकारमय पृ. ६)

हामी नेपालीहरू आफ्नै छिमेकीबाट हेपिएको, हाम्रा प्राकृतिक स्रोत साधनहरूमा अरुको नै हालिमुहाली भएको प्रति लक्षित गर्दै कविले चिन्ता प्रकट गरेका छन् ।

**ख. प्रकृति प्रेम**

प्रकृतिको काखमा हुर्किएका कवि खोलाघरे साहिँलोले आफ्ना सिर्जनाहरूमा प्रकृतिको सुन्दर चित्रण गरेका छन् । हिमालहरू मुस्कुराएको, डाँफे नाचेको, कस्तुरीको सुगन्धले बनै सुगन्धित बनाएको, सुन्दर फूलहरूले आफ्नो सुन्दरतालाई विभिन्न रङ्गमा सजाएको भावहरूलाई कविले यस कृतिका कविताहरूमार्फत् उजागर गरेका छन् । हिमालको काखमा रहेको हाम्रो देशलाई अलकापुरीको उपमा दिदै यहाँका वन जङ्गल, डाँडा काँडा, तराइका फाँटहरू, खोलानालाहरूको प्राकृतिक सुन्दरता र तिनै सुन्दरतामा रमाउने विभिन्न वन्यजन्तु र चरा चुरुङ्गीहरूले सबैलाई लोभ्याउने कुरा कविले यसरी व्यक्त गरेका छन् :

हिमालको काखमहाँ छ देश यो
सौन्दर्यले युक्त छ देश वान्किलो
प्रभात सन्ध्या दिनमा रमाइलो
बनेर लोभ्याउँछ आत पन्थको ।

(उपजाति छन्दको उदाहरण, पृ. ३८)

कस्तुरीले स्निग्ध सुगन्धलाई
डाँफे यिनै जङ्गलमा चहार्दै
तमोरमा नीर त्यहीँ छ वग्दो
भेरी भरी कल्कल त्यै सगल्दो ।

(साझा मनन, पृ. १७)

कविले नेपाललाई स्वर्गसँग तुलना गर्दै प्रकृतिको सुन्दर उपहारका रूपमा वर्णन गरेका छन् ।

**ग. युगीन यथार्थ**

गाँउ, समाज र देशमा भएका सत्य तथ्य घटना क्रमहरूलाई आफ्ना रचनाहरूमा दुरुस्तै उतार्न सक्षम खोलाघरेका कविताहरूमा समाजमा घटेका विभिन्न घटनाहरूको यथार्थ चित्रण पाइन्छ । तत्कालीन समाजमा घटेका घटनाहरूको यथार्थ वर्णनका क्रममा देशमा भएका राजनीतिक गतिविधिले समाजमा पारेको प्रभावलाई सरलताका साथ कवितामा अटाएका कविले नेपालका नेताहरूको भनाइ र गराइमा देखिएको भिन्नता, संविधान बनाउन चुनिएर गएका विधायकहरूले सदन भित्र देखाएको व्यवहार, बाह्रवर्षे द्वन्द्वमा जनताले भोगेका त्रासपूर्ण वातावरण आदिलाई यसरी प्रस्तुत गरेका छन् :

अघि गफ दिन्थ्यौ नियम निकाल्छौँ

मुलुक उज्यालो झलमल पार्छौ
छनक समेतै अवत हरायौ
सहन विगार्‍यौ विपत बढायौ
सदन भनेको गफ अखडारे
तबत बितायौ दिन झगडाले
नियम लत्यायौ शरम पचायौ
प्रतिनिधि भन्दै गति मति छाड्यौ ।

(विधायकहरूप्रति, पृ. ३४)

रोजै हत्या द्वन्द्व औ काटमार
साँचो लेख्ने मर्दछन् पत्रकार
झेली ढोङ्गी नक्कली लेपवाला
भाटे, डण्डेकै भयो बोलबाला ।

(अन्धकारमय, पृ. १९)

माथिको पहिलो कविताांशले विधायकहरूले गर्ने गरेका क्रियाकलापलाई दर्शाएको छ भने अन्तिम श्लोकले देशको परिस्थितिलाई जनाएको छ । दिन दिनै बढेको हत्या हिंसा, अशान्तिले सोझा साझा निर्दोष नागरिकहरूले ज्यान गुमाउनु परेको तत्कालिक स्थितिको चित्रण गरेको छ ।

ग्रामीण यथार्थको चित्रण गर्ने क्रममा कविले खेतिपाती, घरव्यवहार, गाईवस्तु, छोरा छोरी आदिको हेरचाह गर्दै परिवारलाई सुखी र खुसी बनाउनु पर्ने ग्रामीण समाजको नारीहरूको दैनिकी यसरी प्रस्तुत गरेका छन् :

खेति बितेको छ कि ध्यान लाउनू
गाई र बाखा सबतर्फ धाउनु
झाडु सम्हाल्ने र चुल्हो चलाउन्
त्यै एउटीले कतिसम्म भ्याउनु ।

(गृहिणी, पृ. ३५)

देशमा व्याप्त हत्या हिंसाको खेल सकिएर संविधान सभाको चुनाव भएपछि जनताले विकास र समृद्धिको चाहना राखेको कुरा व्यक्त गर्दै कविले चिप्ला भाषण मात्र गर्ने नेताहरूले सत्ताको लोभमा जनताका भावनाहरू लत्याएको देशको राजनीतिक चरित्रको यथार्थ वर्णन कवितामा गरेका छन् ।

**घ. माया प्रेम**

कवि खोलाघरे साहिँलोले **सानो छन्द वाटिका** कविता सङ्ग्रहका कविताहरूमा विभिन्न विषयवस्तुहरू समेट्ने क्रममा माया प्रेम सम्वन्धी प्रसङ्गलाई पनि उचित संयोजन गरेका छन् । प्रेम भाव प्रस्तुत गर्ने क्रममा कतै प्रियसीको रूपरङ्गको वर्णन गरेका छन् भने कतै आफ्नी जीवन सङ्गिनीसँग बितेका समय, उनले दिएको साथ र गरेका विभिन्न कार्यहरूका साथै सुन्दरताको वर्णन पनि गरेका छन् । जस्तैः

उही वर्ण उस्तै सबै अङ्ग ढङ्ग
मिलेको थियो चाल वा रुपरङ्ग
उही वश्त्र बान्की र हेराइ भित्र
कदाचित थिए भाव उस्तै तरङ्ग ।

(सम्झिएको प्रसङ्ग, पृ. ३३)

गन्दा छब्बिस भन्दा अधिक सरद भो साथ हाम्रो जुटेको
यस्तो जोडी मिलेको घरजम त कतै छैन केही देखिएको
झ्याई झ्याई वजाई नउमति नगरा ल्याउदाकी उज्याली
ऐले छन् पूर्णिमाको शशिसरि भरिलो कान्तिवाली उज्याली ।

(भार्या भागवत्, पृ. ५१)

**ङ. विरहवेदना**

सुख दुःख, हाँसो रोदन, पीडा सन्त्रास आदि विषयवस्तुहरूलाई कवितामा समावेश गर्न सफल कवि खोलाघरेले आफ्ना कविताहरूमा वेदनाका स्वरहरू पनि मिसाएको पाइन्छ । देशमा प्रजातन्त्र आएपछि पनि जनताले चाहेको शान्ति सु व्यवस्थाको चाहना अधुरै रहेको जसले गर्दा डर त्रासमा बिताउनु परेको जीवनको दयनीय अवस्थाको चित्रण कविले यसरी गरेका छन् :

गाई वस्तु कराउलान् मन मिची बस्नोस् मरुन् गोठमै

सोही शब्द सहानुभूतिजतिका रोक्नोस् सबै ओठमै

छोडी घाँस पराल त्रस्त घरमै बस्नोस् भनेको छ रे

दाजै ! गोठ नजाउ हे विवशमै बाँध्ला प्रजातन्त्रले

(प्रजातन्त्रले, पृ. ५०)

जुनै प्रजातन्त्र आएपनि नेपालीहरू डर, त्रास र छट्पटि मै बाँच्नु पर्ने विवसताको वर्णन उनका कवितामा पाइन्छ ।

**च. नैतिक चेतना**

आफूले गरेको कार्यमा लगनशील भएर प्रयत्नरत रहनुपर्छ, आफूसँग जे छ त्यसैमा खुसी हुनुपर्छ, कुनै काम ठूलो वा सानो हुँदैन समयको गति रोकिदैन, त्यहि गतिसँगै अगाडि बढिरहनु पर्छ, धन कमाउन सजिलो छैन भन्ने भावलाई समेटेर कवि खोलाघरे शास्त्रीय कुरालाई आधार मानी नैतिक चेतना दिने काम गरेका छन् । उदाहरणका रूपमा यो श्लोकलाई लिन सकिन्छ :

काम जे पनि गरौ खुशीसँग
जे गरिन्छ, रमाउँ त्यैसँग
तुच्छ काम नभनौ कसैसँग
बढ्छ इज्जत क्रमै क्रमैसँग

अत्तिएर पनि हुन्न कार्यमा
लाग्नुपर्छ, क्रमले धिमा धिमा
प्राप्ति थोर छ भनेर हेप्नु चै
हुन्न त्यै पनि गुम्न सक्छ है !

(क्रमशः क्रमश, पृ. २४)

आफूले जस्तो काम गरिन्छ त्यसलाई सानो ठूलोसँग तुलना गर्नुभन्दा मेहनत र परिश्रम गर्नुपर्छ, आत्तिएर ठूलो भाग खोज्दा पाएको भाग पनि गुमाउनु परेको उदाहरण दिदै कविले आफ्नो रचनामार्फत् नीतिगत धारणालाई प्रस्तुत गरेका छन् ।

**४.३.३ संरचना**

**सानो छन्द वाटिका** कविता सङ्ग्रहमा कवि खोलाघरेले विभिन्न विषयवस्तु चयन गरी गति यति मिलाएर लयवद्ध रूपमा कविताको रचना गरेका छन् । संरचनाका आन्तरिक र वाह्य गरी दुई भाग हुन्छन् । वाह्य संरचनामा भाषाशैली, पङ्क्ति पुञ्ज, अनुच्छेद आदि पर्दछन् भने आन्तरिक संरचनामा भाव विचार जस्ता कुराहरू पर्दछन् । यस सङ्ग्रहका २७ कविताहरूमध्ये एउटा चारश्लोकमा, दुईवटा नौ श्लोकमा, दुईवटा छ श्लोकमा, तेह्रवटा सात श्लोकमा, पाँचवटा आठ

श्लोकमा, एउटा एघार श्लोकमा र तीन वटा दश श्लोकमा समेटिएका छन् भने कतै चारपाउलाई एक श्लोक त कतै आठ पाउलाई एकश्लोक मानिएको छ । कृतिको थालनीको रूपमा अनुष्टुप छन्दमा रचित नौ श्लोकको 'वाङ्गो' शीर्षकको कविता रहेको छ । भने अन्तिम कविताको रूपमा स्रग्धारा छन्दको छ श्लोकमा रचिएको 'भार्या भागवत' शीर्षकको कविता रहेको छ । प्रस्तुत सङ्ग्रहको सबैभन्दा लामो कविताका रूपमा एघार श्लोकको 'साझा मनन' र छोटो कविता चार श्लोकको 'प्रजातन्त्रले' शीर्षकको रहेको छ ।

छन्दहरूको नियम, गति, यति, लय र गण व्यवस्था आदिको समुचित प्रयोग गर्ने प्रयास गरिएको यस सङ्ग्रहका कविताहरूमा आवश्यकता अनुसार पूर्ण विराम, अल्प विराम, प्रश्नवाचक आदि चिह्नहरूको प्रयोग गरिनुका साथै व्याकरणिक नियमको पालना गर्ने प्रयास पनि राम्रो रहेको छ । कतै कतै छन्दका नियमले व्याकरणिक नियमलाई र कतै व्याकरणिक नियमले छन्दका नियमहरूलाई मिचेको पनि देखिन्छ ।

**४.३.४ भाषाशैली**

कवि खोलाघरे साहिँलोद्वारा रचित 'सानो छन्द वाटिका' कविता सङ्ग्रहको महत्त्वपूर्ण पक्ष भनेको भाषिक सरलता र लयात्मकता हो । सरल भाषाको प्रयोग गरी रचिएका उनका कविताहरू भाषा र शैलीको उचित संयोजनले गर्दा उत्कृष्ट बन्न पुगेका छन् । नेपाली जनजीवनमा प्रचलित शब्दहरूलाई गति, यति मिलाई छन्दका नियमहरूको पालना गर्दै रचिएका यस सङ्ग्रहका सबै कविता छन्दोबद्ध छन् । विभिन्न सत्ताइस वटा छन्द प्रयोग भएको यस सङ्ग्रहका कविताहरूमा अन्त्यानुप्रासिक संयोजन मिलेकोले गर्दा गायन योग्य पनि देखिएका छन् । जस्तै :

कुनै जून लुक्दै वसेकी थियौ नि !
कतै व्यस्ततामा फसेकी थियौ नि !
म डुल्दै गएका बखत् भेटिएकी
पुवाँले पछ्यौरी कसेकी थियौ नि !

(सम्झिएको प्रसङ्ग, पृ. ३२)

छन्दका नियमहरूलाई कवितात्मक शैलीमा ढालेर रोचकता प्रदान गरेका कविले 'मालिनी' छन्दको लक्षण यसरी दिएका छन् :

न न म य य मिलाई 'मालिनी' मस्किएकी

सरसर पद चाल्दै आठमा अड्किएकी

मुसुमुसु, मधुरो त्यो स्निग्ध मुस्कान छर्दै

तृषित कवि कलामा प्राप्तिको भाव भर्दै ।

(मालिनी छन्दको उदाहरण, पृ. ४१)

कवितामा सरल र सहज भाषाशैली मन पराउने खोलाघरेले कविता कस्तो हुनुपर्छ भन्ने विचार यसरी प्रस्तुत गरेका छन् :

सरितासरि भाव बहेर बसुन्

सजिला जति शब्द मिलेर बसुन्

खिरिलो, छरितो रसयुक्त मिठो

अनि व्यापक अर्थ थपक्क दिए त पुग्यो ।

(अव लेख्नुपऱ्यो बुझिने कविता, पृ. २९)

यसरी कवि खोलाघरेले **सानो छन्द वाटिका** कविता सङ्ग्रहमा सरल, सहज र रोचक भाषाशैलीको प्रयोग गरी मिठासपूर्ण र पठनयोग्य कविताहरू सिर्जना गर्न सफल भएका छन् ।

### ४.३.५ भाव वा विचार

**सानो छन्द वाटिका** (२०६७) कवि खोलाघरे साहिँलाको दोस्रो कविता कृति हो । २७ वटा विभिन्न शास्त्रीय छन्दमा रचना गरिएका कविताहरू सङ्ग्रहीत यस कृतिमा छन्दको परिचय र उदाहरणको रूपमा कविताहरू प्रस्तुत गरिएका छन् । शास्त्रीय छन्दको कलात्मक ढङ्गले कवितात्मक शैलीमा परिचयसहित प्रस्तुत गरिएको यस सङ्ग्रहमा विविध विषयवस्तुहरू रहेका छन् ।

**सानो छन्द वाटिका** भित्रका कविताले समाजका विकृति विसङ्गति, शोषण, विभेद, सत्तामोह, अन्याय, दुःख पीडाका साथै प्रेम प्रसङ्गलाई पनि उठान गरेका छन् । समाजका विविध विषयवस्तुलाई कवितात्मक रूप दिई लयात्मक शैलीको प्रस्तुति यस सङ्ग्रहमा पाइन्छ । वर्तमानमा नेपाली जनताले भोग्नु परेका विभिन्न समस्या, बाध्यता, विवशताहरूलाई सशक्त ढङ्गले कवितामा वर्णन गरिएको छ । हाम्रै गाउँ समाजमा छरिएर रहेका विषयवस्तुलाई टपक्क टिपेर सजाउन कवि सफल देखिन्छन् । मूल रूपमा **सानो छन्द वाटिका** कविता सङ्ग्रह विकृति, विसङ्गति, द्वन्द्व, राजनीतिक लुछाचुडी, दुःख पीडाका साथै मिलन विछोडको प्रेमभावको वर्णनसँगै प्रकृतिका सुन्दर र मनोरम दृश्यहरूलाई पनि उजागर गर्न सफल देखिन्छ । छन्दहरूको साझा फूलवारीको रूपमा रहेको प्रस्तुत कृति छन्दका बारेमा जान्न चाहनेहरूका लागि पनि उपयोगी रहेको छ ।

### ४.३.६ छन्द विधान

कवि खोलाघरे साहिँलाको **सानो छन्द वाटिका** कविता सङ्ग्रहका सबै कविताहरू शास्त्रीय छन्दमा लयवद्ध रहेका छन् । विभिन्न विषयवस्तु र शीर्षकमा रचिएका कविताहरू भिन्ना भिन्दै

छन्दमा छन् । २७ वटा छन्द प्रयोग गरिएको कृतिमा प्रत्येक कवितालाई भिन्ना भिन्नै उदाहरणको रूपमा राखिएको छ भने छन्दका नियमका रूपमा शीर्षक विहीन श्लोकहरू राखिएका छन् । सुन्दर र सरल शव्दहरूको चयन गरी रचिएका कविताहरू क्रमशः अनुष्टुप, विद्युन्माला, चम्पकमाला, मनोरमा, इन्द्रबज्रा, उपेन्द्रवज्रा, उपजाति, शालिनी, इन्दिरा, स्वागता, रथोद्धता, भुजङ्गी, श्रग्विणी, तोटक, द्रुत विलम्वित, भुजङ्गप्रयात, कुसुम विचित्रा, इन्द्र वंश, वंशस्थ, वशन्ततिलका, मालिनी, पञ्चचामर, मन्दाकान्ता, शिखरिणी, शार्दूलवीक्रिडित, स्रग्धरा, उपजाति छन्दमा समेटिएका छन् । कृतिको अन्त्यमा लोक छन्द, झ्याउरे छन्द र अन्य छन्दहरूको सामान्य जानकारी समेत राखिएको छ ।

छन्दको परिचय दिने क्रममा नियमलाई पनि सोही छन्दको शैलीमा ढालेर कवितांशकै रूपमा रचिएको छ । शास्त्रीय छन्दका नियमहरूलाई सचेतताका साथ प्रयास गरेको यस कृतिका समग्र कविताहरू लयवद्ध रूपमा रहेकाले गायनयोग्य समेत देखिन्छन् ।

**४.३.७ निष्कर्ष**

विविध विषयवस्तु, विविध शैली, विविध छन्द र विविध भावको सिङ्गो स्वरूप **सानो छन्द वाटिका** कविता सङ्ग्रह हो । कवि खोलाघरे साहिँलोको दोस्रो कविता कृतिका रूपमा रहेको प्रस्तुत सङ्ग्रहमा लामा छोटा गरी सत्ताइसवटा कविताहरू रहेका छन् । सरल भाव लयमा सरर बगेका उनका कविताहरूले देशप्रेम, प्रकृतिप्रेम, माया प्रेम, राजनीतिक गतिविधि आदि विभिन्न कुराहरू उठाएका छन् । आफूले जीवनमा भोगेका विविध घटनाक्रमसँगै समाज र राष्ट्रमा के कस्ता गतिविधिहरू भइरहेका छन् भन्ने कुरा उनका कविताले बुझाउँछन् । शास्त्रीय छन्दलाई पाठक समक्ष चिनाउने प्रयास गरेका कविले छन्दको परिचय र उदाहरणको रूपमा विभिन्न शीर्षकमा कविता रचेका छन् । देशको तत्कालीन अवस्था, राजनीति अस्थिरता, दलहरूको सत्ताप्रतिको मोहका साथै संविधान निर्माणका कुरालाई पनि यथार्थ रूपमा कवितामा उल्लेख गरिएको छ भने प्राकृतिक सम्पदाले भरिपूर्ण हाम्रा देशका विभिन्न सुन्दर प्राकृतिक छटाको वर्णनमा पनि कवि अग्रसर देखिन्छन् । सबै कविताहरू लयबद्ध रहेको प्रस्तुत सङ्ग्रहमा छन्दको परिचय, लक्षणका साथै छन्दानुसारको उदाहरण पनि दिएर तीन चरणमा शास्त्रीय छन्दहरूलाई चिनाइएको छ । विभिन्न छन्दहरूको साझा फूलबारीको रूपमा आएको यो कृतिमा छन्दहरूसँग मिल्दा विषयवस्तुको वर्णनले झन् आकर्षण थपिएको छ । नेपाली ग्रामीण जीवनको यथार्थ चित्रणका साथै भौगोलिक र प्राकृतिक सौन्दर्यको वर्णन कवितामा स्पष्ट देख्न सकिन्छ । देशको राजनीति घटनाक्रम, यथार्थ गतिविधि,

प्राकृतिक सुन्दरतासँगै प्रणयमूलक भावलाई पनि कवितामा समेटेर त्यसमा लयात्मकता मिसाई सबै प्रकारका स्वाद एउटै सङ्ग्रहमार्फत् दिन कवि सफल बनेका छन् ।

### ४.४ पाँचथरका नारी हस्तााक्षर- १मा रहेका कविताहरूको अध्ययन

#### ४.४.१ परिचय

**पाँचथरका नारी हस्ताक्षर- १** कवि खोलाघरे साहिँलोको पहिलो सम्पादित कृति हो । पूर्वी नेपालको पाँचथर जिल्लाका महिला सहित्यकारहरूलाई नेपाली साहित्यको मूलधारमा ल्याउने प्रयास स्वरूप यो रचना सङ्ग्रह प्रकाशित भएको देखिन्छ । नारी सर्जकहरूका रचनाहरू मात्रै रहेका प्रस्तुत सङ्ग्रह २०६४ सालमा प्रकाशित भएको हो । कवि आफैंले विभिन्न स्रष्टाहरूका रचना सम्पादन गरी प्रकाशित यस कृतिमा २६ जना स्रष्टाका ६२ वटा कविता, ३६ जना स्रष्टाका ५० भन्दा बढी गजलहरू, २ वटा लेख र २ लघुकथा रहेका छन् । कुमार कोइरालाको आवरण सजावट रहेको १०६ पृष्टमा विस्तारित यस कृतिको मूल्य संस्थागत १५० र व्यक्तिगत रु. ५० रहेको छ ।

देशमा घटेका विविध घटनाहरू, द्वन्द्वात्मक परिस्थिति, राजनीतिक अवस्थादेखि लिएर नारीहरूका जीवन भोगाइका क्रममा आइपरेका विभिन्न समस्याहरूलाई यस कृतिले समेटेको छ । पाँचथरका जिल्लाका महिला सर्जकहरूलाई नेपाली साहित्यिक फाँटमा चिनाउने प्रयास गरेका कवि खोलाघरेले ग्रामीण समाजमा घाँस दाउरा, डोको नाम्लो, चुला चौकामा व्यस्त रहने नारीहरूमा यथार्थ घटनाहरूलाई यस सङ्ग्रहमा स्थान दिएका छन् ।

प्रस्तुत सङ्ग्रहभित्र गीता प्रसाई 'अनुप' को 'नारी जीवन', 'सामाजिक समस्या', बिमला अधिकारीको 'विस्थापित मान्छे', 'सम्झना भानुलाई', 'जीवन हराएको मान्छे', 'भीडमा हराएको एउटा जीवन', गोमा लिमा 'शङ्कर' को 'वचन विर्सेर नदिनु', कल्पना 'कल्पना असफल' को 'जीन्दगी', कविता सम्बाहाम्फेको 'किन ?', मीरा वोहोराको 'आमाको सन्देश', अम्विका थापाको 'उसको नाम आज हो', 'चेलीको व्यथा', कृष्णा भण्डारीको 'नारीलाई आह्वान', 'फेसन,' 'मेरो देश', 'खाते आवाज', गोमा रेग्मीको 'लोकतन्त्र', जमुना 'जीवन' का 'इच्छा', 'एक्लै बस्नुपर्दा', 'नारी' 'शान्तिको कमना', टंक स्मृतिको 'गर्नु छैन', निशा फुङ्सेमीको 'चोट', दया रिजालको 'जिउँजुवाको थोत्रे पुल', 'सगरमाथाले होचिन नचाहे पछि', 'अपहेलित जाति', 'मेरो देशको सभ्यता', विजू साङ्पाङ्का 'शान्तिका कामना गरेको छु', 'नेपाल आमा', 'आजका हामी कोपिला', 'तिमी सँगै', 'आजकलका ठीटा', लीलादेवी आङ्देङ्वेको 'उजाड जिन्दगी', रेश्माको 'संयोगका एक झिल्का', 'विचार', 'प्रदर्शन', वन्दना 'विवश' का 'जिन्दगी', 'शून्यमा मेरो अनुभूतिमा', 'समर्पण', विमला

राईको 'भावना', विमला ढकालको 'प्रार्थना', 'सम्झना विवाह पछिको', 'कामना', 'इलाम महोत्सव', विद्या 'निर्दोषी' को 'साहित्य र यसको अस्तित्व', 'माया', 'म के गर्छु', 'उठ युवाहरू', शकुन्तला जोसीको 'ओ अपराजिता', 'हुँडार राजाको विरुद्ध', 'वेदर्द यातना', 'मायारानी यो' शर्मिला 'शङ्कर' को 'नारी', सविता संयोगीको 'किन नजर रसाए', 'खुशी र बेखुशी', 'जनता कता जानु हो', 'भानुप्रति श्रद्धान्जली', सीता केसी खड्काको 'रानी गाउँको डाँडै डाँडा' जस्ता रचनाहरू रहेका छन् । अधिकांश रचनाहरू नारीहरूका दुःख पीडा, विरह, विभेद जस्ता विषय वस्तुहरूमा रचिएका छन् भने नारीहरूलाई घर व्यवहारमा मात्र सीमित नभै समाजका हरेक पक्षमा अगाडि बढ्ने प्रेरणा पनि कविताहरूले दिन खोजेका छन् ।

**पाँचथरका नारी हस्ताक्षर- १** रचना सङ्ग्रह भित्रका कविताहरूको विषयवस्तु, भाव विचार, संरचना, भाषाशैली, छन्द विधान आदि कविताका तत्त्वहरूका माध्यमबाट अध्ययन गरिएको छ ।

### ४.४.२ विषयवस्तु

विभिन्न विषयवस्तुलाई विभिन्न शील्प शैलीमा ढालेर आफ्ना सिर्जनामा उतार्न सिपालु कवि खोलाघरे साँहिलोद्वारा सम्पादित **पाँचथरका नारी हस्ताक्षर- १** मा पनि विविध विषयवस्तु समेट्ने प्रयास कविले गरेका छन् । प्रायः गरी पुरुष साहित्यकारहरूका रचनाहरू मात्रै बजारमा आइरहने र तुलनात्मक रूपमा महिला साहित्यकारका साहित्यिक रचनाहरू कम मात्रामा प्रचारमा आउने गरेको सन्दर्भमा पाँचथर जिल्लाका महिलाका दुःख पीडा आदि समस्या र महिलाहरूको राष्ट्र र समाज प्रतिको धारणालाई एकै ठाउँमा भेला पारेका कविले ग्रामीण महिलाहरूका साहित्यिक खुराकहरूलाई पुस्तककार कृतिको माध्यमले पाठक माझ पुऱ्याएका छन् । कविले नारीहरूको मनोभावनालाई यथार्थ रूपमा चित्रण गरेका रचनाहरूलाई प्रस्तुत कृतिमा स्थान दिएका छन् ।

नारीहरूले खेप्नु परेका सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक कुरीति, कुप्रथा विभेद, जीवन भोगाइका तिता मीठा अनुभव, देशमा हुने विविध घटनाक्रमहरू त्यसले पारेको प्रभाव र विशेष रूपमा महिलाहरूमा पारेको प्रभावलाई कविताले प्रष्ट पारेका छन् । त्यसै गरी कविताहरूका माध्यमबाट नारीहरूका विरह वेदना, मिलन विछोडका श्रृङ्गारिक भावहरू पनि उजागर गरिएको छ ।

कवि खोलाघरे पनि यस सङ्ग्रहमा सङ्ग्रहीत कविताहरू सामाजिक यथार्थवादी चित्रण बोकेका मनोवैज्ञानिक क्षेत्रका द्वन्द्व जनित पीडा वोधका प्रणय सङ्गतिका भाव प्रवल छन् भने

अन्याय, अत्याचार सत्ता विद्रोह, निम्न वर्गप्रति सहानुभूतियुक्त रचनाहरू यहाँ पाइन्छन् भन्ने कुरा व्यक्त गरेका छन् ।

विभिन्न स्रष्टाहरूका विभिन्न विषयवस्तु र शैलीमा रचिएका **पाँचथरका नारी हस्ताक्षर - १** रचना सङ्ग्रहभित्रका कवितामा रहेका विषयवस्तुहरूलाई निम्न बुँदामा समेटेर अध्ययन गरिएको छः

**क. नारी समस्या**

कवि खोलाघरे साहिँलोद्वारा सम्पादित **पाँचथरका नारी हस्ताक्षर - १** मुख्य रूपमा नारी समस्यामा केन्द्रित कृति हो । यसमा महिलाहरूका दुःख पीडा, विरह वेदना, रुढीवादी मान्यताका कारण भोग्नु परेका विभिन्न समस्या, विभेद आदि कुरा समेटिएको पाइन्छ । समाजमा सधैं तल्लो दर्जाका व्यक्ति सरह रहनु पर्ने बाध्यात्मक परिस्थितिले नारीहरूका कोमल हृदयमा परेका चोटहरूलाई मार्मिक ढङ्गले प्रस्तुत गरिएका यस सङ्ग्रहका रचनाहरूले नारीहरूको उन्नति र उत्थानको चाहना बोकेका छन् । छोरी भएर जन्मनु नै दुर्भाग्य ठान्न बाध्य नारीहरू दुःख पीडामा रुमल्लिदै बाँच्नु परेको, चुला चौका, घाँसदाउरामा मात्र जीवन सीमित रहेको अवस्थामा मनमा अनेकौ चोटहरू वेदनाहरू सहेर पनि घर परिवारलाई खुसी तुल्याउन पीर र व्यथा भुलेर हाँस्नु पर्ने वाध्यतालाई कविताले यसरी उजागर गरेको छ :

छोरी भैकन जन्मनु मुलुकमा दुर्भाग्य यस्तो किन ?
पीडा दुःख र पीरमा रुँमलिदै बाँच्नु परेको किन ?
छोरो जानु शहर र छोरीहरूले घाँस दाउरा गर्नु रे
जन्मैदेखि भई तिरस्कृत सधैं पीडा सँगै हाँस्नु रे ॥

(गीता प्रसाई 'अनुप', नारी जीवन, पृ. ७)

नारीहरू हरेक दिन हिंसाको सिकार बन्दै गएको यो समाजमा छोरा शहर जाने छोरी घाँस दाउरामा जानुपरेका जस्ता छोरा र छोरी वीचमा भएका विभेद आदिको वर्णन कविताले गरेको छ । कहिले दाइजोको नाममा कहिले बोक्सीको नाममा हुने हिंसाको कारण अकालमै ज्यान गुमाउनु परेको कुरालाई उल्लेख गर्दै पीँजडाको सुँगाझैं एकै ठाउँमाा सीमित हुनुपर्ने नारी अर्काको खेलौना र दासी भएर बाँच्नु परेको वाध्यात्मक परिस्थितिको पनि कवितामा चर्चा गरिएको छ । नारीहरूलाई दााइजो सम्पत्ति केही चाहिँदैन राम्रो शिक्षा र सम्मान दिए पुग्छ भन्ने भाव व्यक्त गर्दै रचनाहरूमा

नारी मूक्ति र अधिकारको कुराहरू उठाइएको पाइन्छ । विभिन्न अत्याचार र शोषणबाट माथि उठ्न सबै नारीहरू लाग्नुपर्ने र आफ्नो हक अधिकार सुनिश्चित गर्नुपर्ने कुरा यसरी प्रस्तुत गरिएको छः

पिँजडाको चरी सरी रोइरहेछन् चेलीहरू
अरुका दासी र खेलौना भइरहेछन् चेलीहरू
उठौं अब चालौ पाइला आफ्नो अधिकार पाउन
सचेत हौ देशका सवै चेली अधिकार ल्याउन ॥

(अम्बिका थापा, चेलीको व्यथा, पृ. १६)

एउटा घरभित्र नारीले पालना गर्नुपर्ने कर्तव्य, विभिन्न क्रियाकलाप आदिलाई उजागर गर्दै घर परिवारलाई सुसज्जित र सभ्य पार्न नारीको महत्त्वपूर्ण योगदान हुने कुराको चर्चा कविताले गरेको पाइन्छ । घर परिवार छोरा छोरी सबैलाई माया, स्नेह र सद्भाव प्रदान गरी सभ्य सुसंस्कृत समाज निर्माणमा नारीको महत्त्वर्पूण भूमिकालाई देखाउँदै एउटी नारी शिक्षित भइन् भने परिवारका सबैलाई फाइदा हुनुका साथै समाज र राष्ट्रलाई समुन्नत बनाउन पनि सहयोग पुग्ने कुरा कवितामार्फत् व्यक्त भएको छ । जस्तैः

बाँडेर माया घर सभ्य पार्छु
सद्भाव रोपी ममता उमार्छु
सन्तान सप्रे घर सप्रने हो
शिक्षा भए सम्भव त्यो हुने हो ।

(जमुना 'जीवन', नारी, पृ.२१)

एउटा सन्तान सप्रे घर सप्रिने अनि गाउँ, समाज, राष्ट्रलाई पनि हित हुने कुरा गर्दै यसका लागि शिक्षा महत्त्वपूर्ण कुरा हो । छोरा र छोरीलाई वरावर शिक्षा, स्वस्थ्य आदि सबै क्षेत्रमा अवसर दिनुपर्छ भन्ने कुरालाई उजागर गर्दै समग्र रूपमा नारीहरूका समस्याहरू धेरै छन् त्यसलाई समाधान गर्नको लागि आफै अग्रसर भएर एकजुट भई लाग्नुपर्छ भन्ने सन्देश पनि रचनाहरूमा पाइन्छ ।

## ख. यथार्थ बोध

ग्रामीण जन जीवनका विभिन्न घटनाक्रमहरूको यथार्थ चित्रण **पाँचथरका नारी हस्ताक्षर- १** मा पाइन्छ । देश र समाजमा भएका विकृति विसङ्गतिका साथै समाजमा हुने गरेका विभिन्न गतिविधि र त्यसले विशेष रूपमा नारीहरूमा पारेको प्रभाव उनीहरूले भोग्नुपरेका विभिन्न घटनाहरूको वर्णन प्रस्तुत कृतिमा पाइन्छ । देशका सामाजिक, राजनीतिक आदि विविध पक्षको सूक्ष्म अवलोकन गरी यथार्थ रूपमा चित्रण गर्न सफल सर्जकहरूलाई सचेत नागरिकको रूपमा लिन सकिन्छ ।

राजनीतिको फोहोरी खेलले जनता निरास र दुःखी भएको यथार्थ खोतल्दै नेताहरू चिल्ला र महङ्गा कारमा गुड्ने र विलासी जीवन बिताउने जनताहरूलाई भने बिहान बेलुकाको छाक टार्न पनि मुस्किल परिरहेको हाम्रो देशको असमान स्थितिको चित्रण यस सङ्ग्रहमा पाइन्छ । मिठा मिठा बोलीले जनतालाई मख्ख पारी सत्तामा पुगेर आफ्नो स्वार्थ पुरा गर्न तत्पर केही व्यक्तिहरूका कारण गर्दा देश विकास र प्रगतिको पथमा अगाडि बढ्न नसकेको कुरा कविता प्रस्तुत गरिएको छ ।

बोल्छौ वाक्य मिठो रहस्य मनमा राखेर स्वार्थीपन
चिल्ला कार गुडाउछौ सडकमा सम्पत्तिको मोहमा
माया न्याय विवेक शून्य तिमी हौ सारांश थाहै छ हे
तिम्रै कारण होमियो मुलुक यो निर्दोश सारा मरे ।

(सविता 'संयोगी', जनता कता जानु हे, पृ. ५२)

देशका गतिविधिदेखि हैरान भएका जनताहरूको निराशालाई देखाउदै स्रष्टाहरूले देशको द्वन्द्वात्मक स्थितिको चर्चा गरेका छन् । देशमा बढेको द्वन्द्वले देश अस्तव्यस्त भएको कुरा उल्लेख गर्दै निमुखा जनता मारेर, भाइ भाइलाई लडाएर कसैको पनि हित नहुने कुरा कवितामा व्यक्त गरिएको छ । सबै देशवासी एक भएमात्र देशको स्वाभिमान र राष्ट्रियता वचाउँन सकिन्छ । दाजु भाइको झगडाले देशलाई बिगार्ने, नेपालीहरूको एकता टुट्ने र त्यसले गर्दा सोझा साझा जनताहरूले दुःख पाइरहने भन्दै देशको समुज्ज्वल भविष्यको लागि हत्या हिंसालाई त्यागेर शान्ति प्रकृयामा सबै लाग्नु पर्ने भाव व्यक्त भएको छ । देशको तत्कालिक अवस्थाको चित्रण कवितामा यसरी गरिएको छः

काला कर्तुत छल्न चोखिन स्वयं मारेर निर्धा जन
छेकिन्नन् अवती कुकृत्य छलले थाल्छन् अझै प्रष्टिन

के पो हुन्छ र भाइ भाइ झगडा गर्दा टुट्यो एकता

शान्ति ल्याँउ सबै मिलेर म यहाँ गर्दै छु यै प्रार्थना ।

(विमला ढकाल, प्रार्थना, पृ. ३७)

हत्या हिसांले आक्रान्त जनताको स्वर माथिको कवितांशमा झल्केको छ । यहाँ द्वन्द्वले गर्दा देश अस्तव्यस्त भएपछि शान्तिको कामना गरिएको छ । देशको तत्कालिन अवस्थाको चित्रण गर्दै स्रष्टाहरूले त्रासदीपूर्ण वातावरणबाट उन्मुक्त हुन चाहेको भाव राखेका छन् । यस बाहेक कवितामा नारी जीवनका यथार्थ घटना प्रस्तुति पनि पाइन्छ । एउटा घरमा जन्मेर हुर्केकी नारी दुलही बनेर अर्कै घरमा भित्रनु पर्दाको क्षण सम्झिदै आफ्नो बाल्यकाल वितेको स्थान, सँगै खेल्ने साथी सङ्गी, आमा बुवा सबैलाई भुलेर कसैको माइजू, कसैको भाउजू, काकी, दिदी आदि विभिन्न सम्बन्धमा रमाउनु पर्ने बाध्यात्मक परिस्थितिको यथार्थ चित्रण गर्दै यसले नारी मनमा उब्जिएका भावनाहरूलाई कवितामा समेट्ने प्रयास गरिएको छ । नारीहरूको बाल्यकालदेखि जीवन भोगाइका क्रममा आउने विभिन्न कुराहरूलाई कवितामा यसरी व्यक्त गरिएको छः

बालककाल खुशीले वित्यो जन्मेको ठाउँमा

जानु नै पर्ने विरानो नौलो अज्ञात गाउँमा

नौलो छ नाता नौलो छ वोली नौलो छ घर नै

बुहारी अरे माइजू अरे नौलो छ चलनै ।

(विमला ढकाल विवाह सम्झना पछिको, पृ. ३८)

यसरी प्रस्तुत कविता सङ्ग्रहमा देश समाजमा हुने गरेका विभिन्न घटनाक्रमलाई यथार्थ ढङ्गले प्रस्तुत गरिएको छ । स्रष्टाहरूका आफ्ना जीवनमा आइपरेका विविध समस्याहरूलाई जस्ताको तस्तै कवितामा समेट्ने प्रयास खोलाघरेले गरेका छन् ।

**ग. देशप्रेम**

देशका विभिन्न गतिविधिहरूप्रति चिन्ता प्रकट गरी रचिएका यस सङ्ग्रहका रचनाहरूमा राष्ट्रियतावादी स्वर प्रसस्तै भेट्न सकिन्छ । राष्ट्रिय हितका पक्षमा आवाज उठाएका विभिन्न स्रष्टाहरूले नेपालीहरू वीर र स्वभिमानी भएकै कारण कसै सामु झुक्न नपरेको कुरा व्यक्त गरेका छन् । हाम्रो देशलाई विश्वसामु चिनाउने हाम्रा विभिन्न धरोहर, प्राकृतिक सम्पदाहरूलाई आफ्नो

पार्न खोज्नेहरूले जति प्रयास गरे पनि ती विफल भएको कुरा प्रस्तुत गर्दै नेपालीहरूको एकताले स्वाभिमान बच्न सफल भएको कुरा कवितमा यसरी व्यक्त भएको छः

सस्त्रास्त्रको प्रयोग निष्फल भएपछि
नोटका चाङ् रित्तिन थाले पछि
बुटका तलुवाहरू उम्किन थालेपछि
सगरको पाउमा बडे बडे निधारहरू झुके
वरु दर्शनका लागि भीड आउन थाल्यो
सगरमाथाले होचिन नपाए पछी ।

(दया रिजाल, सगरमाथाले होचित नचाहे पछि, पृ. २६)

मेची पारिका दुष्ट स्यालले
स्वाभिमान खोस्दै लगे
म वदला लिने त्याग गर्छु यो
उठ युवाहरू लौ अवेर भो ।

(विद्या निर्दोषी, उठ युवाहरू, पृ. ४३)

माथि प्रस्तुत पहिलो कवितांशमा नेपालीको इज्जत र प्रतिष्ठाको स्वरूप विश्वको शिखर सगरमाथा आफ्नो पक्षमा पार्न विभिन्न शक्तिहरू लागि परे पनि नेपालीहरूको एकताले गर्दा ती प्रयास विफल भएको कुरा व्यक्त गरिएको छ । हाम्रो स्वाभिमान गौरव नोटका विटाहरूले किन्न नसकेको कुरा व्यक्त गर्दै बरु स्वाभिमान जसले किन्न खोजेको हो अहिले उनीहरू नै झुक्न वाध्य भएको कुरा दर्शाइएको छ ।

दोस्रो कवितांशमा देशको राष्ट्रियतामाथि धावा बोल्न खोज्ने, हाम्रो एकतालाई भत्काउन खोज्नेलाई दुष्ट स्यालको संज्ञा दिइएको छ । त्यस्तै देशी विदेशी विभिन्न तत्त्वहरूले हाम्रो राष्ट्रियता र स्वाभिमानप्रति आँखा लगाएको, हामीलाई फुटाएर आफ्नो स्वार्थ पुरा गर्न खोजिएको कुरा प्रष्ट पार्दै सबै नेपाली युवाहरूले जुटेर देश बँचाउन लाग्नुपर्ने भाव कवितामा प्रस्तुत भएको छ ।

**घ. प्रणय भाव**

**पाँचथरका नारी हस्ताक्षर १** भित्रका कविताहरूले प्रेम प्रणय सम्बन्धी विषयवस्तुलाई पनि उठान गरेका छन् । कतै मिलन, कतै विछोड, कतै सुख कतै दुःख आदि विभिन्न अवस्थामा उत्पन्न हुने मनोभावलाई स्रष्टाहरूले विभिन्न शैलीमा व्यक्त गरेका छन् । प्रेमी प्रेमीका बीचको आत्मीय सम्बन्धको चर्चा गर्दै मिलनका क्षणमा भएका मिठा मिठा कुराहरू सगैं जीउने गरिएका वाचाहरूको सम्झना, मायामा हराएर सारा कुरा बिर्सिएको कुरा उल्लेख गरिएको छ । कवितामा नायक नायिकाको मिलनको खुसी र विछोडको वेदनालाई कवितामा यसरी प्रस्तुत गरिएको छः

वृथा भारी लायौ अनि रिन लगायौ दिल भरी

दियौ मिठो माया सहज सँग पल्के म कसरी

छ इच्छा दोस्रो क्वै जनम तिर चै भार तिरुँला

भनूँ के पो लाखौं जनम भर सम्झेर रहुँला ।

(विद्या 'निर्दोषी' माया, पृ. ४२)

प्रस्तुत कवितांशमा नायक नायिका विचमा भएका विभिन्न रमाइला प्रसङ्गहरूको उल्लेख गर्दै मायारुपी अमूल्य ऋण दिलमा लगाउनेप्रति अगाध स्नेह प्रकट गरिएको छ । त्यसैगरी मिठो मायामा भुलेर त्यसैमा हराएर बिताएका विभिन्न पलहरू विर्सन धेरै गाह्रो पर्ने र त्यति मिठा पलहरू सङ्गाल्न सहयोग गर्ने प्रेमिल व्यक्तित्वलाई सधैं सम्झिरहने कुरा व्यक्त गर्दै चोखो मायाको भार तिर्न नसकिने कुरा देखाइएको छ । साँचो माया अमूल्य र अमर हुन्छ भन्ने भावलाई प्रस्तुत कवितांशले उठान गरेको छ । **पाँचथरका नारी हस्ताक्षर- १** भित्रका 'माया', 'म के गर्छु', 'संयोगका एक झिल्का', चोट आदि कविताहरूमा आत्मिक प्रेमको चर्चा गर्दै मिलन बिछोडका प्रेम प्रसङ्गहरू पाइन्छन् । त्यसैगरी कवितामा प्रियतमको मिलनको क्षणलाई सम्झदै छुट्टिएर बस्नुपर्दा छट्पटी र पीडा वोध गरिएको छ । जसको सम्झनाले सधैंभरी नयन रसाइ रहन्छ उसैप्रति बढी स्नेहभाव प्रकट हुने अभूतपूर्व मायाको वर्णन छ । मनलाई ढुङ्गाझैं बनाएर विर्सन कोशिस गरेपनि पत्थर पनि पगाल्न सक्ने क्षमता भएको मायालाई विर्सन नसकेर त्यही यादमा अल्झिरहेको भावलाई पनि कवितामा प्रस्तुत गरिएको छ । जस्तैः

मनसँग म जप्छु प्राण मनको पियारो

स्मरण मिलनको मै छट्पटी हुन्छ साह्रो

तप तप कति आँशु पक्ष छोएर भर्छन

जडवत म भएनी स्नेहकै भाव बढ्छन् ।

(विद्या 'निर्दोषी', म के गर्छु ? पृ. ४२)

कवितामा नायक नायिका बीचको प्रणय भावमात्र नभै देश प्रेम, दाजुभाइ, दिदी बहिनी, घर परिवार, साथी सङ्गीहरूका बीच हुने प्रेमभावलाई सहजताका साथ प्रस्तुत गरिएको छ ।

**ङ. विकृति विसङ्गति**

समाजमा फैलिएका विभिन्न कुराहरूलाई आफ्ना रचनामार्फत् उजागर गरेका **पाँचथरका नारी हस्ताक्षर- १** रचना सङ्ग्रहमा सङ्कलित कविताहरूले समाजमा भएका विविध गतिविधिका साथै विकृति र विसङ्गतिको पनि बोध गराएका छन् । अहिलेका युवा पुस्तामाभm फैलिएका विभिन्न कुसंस्कार, कु संस्कृति आदिको चर्चा छ । फेसनका नाममा भित्रिएका विभिन्न संस्कार र संस्कृतिले नेपाली उत्पादन, स्वदेशी वस्तुहरूप्रति हीनता वोध गर्दै विदेशी वस्तुहरूप्रति होमिएकाहरूलाई लक्षित गर्दै कविताले व्यङ्ग्यात्मक भावमा देखाइएको छ । जस्तैः

टोपीलाई सवैले बिर्से केही भन्छन् दौरा

भोको पेटमा मुसा कुदाई डिस्को धाउँछन् वौरा

(कृष्णा भण्डारी, फेसन, पृ.१७)

कवितामा हिजो आजका युवा पिडीहरूमा बढेको विदेश मोहलाई दर्शाइएको छ भने आफ्नै राष्ट्रिय पोसाक दौरा सुरुवाल टोपीहरू नचिन्ने तर वजारमा आएका विदेशी कपडाहरू चिन्नेप्रति कविताले लक्षित गरेको छ । खान छोडेर भएपनि विभिन्न फेसन र लतमा लागेका युवाहरूले जाँड, रक्सी जस्ता विभिन्न नसालु पदार्थ सेवन गरी गाउँ समाजमा हो हल्ला मच्चाएको, विकृति विसङ्गति फैलाएको कुरालाई कविताले वर्णन गरेको छ । आफ्नो उत्तरदायित्व विर्सिएर अर्काको लह लहैमा हिड्दा भएको नकारात्मक पक्षको चित्रण गर्दै कवितामा स्कुल कलेज पढ्न हिड्ने युवा युवतीहरू विभिन्न वहानामा भुलेर शिक्षा आर्जनप्रति भन्दा रमाइलोप्रति बढी झुकाव राख्ने गरेको तथ्यलाई खोतल्दै यस्ता प्रकारका विकृति विसङ्गतिले हाम्रो समाजका आउँदा पुस्ताहरूको भविष्य कतातिर धकेल्दैछ ? यसले समाजलाई कस्तो असर पार्छ ? भन्ने कुराको चिन्ता सरलताका साथ प्रस्तुत गरिएको छ । जस्तैः

पुस्तक वोक्ने व्याग भित्र क्रिम पाउडर रैछ

पढ्नु भन्दा उसको निम्ति फेसन ठूलो रै छ
बावु आमा खुसी नै छन् छोरी क्याम्पस पढ्दा
छोरी चाहिँ व्युटी पार्लर धाउन व्यस्त रै छ ।

(टंक स्मृति, फेसन, पृ. २३)

कवितामा अहिलेका युवा युवतीहरू कस्ता कुरामा अगाडि रहेछन् भन्ने कुरा प्रस्ट पार्ने प्रयास गरिएको छ । वावु आमाले छोरा छोरीले पढेर ठूला मान्छे हुन्छन् र वुढेसकालमा सुखसँग पाल्छन् भन्ने आस लिएका हुन्छन् तर छोरा छोरी त्यसको विपरित बाटोमा हिडिरहेको कुरालाई कवितमार्फत् व्यक्त गर्दै सबैलाई सचेत हुन पनि आग्रह गरिएको छ ।

## च. नेपाली साहित्य र साहित्यकारहरूप्रति सम्झना

कवि खोलाघरे साहिँलोद्वारा सम्पादित **पाँचथरका नारी हस्ताक्षर- १** मा सङ्कलित कविताहरूमा विभिन्न स्रष्टाहरूले नेपाली साहित्य लेखनका समस्याहरू देखाउनुका साथै साहित्यका क्षेत्रमा लागेका महान् व्यक्तित्वहरूलाई पनि सम्झिएका छन् । नेपाली साहित्यले विभिन्न कालखण्ड पार गर्दै यो स्थितिसम्म आइपुगेको पृष्ठभूमिको उल्लेख गर्दै हाल आएर विभिन्न वेथितिहरू देखिन थालेको र यस्ता साहित्यमा भित्रिएका विभिन्न विकारहरू हटाउदै साहित्यको अस्तित्व जोगाउन पनि कविताले आग्रह गरेका छन् । त्यसैगरी नेपाली साहित्यको उर्वर भूमिमा साहित्यिक बीज छरी हराभरा पारेर सबै सामु फैलाउन महत्त्वपूर्ण योगदान दिने आदिकवि भानुभक्त आचार्यलाई सम्झिदै फूल, अभिर, मालाले सम्झना गरेर मात्र कविहरूको सम्मान नहुने भन्दै कविहरूका विभिन्न रचनाहरूलाई सबै पाठक माझ पुऱ्याउनु पर्ने भाव कवितामा पाइन्छ । कविहरूलाई अमर बनाउन उनीहरूका रचनालाई जोगाई सबैसामु फैलाउदै विभिन्न साहित्यिक गतिविधिहरू सञ्चालन गरी साहित्यप्रति सबैको झुकाव बढाउनु पर्छ भन्ने भाव यसरी व्यक्त भएको छः

यौटा फूल उठाउदै हजुरमा राखेर के पुग्छ र
माला, सिन्दुर, वस्त्र अर्पण गरी ढोगेर के हुन्छ र
वर्षौं वर्ष अमर भएर रहने त्यो कल्पना शक्तिले
यो मन हर्ष विभोर भो चकित भो श्रद्धाञ्जली दिन्छु हे ।

(सविता 'संयोगी' भानुप्रति श्रद्धाञ्जली, पृ. ५३)

प्रस्तुत कवितांशमा कवि भानुभक्त आचार्यप्रति श्रद्धा सुमन व्यक्त गर्दै उनको सम्झनामा पुष्प गुच्छा र खादा ओडाएर मात्र नहुने विचार राख्दै उनलाई सदा अमर राख्न उनका साहित्यिक सिर्जनाको जगेर्ना गर्ने खालका कार्यक्रमहरू अगाडि सार्नुपर्ने भाव व्यक्त गरिएको छ । नेपाली साहित्य यहाँसम्म आउदा कैले खुट्टा काटिएर अपाङ्ग भएको, कैले छन्दवादी, कैले गद्यात्मक रूपमा अगाडि बढिरहेको र अहिले आएर यसमा विभिन्न विकृति विसङ्गतिहरू भित्रदै गइरहेको प्रति कविहरू चिन्तित देखिएका छन् । यस्ता विभिन्न विकृतिहरूलाई साहित्यबाट हटाउन सबै साहित्यानुरागीहरू एक जुट भएर लाग्नु पार्ने भाव पनि व्यक्त भएको छ ।

नेपाली साहित्यको विकासमा भएका उदार चडावलाई यसरी देखाइएको छः

कैले साहित्यभाषा विपरित हुन गै भो अपाङ्गै सरिको
कैले यो छन्दवादी बनिकन कविका लेखनीमा दगुर्थ्यो
कैले यो गद्य शैली भइकन फिँजियो जोश खोज्दै युवामा
कैले "गौरी" पछ्याइ करुण रस दियो आइ आमा बुवामा ।

(विद्या 'निर्दोष', साहित्य र यसको अस्तित्व, पृ.४०)

**छ. स्थानीयताको चित्रण**

विभिन्न भावहरूलाई एकै ठाउँमा समेटेको **पाँचथरका नारी हस्ताक्षर- १** ले गाउँले परिवेश संस्कार संस्कृतिको वर्णन गर्नुका साथै विभिन्न धार्मिक, सांस्कृतिक, पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण रहेका स्थलहरूको वर्णन गर्दै स्थानीयताको चित्रण गरेको छ । पूर्वका स्रष्टाहरूले कवितामा पाँचथर र इलामका विभिन्न स्थानहरूको चर्चा गरेका छन् ।

पाँचथरको प्राकृतिक सुन्दरताको चित्रण गर्दै रानी गाउँ, जरायोटार, यासोक बजार आदि ठाउँको वर्णनसँगै हरियाली डाँडा काँडाले सुन्दर र मनमोहक देखिने ती ठाउँहरूमा विभिन्न फल फूलहरू जस्तै सुन्तला, कागती आदिका कारण झनै सुन्दरता थपेको कुरा कवितामा यसरी व्यक्त गरिएको छः

यासोक बजार रानी गाउँ अहालेको टार
यो मनमा उर्लिरहेछ विछोडको ज्वार
रानी गाउँ सम्मवारी सुन्तला ऐश्वर्याको खानी

रानी गाउँ सुन्तला र कागतीको खानी ।

(सीता खड्का, रानीगाउँको डाँडैडाँडा, पृ. ५४)

इलामको प्राकृतिक सुन्दरता र वातावरणको चित्रण गर्दै त्यहाँको प्राकृतिक सौन्दर्यताले सबैको मन हर्ने कुरा व्यक्त गरिएको छ । प्रकृतिको काखमा बसेर साहित्यिक सिर्जना गर्ने सर्जकहरूको साहित्यिक गतिविधिलाई बेला बेला हुने सांस्कृतिक, साहित्यिक, साङ्गितिक कार्यक्रमले झनै उचाइ थपेको कुरा वर्णन गर्दै इलाम महोत्सवले साहित्यकारहरूका मनमा थपेको उर्जा र सबैलाई एकै ठाउँमा उभ्याउन सहयोग गरेको कुरालाई पनि यस सङ्ग्रहका कविताले देखाएको छ । जस्तैः

ऐना हो मनको विशाल रचना साहित्य संसारको
पक्कै उत्सव हो इलाम गतिलो हाम्रो महायज्ञ हो
यसले के कति दिन्छ लाभ जनमा हाम्रा नयाँ पिढिँमा
पक्कै मर्दछ प्रेरणा रत हुने यै राष्ट्रकै निम्तिमा ॥

(विमला ढकाल, इलाम महोत्सव, पृ. ३६)

पूर्वी नेपाल विभिन्न धार्मिक र पर्यटकीय स्थलको धनी रहेको र यिनै स्थलहरूको चिनारी गरिएका कविताहरूले यस सङ्ग्रहमा स्थान पाएका छन् ।

**ज. विरह वेदना**

कवि खोलाघरे साहिँलोद्वारा सम्पादित **पाँचथरका नारी हस्ताक्षर - १** मा विभिन्न साहित्यिक सर्जकहरूले आ-आफ्नो मनोभावलाई कवितात्मक रूपमा वयान गरेका छन् । एउटै सङ्ग्रहमा धेरै विषयवस्तु अटाएको यस कृतिले समाजमा भएका विभिन्न घटनाक्रमले ल्याएको वितृष्णाको भाव देखि १२ वर्षे द्वन्द्वका क्रममा भएका घटनाहरूले पारेको चोटहरूलाई कारुणिक रूपमा उठाएको छ । युद्धले गर्दा कतिको मृत्यु भएको, कति घर परिवार छोडी टाढा वस्नु परेको, आफ्नो घरवार छोडेर भाग्नु परेको अवस्थाको वर्णन गर्दै धेरै मानिसहरू गाउँ छोडेर शहरतिर सुरक्षित वातावरणको खोजीमा लागेको कुरा कवितामा व्यक्त गरिएको छ । यसरी द्वन्द्वका क्रममा कतिको सिन्दूर पुछियो, कतिका काख रित्तिए, नेपाल आमा आशुँका धारा बर्साउदै रोइरहेको कारुणिक चित्रण कवितामा प्रस्तुत गरिएको छन् । जस्तैः

हेर आज सगरमाथा रोइरहेछ
बगाउँदै आसुँको धारा
नेपाल आमा रोएको देख्न सक्दैनन् साटा
सबै भन्दछन् शान्ति कहाँ गयो
शान्तिप्रिय देश आज अशान्तिले छायो
हिजो मात्र एक छोराको शीर कात्रोमा बेरियो रे
आजै फेरी अर्की छोरीको
सिन्दूर पुछियो रे ॥

(विजू साङ्पाङ्, नेपाल आमा, पृ. २८)

बाबा आमा गुमाएका शिशुको यो बजार भो
किशोरीहरूको स्युँधो अभिसप्त उजाड भो
ममतामय आमाका भाका निस्के विलापमा
वर्षौ तिनका बिते रोई आशा राख्दै मिलापमा ।

(जमुना 'जीवन', शान्तिको कामना, पृ. २२)

यस सङ्ग्रहका कविताहरू प्रायः युद्धले दिएका पीडाका भावमा सजिएका छन् । हेर्दा हेर्दै उजाड भएका काखहरू र एक्ला भएका चेलीहरूले रुँदै आफ्नो जिन्दगी बिताउनु परेको कुरा वर्णन गर्दै युद्धले धेरैलाई रुवाएको यसले कसैको पनि भलो नगर्ने भन्दै चाँडै यसको अन्त्यको चाहना राखेका छन् । युद्ध र द्वन्द्वबाट त्रसित जनताका कारुणिक आवाज बाहेक कवितामा नारी संवेदनालाई पनि देखाउने प्रयास गरिएको छ । विवाह पछि जन्मघर छोडेर जानुपर्ने कुरा उल्लेख गर्दै जन्मेर हुर्केको, माया र ममता बाँडेको घरलाई बिरानो बनाएर पराइघर आफ्नो बनाउदै त्यहीको खुसीमा जीवन निर्वाह गर्नुपर्ने छोरीको कर्म चै यस्तै रहेछ भनेर चित्त बुझाउनुपर्ने कारुणिक स्वर पनि यहाँ प्रस्तुत भएको छ । जस्तैः

जन्मेर हुर्क्यौं घरमा त्यही ममता बाँडेर
जानु छ आज जन्मेको घर बिरानो पारेर

आफन्त अरे त्यो को हो अर्कै टाढाको पराई

छोरीको कर्मै कस्तो हो कुन्नि कहन्छु सवाई ।

(विमला ढकाल, सम्झना - विवाह पछिको, पृ. ३७)

यसरी कतै द्वन्द्वको त्रासले त कतै सामाजिक, सांस्कृतिक बन्धनका चपेटामा परेका नारीहरूका संवेदनाले भरिएका कारुणिक स्वरहरूलाई स्रष्टाहरूले कविताका माध्यमबाट सबै पाठक सामु पुऱ्याएका छन् ।

### ४.४.३ संरचना

पाँचथरका साहित्यिक नारी स्रष्टाहरूलाई एकै थलोमा अटाउने प्रयास स्वरूप कवि खोलाघरे साहिँलोद्वारा सम्पादित **पाँचथरका नारी हस्ताक्षर - १** रचना सङ्ग्रहभित्र ६२ वटा कविताहरू रहेका छन् । प्रस्तुत सङ्ग्रहको १०६ पृ. मध्ये पृ. ७ देखि पृ. ५६सम्म विभिन्न पाँचथरे महिला सर्जकहरूका कविताहरू रहेका छन् । विविध विषयवस्तु विविध शैली र विविध श्रष्टाहरूको एकात्मक रूप **पाँचथरका नारी हस्ताक्षर - १** भित्र रहेका कवितामध्ये १६ वटा विभिन्न शास्त्रीय छन्दमा संरचित छन् भने बाँकि कविताहरू सरल गद्यात्मक लयमा रहेका छन् । अधिकांश कविताहरू सरल गद्यात्मक लयमा छन् । सङ्ग्रहमा सबैभन्दा लामो कविताको रूपमा विमला अधिकारीको गद्य कविता 'विस्थापित मान्छे' रहेको छ भने छोटा कविताको रूपमा कृष्णा भण्डारीको 'फेसन', झुमा सुवेदीको 'गर्नु छैन', विमला असफलको 'जिन्दगी' आदि शीर्षकका कविताहरू रहेका छन् । प्रायः कविताहरू १० देखि १५ हरफसम्ममा अटाएका छन् भने तुलनात्मक रूपमा केही कविताहरू ५०/६० हरफका पनि रहेका छन् । पूर्वी नेपालको पाँचथर जिल्लाका नारी स्रष्टाहरूलाई समेटिएको यसको शीर्षक **पाँचथरका नारी हस्ताक्षर - १** राखिएको छ । यसमा सङ्कलित कविताहरूमा एउटै सर्जकका ४/५ वटासम्म पनि रहेका छन् । गीता प्रसाईको 'नारीको जीवन'बाट थालनी भएको यो रचना सङ्ग्रहका कविताहरूको अन्त्य रेश्माको 'प्रदर्शन' शीर्षकको कविताबाट भएको छ । समाजमा घटेका सबै विषयवस्तुहरूलाई समेटिएका यस सङ्ग्रहका कविताहरूले मुख्य रूपमा नारी जीवन नारीहरूले सामना गर्नुपर्ने विभिन्न समस्याहरूलाई नै उजागर गरेको छ ।

### ४.४.४ भाषाशैली

कवि खोलघरे साहिँलोद्वारा पाँचथरका महिला सर्जकहरूका सिर्जना सङ्कलन गरी प्रकाशन गरेको **पाँचथरका नारी हस्ताक्षर - १** भित्रका कवितालाई भाषिक दृष्टिकोण हेर्दा सरल र सहज रूपमा लिन सकिन्छ । यस कृतिका प्रायः कविताहरू पाठकहरूले एकपटक पढ्दा सरल प्रकारले

बुझ्ने खालका छन् भने केही कविता अलि जटिल किसिमका छन् । सङ्ग्रहका 'विस्तापित मान्छे', 'भिडमा हराएको मान्छे', 'जिउँ जुवाको थोत्रे पुल', 'सगरमाथाले होचिन नपाएपछि', 'सुम्निमा' जस्ता कविताहरू भाषिक दृष्टिकोणले केही कसिलो रूपमा आएका छन् । जस्तैः

उनको शारीरिक रूप देखेर ठिटाहरू हाँसो उडाउँछन्
केटा केटीहरू चिच्याउँछन्
वृद्धहरू सुस्केरा हाल्दै लौरो अड्याउँछन्
तर उनी हाँस्दिनन् चिच्याउँदिनन्
उनी वेहोस छिन्
उनका शरिरका पाट पुर्जाहरू अङ्गहरू लगेर
विभिन्न समान बनाइँदैन ।

(दया रिजाल, जिउँ जुवाको थोत्रे पुल, पृ. २५)

यी केही बाहेक अरु कविताहरू स्रष्टाहरूका प्रारम्भिक रचना जस्ता देखिन्छन् भने कविताहरूको विषयवस्तु र भाषिक चयन खुकुलो देखिन्छ । सम्पूर्ण सर्जकहरू पूर्वी नेपालको भएकाले पूर्वेली भाषिकाको प्रयोग भेटिन्छ भने ग्रामीण भेगका नारीहरूले गर्नुपर्ने क्रियाकलापहरू जस्तै घाँस दाउरा, चुला चौका, डोको नाम्लो आदि जनजीवनमा प्रयोग भइरहने शब्दहरू धेरै जसो कवितामा पाइन्छ जस्तैः

संसार सानो रस राग घोली
गाई र भैंसी सँगका सहेली
यो दैनिकीमा मलको छ भारी
डोको र नाम्लो अति स्नेहकारी ।

(जमुना 'जीवन', नारी, पृ. २१)

सम्पूर्ण रचनाहरू नारीहरूका भएकाले पनि कवितामा कोमल र सरल शब्दहरूको प्रयोग भेटिन्छ । नारी संवेदनालाई भावुक ढङ्गले उठान गर्न खोजिएका यस सङ्ग्रहका कतिपय कविताहरूमा कारुणिकता झल्काउने प्रकारका शब्दहरू पनि प्रयोग भएका छन् ।

समग्रमा **पाँचथरका नारी हस्ताक्षर १** का कवितालाई अध्ययन गर्दा नारी हृदयका सुकोमल भावलाई कवितामार्फत् प्रस्तुत गरिएकोले प्रायः कविताहरू सरल, सहज र कारुणिक खालका छन् भने केही साहित्यमा खारिएका स्थापित रूपमा चिनिएका सर्जकहरूका कविताहरूमा गहन जटिल भाषाशैलीको प्रयोग भेटिन्छ । प्रायः गरी पद्य कविताहरू गद्य कविताको तुलनामा सरल रहेका देखिन्छन् ।

### ४.४.५ भाव वा विचार

कवि खोलाघरे साहिँलोद्वारा सम्पादित **पाँचथरका नारी हस्ताक्षर - १**लाई पाँचथरका महिला साहित्यकारहरूलाई नेपाली साहित्याकाशमा चिनाउन गरिएको प्रयास स्वरूप मान्न सकिन्छ । यसको शीर्षकबाट नै यसमा रहेका रचनाहरू कस्ता होलान् भन्ने अनुमान लगाउन सकिन्छ । ग्रामीण भेगका कुना कन्दरामा हराइरहेका नारी स्रष्टाहरूलाई साहित्यिक यात्रामा ल्याउने उनको यो कदम महत्त्वपूर्ण रहेको छ ।

प्रस्तुत रचना सङ्ग्रहभित्रका कविताहरूमा नारीहरूका दुःख, पीडा, छट्पटी, विरहवेदनाका स्वरहरूलाई कवितात्मक ढङ्गमा प्रस्तुत गरिएको छ । समाजमा देखिएका नारी र पुरुष बीचको विभेद, ठूला साना बीचको विभेद, धनी र गरिव बीचको विभेद आदि विषयवस्तुका साथै नारीले ग्रहण गनुपर्ने स्थान, विभिन्न भूमिकामा आफूलाई राख्नु पर्ने, छोरी, आमा, काकी, माइजू, भाउजू आदि सम्बन्धहरूमा रमाउनु पर्ने कुरालाई पनि कवितामा उठाइएको छ । कविताहरू नारी जीवन भोगाइका अनुभव अनुभूति, महिलाहरूले भोल्नुपरेका विविध समस्याहरूलाई चित्रण गर्न सफल देखिन्छन् भने केही कविताहरूले नारीभित्रको चाहना, हक र अधिकारको कुरालाई पनि उजागर गरेका छन् । नारी समस्या बाहेक देशका विविध अन्य गतिविधिले पनि कवितामा स्थान दिइएको छ । देशको राजनीतिक गतिविधिले आक्रान्त बनेका जनताका स्वरदेखि लिएर यसले फैलाएको अस्थिरता र प्रभावलाई पनि कविताले उठान गरेको छ ।

मूलतः यस सङ्ग्रहको मुख्य उद्देश्यका रूपमा ग्रामीण भेगमा लुकेर रहेका नारी आवाजहरूलाई नेपाली साहित्यको मूलधारमा उभ्याउने प्रयास स्वरूप मान्न सकिन्छ । विशेष रूपमा देशमा हुने विविध गतिविधिहरूले महिलाहरूलाई कस्तो प्रभाव पार्छ, यसमा नारीहरू कति सचेत छन् भन्ने कुरा यसले प्रष्ट पारेको देखिन्छ । नारी समस्या र समाधानको खोजी गर्दै महिला हक र अधिकारको पक्षमा अघि बढ्नेतर्फ अग्रसर हुन यस सङ्ग्रहका कविताले सबैलाई आह्वान गरेको देखिन्छ ।

### ४.४.६ छन्द विधान

विविध सर्जकहरू विविध विषयवस्तु र शैलीलाई एउटै सङ्ग्रहमा सङ्ग्रहित गरेका कवि खोलाघरे साहिँलोले पाँचथर जिल्लामा नारी स्रष्टाहरू कति साहित्यप्रति सक्रिय र सचेत छन् भन्ने कुरा यस सङ्ग्रहमार्फत् प्रष्ट पारेका छन् । गाउँ गाउँ गएर सबै क्षेत्रका महिलाहरूका रचनालाई समेटेर रचना गरिएको **पाँचथरका नारी हस्ताक्षर १** मा ६२ कविताहरूमध्ये १७ वटा विभिन्न शास्त्रीय छन्दमा रचिएका छन् भने बाँकी कविताहरू केही झ्याउरे लय, लोकलय र गद्यात्मक शैलीका छन् । यस सङ्ग्रहका कवितालाई अध्ययन गर्दा छन्दका कविताहरूमा कतै कतै छन्दका नियमहरूको पालना नभएको पनि देखिन्छ ।

प्रस्तुत **पाँचथरका नारी हस्ताक्षर - १** भित्र रहेका छन्दमा रचिएका कविताहरूको उदाहरणहरूमा :

**शार्दूलविक्रीडित**

पत्नी स्वर्गभए भने पतिहरू अर्को विहे गर्दछन्
पत्नी चाहिँ सधैं सधैं जुनभरी एक्लो अहो बन्दछिन्
नारीलाई समानता भनी यहाँ जस्तै फलाके पनि
त्यो लागु व्यवहारमा नगरिदा विश्वास क्वै छैन नि ॥

(गीता प्रसाइ ‘अनुप’, नारी जीवन, पृ. ७)

**उपजाती**

यौटी म नारी जननी बनेर
सन्तानमा स्नेह सधैं छरेर
छोरी र छोरा सम दृष्टि राखूँ
आदर्श आमा म बनेर बाँचु

(जमुना ‘जीवन’, नारी, पृ. २१)

**शिखरिणी**

कठै तिम्रो आधा शय पुगिसकेको तन त्यही

तथा आशा टाढा तिर पुगिसकेको दृण उनै
निशाले छोप्तै गो अतिशय बढ्यो राग मनमा
र धेरै वर्षायो दु:ख विपदका बोझ तनमा

(विद्या 'निर्दोषी', माया, पृ. ४१)

**अपरान्तिका**

कुर्सी मोहका सात झुण्डले
मिलन विन्दुका भाव जो दिए
अब नझुक्किउँ सत्य हैन त्यो
उठ युवाहरू लौ अबेर भो ।

(विद्या 'निर्दोषी', उठ युवाहरू, पृ. ४३)

यसरी विभिन्न शास्त्रीय छन्दका नियमहरूलई पनि सहजताका साथ प्रयोग गरिएका यस सङ्ग्रहमा लोकलयमा आधारित कविताहरू पनि रहेका छन् । जस्तै:

अन्याय पूर्ण नियम रै छ के गरौ छोरी म
पराइलाई सुसार गर्दा पाइन्न उम्कन
अर्काको घर समस्या परे सहेर सामना
गरेर हाँस्दै गुजार्नु पर्ने कस्तो यो चलन ॥

(विमला ढकाल, सम्झना विवाह पछिको, पृ. ३८)

धेरैजसो कविता शार्दूलविक्रीडित छन्दमा रहेका प्रस्तुत कृतिमा छन्दोबद्ध कविताहरू अलि सरल छन् भने गद्यात्मक कविताहरू स्वच्छन्द विचार र भावनामा अलि धेरै विस्तारित भएका देखिन्छन् ।

**४.४.७ निष्कर्ष**

कवि खोलाघरे साहिँलोले पूर्वी नेपालको पाँचथर जिल्लाका महिला साहित्यकारहरूलाई नेपाली साहित्यको मूल धारमा ल्याउने प्रयास स्वरूप **पाँचथरका नारी हस्ताक्षर - १** रचना सङ्ग्रह सम्पादन गरी पाठकमाझ ल्याएका छन् । एउटा जिल्ला भरिका महिला सर्जकहरूका मात्र रचना

सङ्कलन, सम्पादन गरी पुस्तककार रूप दिएका खोलाघरेले समाजमा हुने गरेका सबै गतिविधिले सजिएका रचनाहरूलाई यस कृतिमा समेटेका छन् ।

नेपाली समाजमा हरेक क्षेत्रमा महिलाको तुलनामा पुरुषहरूको बढी चर्चा हुने गरेको सन्दर्भमा देशको राजधानीदेखि निकै टाढा रहेको पाँचथर जिल्लाका पनि नारी सर्जकहरूका रचनालाई समेटेर ग्रामीण भेगका साहित्यिक गतिविधिलाई माथि उठाउने कार्य कवि खोलाघरेको निकै महत्त्वपूर्ण कार्य हो । यस्ता कार्यमा कवि सक्रिय पनि रहेका छन् । नारीहरूका विविध समस्याहरू समेटिएका यस सङ्ग्रहका कविताहरूमा नारी जीवन भोगाइका यथार्थ घटनाक्रम, समाजमा हुने गरेका विभिन्न भेदभाव, महिला र पुरुषमा हुने सामाजिक, सांस्कृतिक, आर्थिक विभेद आदिलाई उठान गरिएको छ भने देशको राजनीतिक गतिविधिलाई पनि निकै सचेततापूर्वक नियाली रचनाहरूमा प्रस्तुत गरिएको छ । तत्कालीन अवस्थामा देशमा चलेको द्वन्द्व, त्यसले पारेको प्रभाव, असर, राजनीतिक फेरवदल सत्तामोहमा झुम्मिएका नेताहरू र जनताले भोग्नुपरेका विविध अफठ्यारा परिस्थितिको चित्रण यस सङ्ग्रहमा भेटिन्छन् । जनताका विकास र अधिकारका पक्षमा लड्छौँ भन्नेहरू सत्तामा पुगेपछि अन्धा र बहिरा झैं भइदिदा जनताका आशाहरू सबै निराशामा परिणत भएको कुरा व्यक्त गर्दै पाँचथरे सर्जकहरूले यस्ता विविध घटनाहरूले देश उन्नति र प्रगतिको बाटोमा अघि बढ्न नसकेको कुरा प्रस्ट पारेका छन् ।

समग्र रूपमा **पाँचथरका नारी हस्ताक्षर - १** का कविताहरूको अध्ययन गर्दा यसका ६० वटा रचनाहरूमा फरक फरक विषयवस्तु भेट्न सकिन्छ । नारी जीवनका समस्या, सामाजिक समस्या, प्रेम, लोकतन्त्र, व्यक्तिगत समस्या, युद्ध, शान्ति, स्वाभिमान, राष्ट्रियता आदि धेरै विषयवस्तु यस सङ्ग्रहमा अटाएका छन् । विषयवस्तुलाई जसरी प्रस्तुत गरे पनि प्रायजसो कविताहरूले नारीहरूको जीवन भोगाइका पीडा बोध गर्दै विभिन्न समस्याहरूको चर्चा गर्दै आफ्नो हक र अधिकार प्राप्तिको निमित्त अब सबै महिला एक जुट हुनुपर्ने कुरालाई जोड दिएको पाइन्छ । यसका साथै देशमा चलेको हत्या हिंसा, राजनीतिक अस्थिरता, विदेशीहरूको हेपाहा प्रवृत्ति, नेताहरूको सत्ताको लुछाचुँडी आदिलाई देखाउँदै देशको स्वाभिमानको रक्षा गर्न तथा हाम्रा प्राकृतिक, सांस्कृतिक सम्पदाहरू र धरोहरहरूलाई बचाएर राष्ट्रियताको रक्षा गर्न सबै नेपालीहरू एकजुट भएर लाग्नुपर्ने कुरालाई पनि यस सङ्ग्रहले प्रष्ट पारेको छ । समाजमा भएका यी र यस्तै गतिविधिबाट चिन्तित **पाँचथरका नारी हस्ताक्षर - १** भित्र अटाएका कविताका स्रष्टाहरूको एउटै चाहना भेदभावरहित समुन्नत विकसित राष्ट्र नेपाललाई बनाउने र सबै क्षेत्रमा महिला पुरुष बराबर सहभागिता गराउँदै समुज्ज्वजल भविष्य निर्माण गर्ने रहेको छ ।

# पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

**खोलाघरे साहिँलोको कविता कृतिको अध्ययन** शीर्षक रहेको यस शोधपत्रमा पहिलो परिच्छेद शोध परिचय रहेको छ । यस भित्र विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधविधि जस्ता शीर्षक र सामग्री विश्लेषणका सैद्धान्तिक आधार जस्ता उपशीर्षकहरू प्रस्तुत गर्दै अन्त्यमा शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा कवि खोलाघरे साहिँलोको सङ्क्षिप्त परिचय रहेको छ । जसमा खोलाघरे साहिँलाको जन्म, बाल्यकाल, शिक्षादीक्षा, दाम्पत्य जीवन, लेखन थालनी, प्रेरणा र प्रभाव, पेसा र निष्कर्ष रहेका छन् ।

तेस्रो परिच्छेदमा कविताको सैद्धान्तिक परिचय प्रस्तुत गरिएको छ । जसअन्तर्गत कविताको चिनारी, कविताको परिभाषा, कविताका तत्त्वहरू शीर्षक रहेका छन् भने कविताका तत्त्वहरू संरचना, भावविचार, भाषाशैली, लय विधान, बिम्ब अलङ्कार विधान जस्ता उपशीर्षकमा चर्चा गरिएको छ ।

चौथो परिच्छेदमा कवि खेलाघरे साहिँलोका कवितात्मक मूल प्रवित्तिको चर्चासँगै उनका **आज एउटा जुलुस निस्किदैछ** (२०५७) कविता सङ्ग्रह, **सानो छन्दवाटिका** (२०६७), छन्द परिचय र कविता सङ्ग्रहको अध्ययन गरिएको छ भने कवि खोलाघरेद्वारा सम्पादित **पाँचथरका नारी हस्ताक्षर - १** (२०६४) रचना सङ्ग्रहका कविताहरूको अध्ययन गरिएको छ । मूल प्रवृत्तिअन्तर्गत राष्ट्रियता र देशभक्ति, यथार्थवादी चिन्तन, प्रगतिवादि क्रान्तिकारी चिन्तन, राजनीतिक चिन्तन, प्रणयमूलकता जस्ता उपशीर्षकहरू रहेका छन् । कविताहरूको अध्ययनको क्रममा संरचना, विषयवस्तु, भाव वा विचार, भाषाशैली, छन्द विधान र शीर्षकको चर्चा गरिएको छ । विषयवस्तुभित्र देशप्रेम, राजनीतिक चिन्तन, प्रकृति चित्रण, स्थानीयताको चित्रण, युगीन यथार्थ, प्रेमभाव, साहित्यकारहरूप्रति सम्मान भाव आदिको चर्चा गरिएको छ ।

पाँचौं परिच्छेदमा साराशं तथा निष्कर्ष रहेको छ ।

## ५.२ निष्कर्ष

वि. सं. २०१३ असार १३ गते पाँचथर जिल्लाको मौवा गा. वि. स. वडा नं. १ मा जन्मिएका खोलाघरे साहिँलो पिता मोहनलाल अधिकारी र माता मनोरमा अधिकारीका साहिँला छोरा हुन् । इन्द्रायणी प्रा. वि. मौवाबाट प्रारम्भिक शिक्षाको थालनी गरेका उनले विभिन्न बाधा व्यवधान पार गर्दै त्रि. वि. बाट नेपाली विषयमा एम. ए. र एकवर्षे वि. एड सम्मको अध्ययन गरेका छन् । उनको वास्तविक नाम गंगाराम अधिकारी रहेको भए पनि साहित्यिक क्षेत्रमा खोलाघरे साहिँलोको उपनामले नामले परिचित छन् । २०३२ सालमा विवाह बन्धनमा बाँधिएका खोलाघरे साहिँलोका दुई छोरा र एक छोरी रहेका छन् । विद्यार्थी जीवनदेखि नै कविता सिर्जना गरी साहित्यप्रति लोभिएका उनी वर्तमान समयमा दुर्गा मा. वि. रवि पाँचथरमा नेपाली अस्थाइ शिक्षकका रूपमा कार्यरत छन् ।

वि. सं. २०२९ तिर नेपाली छात्र संघ हरिद्वारको वार्षिक मुखपत्रमा 'गरिबको विलाप' शीर्षकको कविता लेखेर साहित्य लेखनमा लागेका कवि खोलाघरेका **आज एउटा जुलुस निस्किदैछ** (२०५७), कविता सङ्ग्रह, **सानो छन्द वाटिका** (२०६७), छन्द परिचय र कविता सङ्ग्रहहरू प्रकाशित छन् भने पाँचथरका महिला साहित्यकारहरूका रचनाहरू सम्पादन गरी **पाँचथरका नारी हस्ताक्षर - १** (२०६४) पनि प्रकाशित छ ।

नेपाली समाजका विविध गतिविधिहरूलाई समेटेर कविता रचना गरिएको कवि खोलाघरे साहिँलोको पहिलो कृति **आज एउटा जुलुस निस्किदैछ** (२०५७) मा वि. सं. २०४६ देखि २०५५ सम्मका ३० वटा कविताहरू सङ्ग्रहीत छन् । कवितामा विभिन्न विषयवस्तु अटाएका कविले प्रस्तुत सङ्ग्रहका कवितामार्फत् कतै राष्ट्रवादी स्वर उठाएका छन् भने कतै प्रकृतिका मनोरम दृश्यहरूको सुन्दर वर्णन गरेका छन् । उनका कविताहरूले सबै मानवलाई समान रूपमा हेरेका छन् । हत्या, हिंसा, विभेदजस्ता असमानतालाई हटाई विश्ववन्धुत्वको भावना फैलाउन कवि अग्रसर देखिन्छन् ।

कवि साहिँलोको दोस्रो कृति **सानो छन्द वाटिका** (२०६७) छन्दको पचिय सहितको कविता सङ्ग्रह हो । यसमा २७ वटा शास्त्रीय छन्दमा रचना गरिएका कविताहरू समावेश छन् । सङ्ग्रहका २७ वटै कविता भिन्न भिन्नै छन्दमा रचिएका छन् भने छन्दको परिचयलाई पनि कवितात्मक शैलीमा नै प्रस्तुत गरिएको छ । गाउँ, समाज र राष्ट्रका सबै पक्षलाई समेटेर लयवद्ध रूपमा वर्णन गरिएका यस कृतिका कवितामा कविले देशको तत्कालीन अवस्था, बाह्रवर्षे शसस्त्र द्वन्द्व र त्यसको प्रभाव, पीडाको वर्णन गर्नुका साथै हिमाल, पहाड, वन जङ्गल, पाखा पखेरा आदि प्राकृतिक छटाको सुन्दर वर्णन गरेका छन् ।

उनीद्वारा सम्पादित कृति **पाँचथरका नारी हस्ताक्षर - १** (२०६४) मा पाँचथर जिल्लाका महिला साहित्यकारका रचनाहरू मात्र रहेका छन् । राष्ट्रिय स्तरमा स्थापित कविहरूदेखि नयाँ प्रतिभाहरूलाई अटाएको यस सङ्ग्रहका कविताले नारीहरूका समस्या, नारीहरूप्रति हुने सामाजिक, सांस्कृतिक, आर्थिक विभेद जस्ता विषयवस्तु उठान गरेका छन् । प्रायः नारी समस्यामा मात्रै केन्द्रित प्रस्तुत सङ्ग्रहका कवितामा नारीहरूका विविध समस्याको वर्णनसँगै त्यसको विरोध गर्दै मुक्तिको आवाज पनि गुञ्जिएको पाइन्छ ।

नेपाली साहित्यको विकासक्रममा वि. सं. १९९१ देखि आधुनिक कालको सुरुवात भएको मानिन्छ । आधुनिक कालका स्वच्छन्दवादी, प्रगतिवादी, प्रयोगवादी धारा हुँदै वि. सं. २०३६ देखि यताको समयलाई समसामयिक धाराका रूपमा चिनिन्छ । कवि खोलाघरे साहिँलो नेपाली साहित्यको समसामयिक धारामा देखापरेका कवि हुन् । नेपाली जनजीवनका यथार्थ घटनाहरूलाई आफ्ना रचनामार्फत् व्यक्त गरेका उनका कवितामा देशका राजनीतिक, सामाजिक, सांस्कृतिक घटनाक्रमको जानकारी पाउन सकिन्छ । देशमा भएको विभिन्न आन्दोलनहरू र तिनीहरूले ल्याएको परिवर्तनसँगै द्वन्द्वको चपेटामा परेका नेपालीहरूको दुःख पीडाका स्वरहरू पनि कवितामा छन् । नेपाली कविताको समसामयिक धारामा देखापरेका कवि खोलाघरे यथार्थवादी कविका रूपमा परिचित छन् । साथै समाजमा भएका असमानता र विभेदको अन्त्य गरी देशको उन्नति र प्रगति चाहने कवि खोलाघरेका कवितामा प्रगतिवादी दृष्टिकोण पनि पाउँन सकिन्छ ।

गद्य र पद्य दुवै शैलीमा कविता रचना गरेका साहिँलोका रचनामा देशमा घटेका विभिन्न गतिविधिहरूको सुन्दर वर्णन पाइन्छ । समाजका यथार्थ घटनाहरूलाई जस्ताको तस्तै कवितामा प्रस्तुत गरेका कविले जीवन भोगाइका क्रममा देखेका, सुनेका क्रियाकलापलाई आफ्ना रचनामा उतारेका छन् । देशका राजनीतिक, सामाजिक, सांस्कृतिक गतिविधिलाई सरल ढङ्गले आफ्ना कवितामा प्रस्तुत गरेका कविले नेपालको अस्थिर राजनीति, नेताहरूको बानी व्यवहारदेखि लिएर संविधान निर्माण, देशमा चलेको बाह्र वर्षे द्वन्द्वको प्रभाव र जनताले पाएका पीडाका कुरा मुख्य रूपमा आएका छन् भने ग्रामीण भेगका समस्याहरू पनि कवितामा अटाएका छन् ।

समाजमा भएका सबै प्रकारका असमानता हटाई धनी गरिब, ठूला साना आदि नाममा हुने भेदभावको अन्त्यगरी सम्पूर्ण मानवलाई समान भावले हेर्ने कवि हत्या हिंसा हटाई विश्वबन्धुत्वको भावना फैलाउन अग्रसर देखिन्छन् । विदेशिको हस्तक्षेप र हेपाहा प्रवृतिको कडारूपले आलोचना गर्ने कवि खोलाघरेले भारतीय विस्तारवाद र अमेरिकी सामराज्यवादको पनि चर्को विरोध गरेका छन् ।

विविध विषयवस्तुलाई विविध शैलीमा समेट्ने क्रममा कतै राष्ट्रवादी स्वर घन्काएर देशको माटोको रक्षार्थ जीउ ज्यान दिने बलिदानी भाव व्यक्त गर्ने कवि कतै प्राकृतिक सुन्दरताको वयान गर्दै नेपाललाई स्वर्गसँग तुलना गर्न पुग्छन् । जीवन जगत्का विभिन्न पक्षलाई केलाउने कविले कतै आदर्श शिक्षक भएर देशमा शिक्षाको ज्योति फैल्याउने असल नागरिकको भूमिका निर्वाह गरेका छन् भने कतै जीवनलाई विसङ्गत रूपमा चित्रण गरेका छन् ।

समग्रमा उनका कविताले देशका विविध गतिविधि समेटेका छन् भने समाजका विकृति, विसङ्गति, विभेद दमन आदिको विरोध गर्दै सम्मुन्नत समाजको विगुल फुक्न सफल देखिएका छन् । देशका सामाजिक, राजनीतिक, आर्थिक आदि विविध विषयवस्तुहरूलाई कवितात्मक रूप दिई सरल, सहज र लयात्मक भाषाशैलीको प्रयोग गरी मिठासपूर्ण कविता रचना गर्न कवि खोलाघरे सफल देखिन्छन् ।

## सन्दर्भग्रन्थ सूची


अधिकारी, यसोधा. *कथाकार खोलाघरे साहिँलो.* **हिमालय टाइम्स.** (वैशाख ७, २०६४). पृ. ४ ।

क्षेत्री, भवानी. *मेरो शुभकामना पाँचथरका चेलीहरूलाई.* साहिँलो, खोलाघरे. **पाँचथरका नारी हस्ताक्षर - १**. (सम्पा). विराटनगरः अरनिको छापाखाना. २०६४ ।

गौतम, लक्ष्मणप्रसाद. **समकालीन नेपाली कविताका प्रवृत्ति**. काठमाडौंः पैरवी प्रकाशन. २०६६ ।

त्रिपाठी, वासुदेव र अन्य. **नेपाली कविता** भाग ४. पाँ. सं काठमाडौंः साझा प्रकाशन. २०६५ ।

थापा, मोहन हिमांशु. **साहित्य परिचय**. काठमाडौंः साझा प्रकाशन. २०६६ ।

निरौला, दुर्गा. *ऐजेरु र आगो कथा सङ्ग्रहको कृतिपरक अध्ययन.* अप्रकाशित स्नातक शोधपत्र. पिण्डेश्वर विद्यापिठ. धरान. २०६८ ।

पराशर, नरेन्द्र. *खोलाघरेको कथामा परिवेश.* **नयाँ पत्रिका**. (वैशाख १७, २०६८). पृ. ५ ।

बल, कृष्णभुषण. *प्रकाशकीय विचार. साहिँलो,* खोलाघरे. **सानो छन्द वाटिका.** विराटनगरः वाणी प्रकाशन. २०६७ ।

बस्नेत, वसन्त. *ऐजेरु र आगोको सेरोफेरोमा.* **नागरिक दैनिक**. (बैशाख ३, २०६८). पृ. ४ ।

लिङ्देन, उर्मिला. *खोलाघरे साहिँलोको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग. कीर्तिपुर. २०६५ ।

लुइटेल, खगेन्द्र. **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**. काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठान. २०६० ।

...., **नेपाली काव्य समालोचना**. काठमाडौंः पैरवी प्रकाशन. २०६७ ।

शुभेच्छुक, रमेश. *गंगाप्रसादको उपहार खोज्दा.* **सामना साप्ताहिक**. (असार ५, २०५८). पृ. ८ ।

साहिँलो, खोलाघरे. **आज एउटा जुलुस निस्किदैछ**. पाँचथरः छत्र छापाखाना. २०५७ ।

...., (सम्पा). **पाँचथरका नारी हस्ताक्षर - १**. विराटनगरः अरनिको छापाखाना. २०६४ ।

...., **सानो छन्द वाटिका**. विराटनगरः वाणी प्रकाशन. २०६७ ।